# खण्ड : एक

## १. शोध परिचय

### १.१. शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक “सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको अध्ययन” रहेको छ ।

### १.२. शोध प्रयोजन

शोधका विविध प्रयोजनहरु हुन्छन् । प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग अन्तरगत स्नातकोत्तर तह (एम.ए.) दोश्रो वर्षको पाठ्यांश नं. ५१० को पाठ्यभार पूरागर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

### १.३. शोध परिचय

प्रस्तुत शोध सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको अध्ययन विश्लेषण गरी त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग अन्तरगत स्नातकोत्तर तह (एम.ए.) दोश्रो वर्ष नेपाली विषयको पाठ्यभार पूरागर्ने प्रयोजनका लागि लेखन गरिएको छ । यस शोधको मुख्य विषयवस्तु सुर्खेत उपत्यकामा वसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिसँग सम्बन्धित भएकाले यहाँ वसोवास गर्ने दङ्गाली थारुको भाषा र संस्कृतिलाई केन्द्रविन्दु मानी सान्दर्भिक तवरले अधययन विश्लेषण गरिएको छ । यस शोधमा ५ वटा खण्ड रहेका छन् ।

### १.४. समस्या कथन

यस अध्ययनमा सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको अध्ययनका क्रममा निम्न समस्याहरु रहेका छन् -

१. आमरुपमा थारु भाषा र संस्कृतिको अवस्था के कस्तो छ ?

२. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृति के कस्तो छ ?

३. थारु जातिको भाषा र संस्कृति यथावत् छ वा लोप हुँदै गइरहेको छ ? भन्ने कुरा पहिल्याउन ।

४. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिका संस्कारहरु बारे जानकारी लिनु र विश्लेषण गर्नु ।

५. सारांश निष्कर्ष र सुझाव दिनु ।

## १.५. अध्ययनका उद्देश्यहरु

कुनै पनि योजना कार्यान्वयन पश्चात अपेक्षित प्रगतिलाई उद्देश्य भनिन्छ । समस्या कथनले शोधको उद्देश्यको दिशा निर्देश गर्दछ । शोध कार्य पश्चात् आशा गरिएको परिणामलाई शोधको उद्देश्य भनिन्छ । समस्या कथनमा उल्लेखित गरिएका समस्याहरुलाई नै उद्देश्यमा समेटिएको हुन्छ । उद्देश्यहरु विशिष्ट, अवलोकनीय, स्पष्ट, संक्षिप्त, मापनीय र वैज्ञानिक हुनु पर्दछ । उद्देश्यमा प्रयोग गरिने भाषा निश्चयात्मक हुनु पर्दछ ।

यस शोधका निम्न उद्देश्यहरु रहेका छन्-

१. थारु जातिको परिचय दिनु ।

२. थारु भाषाको परिचय दिनु ।

३. सुर्खेत उपत्यकाको परिचय दिनु ।

४. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको परिचय दिनु ।

५. सारांश, निष्कर्ष र सुझाव दिनु ।

## १.६. पूर्व कार्यको समीक्षा

सामान्यतया पहिले गरिएको कार्यलाई पूर्वकार्य भनिन्छ । सम्बन्धित विषयमा गरिएका पूर्व कार्यले पनि अध्ययन, अनुसन्धान गर्न प्रारम्भिक मार्ग दर्शन गर्दछन् । यस क्रममा थारु भाषा र संस्कृतिका बारेमा केन्द्रीय तहमा धेरै खोज अनुसन्धानहरु भएका छन् । धेरै लेखरचना तथा पुस्तकहरुबाट प्रशस्त कुराहरु बाहिर आएका छन् । यस शोधको क्षेत्र सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृति भित्र नै सीमित रहने हुनाले सुर्खेतमा भएका केही शोध खोजहरुलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

(क) वि.सं. २०५० सालमा शिवनारायण वि.सी.ले पि.एच.डी. प्रथम वर्षका लागि पेश गरेको शोध प्रस्तावमा सुर्खेतका थारु जाति र संस्कृतिका बारेमा निम्न कुराहरु लेखेको पाइन्छ -

- सुर्खेत उपत्यका भित्र रहेका ३ गाउँ विकास समिति र १ नगरपालिकामध्ये उत्तरगंगामा एक गा.वि.स.लाई मात्र समेटिएको ।
- थारु जातिको भाषालाई आंशिक रुपमा मात्र समेटिएको ।
- थारु संस्कृतिको बारेमा विशेष रुपमा विवाह पद्धतिलाई समेटिएको ।
- चाडपर्वका रुपमा विशेषगरी माघी, असार पन्ध्र र हरिशयनी एकादशीलाई मात्र समेटिएको ।
- थारु जातिको कलाक्षेत्रलाई सामान्य रुपमा दर्शाइएको ।

(ख) वि.सं. २०४९ मा कृष्णबहादुर खड्काले नेपाली विभाग अन्तरगत एम.एड. दोस्रो वर्षको नेपाली शिक्षण पाँचौ पत्रको आवश्यकता परिपूर्ति गर्न "सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण थारु भाषी विद्यार्थीहरुले नेपाली भाषामा गर्ने उच्चरणगत त्रुटिहरुको विश्लेषण" नामक शोध मार्फत निम्न निष्कर्ष निकालेको पाइन्छ -

- त र ट को उच्चारणमा क्रमशः त उच्चारण गर्दा ट को ध्वनि र ट उच्चारण गर्दा त को ध्वनि उच्चारण गर्ने अवस्था पाइएको ।
- उच्चारणमा जस्तो लेखाइमा फरक नहुने देखिएको ।
- वालवालिकाहरुले आफ्नो मातृभाषा बोल्दा सजिलै बोल्ने र नेपाली भाषा बोल्दा अप्ठ्यारो महशुस गरेको पाइयो ।
- नेपाली शब्द र अक्षर उच्चारण गर्न लगाउँदा लाज मान्ने गरेको पाइयो ।

(ग) वि.सं. २०५८ मा सुर्खेत उपत्यका भित्रका थारु जातिको भाषा र संस्कृतिको जगेर्ना गर्नका लागि पहिलो पत्रिका 'डैना बेबरी' (डैना र बेबरी नामका दुई थरी सुगन्धित फूल) थारु भाषामा प्रकाशित भएको थियो । जसको प्रकाशन थारु कल्याण कारिणी सभा सुर्खेतले गरेको थियो । त्यस पत्रिकाले थारु जातिको भाषा र संस्कृतिको पहिचानलाई समेटेको पाइन्छ ।

(घ) वि.सं. २०६०, २०६१ र २०६५ मा पनि थारु कल्याण कारिणी सभा सुर्खेतले 'डौना बेबरी' नामक पत्रिकामार्फत थारु जातिको भाषा र संस्कृतिको परिचय दिएको पाइन्छ । त्यसैगरी थारु विद्यार्थी समाजले पनि सोही डौना बेबरी पत्रिका मार्फत थारु जातिको भाषा र संस्कृतिलाई लेखक र पाठकबीच पुऱ्याउने कोशिश गरेको पाइन्छ ।

(ङ) वि.सं. २०६२ सालमा मानबहादुर चौधरी 'पन्ना' द्वारा लिखित "किसानको जिन्दगी" नामक खण्डकाव्य मार्फत पनि सुर्खेतका थारु जातिको भाषा र संस्कृतिलाई जगेर्ना गर्ने प्रयास गरेको पाइन्छ । यसै गरी अन्य स्थानीय पत्र-पत्रिका र रेडियोबाट पनि केही मात्रामा थारु भाषा र संस्कृतिलाई टेवा पुऱ्याउने खालका समाचारहरु प्रसारण भएको पाइन्छ । यस शोधबाट यी उपलब्ध तथ्यहरुबाहेक थप केही नयाँ खोज र अनुसन्धानलाई जोड दिइने छ भन्ने शोध कर्ताको अभिप्राय रहेको छ ।

यी माथिका स्रोतहरुबाट पनि यो शोध लेखनमा केही हदसम्म टेवा मिल्ने देखिन्छ । ती सहयोगहरुलाई निम्न लिखित बुँदाहरुमा उल्लेख गर्न सकिन्छ -

- शोध शीर्षक छनौट,
- शोध उद्देश्य निर्माण,
- समस्या कथन छनौट,
- अध्ययनको सीमा निर्धारण,
- शोध विधि र छनौट,
- सामग्री निर्माण तथा छनौट,
- शोध प्रस्ताव निर्माण सम्बन्धी सैद्धान्तिक ज्ञान,
- सन्दर्भ ग्रन्थ सूचीको उपयुक्त रखाई ।

## १.७. शोधको औचित्य र महत्व

शोध भन्नाले नयाँ तथ्य पत्ता लगाउन गरिने तर्कसङ्गत, व्यवस्थित र औपचारिक खोजी हो । शोध कार्य आफैमा एक कठिन कार्य हो । यसका लागि परिश्रम, खर्च र समय लगाउनु पर्ने हुन्छ । तर्कसङ्गत, व्यवस्थित र औपचारिक ढङ्गले गरिएको शोध आवश्य पनि उपयोगी, औचित्यपूर्ण र प्रभावकारी हुन्छ ।

प्रस्तुत शोध मूलतः त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तरगत एम.ए. नेपाली विषय दोश्रो वर्षको पाठ्यांश नं. ५१० को पाठ्यभार पूरा गर्ने उद्देशयले पूरा गरिएको हो । यस शोध प्रस्तावमा "सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृति बारेमा पूर्व कार्यको समीक्षा गर्दै यथासक्य बढी भन्दा बढी तथ्य परक

ढङ्गले यस सुर्खेत उपत्यका भित्रका थारु जातिको परिचय, भाषा, शिक्षा, स्वास्थ्य, घरधुरी संख्या, साक्षरता र असाक्षरताको स्थिति, चाडपर्व र संस्कार आदिको विश्लेषण गरिने हुनाले पक्कै पनि यसको उच्च महत्व र उपायोगी हुने कुरा प्रायः निश्चित छ । सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको बारेमा गरिने विश्लेषणात्मक अध्ययनले शिक्षक, विद्यार्थी, भाषाविद्, विभिन्न संघ-संस्था, थारु भाषा र संस्कृतिका अनुयायी, शोध कर्ता तथा भाषा विशेषज्ञहरुलाई समेत थोरै मात्रामा भए पनि यस शोधले सहयोग पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ । यस शोध कार्यले थारु भाषा र संस्कृतिको समेत जगेर्ना गर्न मद्दत गर्ने र सम्बन्धित भाषा भाषीलाई समेत टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

## १.८. अध्ययनको सीमा

अध्ययनलाई कति लम्वाई र साँघुरो बनाउने भन्ने कुरा सीमासँग सम्बन्धित हुन्छ । अध्ययनको सीमा निर्धारण गरी उक्त सीमाको परिधिभित्र रहेर सम्बन्धित विषयको अध्ययन गर्नु गराउनु पर्ने हुन्छ । अध्ययनको सीमालाई अध्ययनको लक्ष्मण रेखा भन्न सकिन्छ । जुन रेखालाई उलङ्घन गरी बाहिर जान खोजेको खण्डमा शोधको परिकल्पना विपरित हुन जाने वा महासागरको भुमरीमा मडारिन पुग्ने छ । तसर्थ अध्ययनको उद्देश्यलाई मध्यनजर गर्दै अध्ययनको सीमा निर्धारण गर्न आवश्यक हुन्छ । निश्चित परिधिभित्र बाँधिएर गरिएको अध्ययन बढी विश्वसनीय, बैध र आधिकारिक हुन्छ ।

यस अध्ययनका निम्न सीमाहरु हुनेछन् -

- थारु जाति, भाषा र संस्कृतिको अध्ययन,
- सुर्खेत उपत्यकाको परिचय, त्यहाँ बसोवास गर्ने थारु जाति, भाषा र संस्कृतिको अध्ययन,
- सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको संस्कारको अध्ययन,
- सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको चाडपर्वको अध्ययन,
- समग्रमा अध्ययनको विश्लेषण, निष्कर्ष र सुझाव ।

## १.९. शोध विधि

अध्ययन गर्दा प्रयोग गरिने विधिलाई शोध विधि भनिन्छ । यसका खास विधिहरु हुन्छन् । यी विधिहरुको उपयोग गरी कुनै पनि शोध कार्य गर्न सकिन्छ । शोधलाई व्यवस्थित र वैज्ञानिक बनाउने क्रममा सामान्यतया सामग्रीको संकलन, सामग्रीको व्यवस्था र विश्लेषण, सामग्रीको तुलना, मूल्याङ्कन, निष्कर्ष र सुझावहरु आदि क्रमबद्ध चरणको उपयोग गर्नुपर्ने हुन्छ । शोध विधिहरु विभिन्न प्रकारका हुन्छन् । तापनि एउटै शोधमा सबै विधिहरुको आवश्यकता नपर्न सक्छ । शोधको शीर्षक, प्रयोजन, उद्देश्य, शोध सामग्री, निर्देशकको सल्लाहआदिको आधारमा शोध विधिको छनौट गर्दा बाञ्छनीय हुन्छ ।

यो शोध पत्र सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको अध्ययन विश्लेषणमा आधारित हुने हुनाले यसमा विशेष रुपले विश्लेषणात्मक ऐतिहासिक, निगमनात्मक र अनुसन्धानात्मक विधिहरु प्रयोग गरिनेछ ।

## १.१०. तथ्याङ्कको श्रोत

यस शोध कार्यमा प्राथमिक र द्वितीय दुवै किसिमका तथ्याङ्कहरुको प्रयोग गरेर तयार पारिएको छ, जसलाई निम्न बमोजिम व्याख्या गरिएको छ -

### १.१०.१. प्राथमिक श्रोत

अध्ययनको प्राथमिक श्रोतको रुपमा भाषासँग सम्बन्धित पुस्तकहरु, थारु भाषासँग सम्बन्धित पुस्तकहरु, पत्र-पत्रिका, श्रोत व्यक्ति, अनुसन्धाता, शोधकर्ता आफैंले आवश्यक उपकरणको प्रयोग गरी आवश्यक ठाउँमा पुगेर अध्ययन वा अनुसन्धानका निम्ति संकलन गरेको सामग्रीलाई प्राथमिक श्रोतबाट संकलित सामग्री भनिन्छ ।

प्रस्तुत प्राथमिक श्रोतको रुपमा थारु भाषी शिक्षक, विद्यार्थी, पुराना बुढा-पाका थारु भाषी व्यक्ति, अन्य यस शोधसँग सम्बन्धित व्यक्ति तथा अध्ययन क्षेत्रका थारु जातिका व्यक्तिसँग लिइने अन्तरवार्ताका साथै प्रश्नावली प्रत्यक्ष सम्पर्क आदिलाई प्रयोग गरिने छ ।

### १.१०.२. द्वितीय श्रोत

अन्य व्यक्ति वा संस्थाले संकलन गरेका सामग्रीलाई द्वितीय श्रोतबाट संकलित सामग्री भनिन्छ । यस शोध कार्यमा द्वितीय श्रोतका रुपमा थारु भाषा र संस्कृतिसँग सम्बन्धित पुस्तक, लेख, रचना र अप्रकाशित प्रबन्धलाई समेत प्रयोग गरिने छ ।

## १.११. शोध पत्रको रुपरेखा

शोधमा कतिवटा खण्ड राख्ने, खण्डभित्र कतिवटा शीर्षक र उप-शीर्षक राख्ने भन्ने विषयमा केन्द्रित रहेर तयार पारिएको शोधको मोटामोटी आकृतिलाई शोधको रुपरेखा भन्न सकिन्छ ।

यस शोधको रुपरेखा निम्नानुसार राखिएको छ -

खण्ड एक : शोध परिचय

खण्ड दुई : भाषाको परिचयका साथै थारु भाषा र संस्कृतिको परिचय

खण्ड तीन : तथ्याङ्क संकलनका श्रोतहरु, उपकरणहरु र तथ्याङ्क संकलन विधि

खण्ड चार : निर्धारित थारु भाषा र संस्कृतिको विश्लेषणात्मक अध्ययन

खण्ड पाँच : सारांश, निष्कर्ष र सुझावहरु

## १.१२. कार्य योजना

यस शोध पत्रका निम्ति निम्नानुसार कार्य समय विभाजन गरिएको छ -

| | | |
|---|---|---|
| १. प्रारम्भिक अध्ययन | – | दुई हप्ता |
| २. तथ्याङ्क संकलनका निम्ति उपकरण निर्माण | – | दुई हप्ता |
| ३. तथ्याङ्क संकलन | – | दुई हप्ता |
| ४. विश्लेषण र व्याख्या | – | दुई हप्ता |
| ५. अन्तिम रुपको तयारी | – | चार हप्ता |
| **जम्मा** | – | **बाह्र हप्ता** |


# खण्ड : दुई

## २. थारु भाषा, जाति र संस्कृतिको परिचय


भाषा मानव सभ्यताको विकाससँगै विकसित भएको हो । मानवका आफ्ना सम्पूर्ण भावनाहरु भाषाका माध्यमबाट नै अभिव्यक्त हुन्छन् । मानवीय चाहना र परिस्थिति अनुसार भाषाको पनि विकास र परिवर्तन हुँदैजान्छ । भाषा गतिशील र परिवर्तनशील पनि हुन्छ । भाषाले गर्दा नै मानिसलाई सामाजिक प्राणीका रुपमा स्थापित गरेको छ । विद्वानहरुका मतानुसार विश्वमा चार हजार भन्दा बढी भाषाहरु बालिने गरिन्छ । प्रत्येक भाषा कुनै न कम जातीय जीवनभित्र निरन्तर रुपमा विकास हुँदै झाँगिदै जान्छ । कुनै पनि जातिको अस्तित्व उसको भाषा र संस्कृतिसँग गाँसिएको हुन्छ ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यहाँ भाषिक, जातीय, धार्मिक र सांस्कृतिक विविधता भए पनि आपसमा सबैको एकता भएको देश हो । यहाँ विभिन्न जातजाति बसोवास गर्दछन् । तीमध्ये बाहुन, क्षेत्री, ठकुरी, थकाली, नेवार, गुरुङ्ग, मगर, राउटे, थारु, राजी, शेर्पा, राई, कामी, दमाई, सार्की, वादी, चेपाङ्ग, दनुवार, सतार, धिमाल, कुमाल, बोटे आदि छन् ।

नेपालमा चार भाषा परिवारका भाषाहरु बोलिन्छन् । ती हुनः- भारोपेली, भोटबर्मेली, आग्नेय र द्रविडेली भाषा परिवार । यी चार भाषा परिवारमध्ये आग्नेली र द्रविडेली भाषा परिवारका वक्ता र भौगोलिक क्षेत्र तराईको सीमित क्षेत्र र वक्तामा सीमित रहेको पाइन्छ । नेपालमा भारोपेली भाषा परिवारको वक्ता संख्या र भौगोलिक क्षेत्र ज्यादै फराकिलो रहेको छ । यस परिवारभित्र नेपाली, मैथिली, भोजपुरी, थारु, अवधी, ताजपुरी, दनुवारी, दरै, कुमाल, माझी, बोटे, चुरेटी आदि भाषाहरु पर्दछन् । त्यसैगरी भोटबर्मेली भाषा परिवार अन्तरगत नेवारी, मगर, तामाङ, लिम्बू, गुरुङ्ग, शेर्पा, चेपाङ, थामी, धिमाल, राजी, थकाली, पहरी, लेप्चा, दुरा आदि पर्दछन् । यस परिवारका लगभग २० वटाभन्दा बढी भाषाहरु नेपालमा बोलिन्छन् । जसलाई तल चार्टमा उल्लेख गरिएको छ-




(बन्धु, २०५२:१८०)




(भुलाई चौधरी, थारु संस्कृति, २०६१, पृष्ठ २०)

यस आधारमा नेपालका भाषा परिवारको सामान्य परिचय दिंदै भारोपेली भाषा परिवार अन्तरगत नेपाली भाषाको छोटो चर्चा गर्नुका साथै थारु जातिको भाषा पनि भारोपेली परिवारभित्र पर्ने कुरालाई सङ्केत गरिएको छ ।

नेपाली भाषा भारोपेली परिवारको सतम् वर्गभित्र पर्ने भारत-इरानेली शाखाको आधुनिक आर्यभाषामध्ये एक हो । भारत-इरानेली शाखाको पहिलो चरण संस्कृत, दोश्रो चरण प्राकृत तथा अपभ्रंश र तेश्रो चरणको आधुनिक आर्य भाषाहरु तिनै प्राकृत र अपभ्रंशबाट विकसित भएका हुन् । त्यसैले नेपाली भाषा पनि आधुनिक आर्य भाषहरुमध्ये एक भएकाले यसको सम्बन्ध संस्कृत, प्राकृत र अपभ्रंशसँगै रहेको पाइन्छ । प्राकृत संस्कृतको कुन शाखाबाट नेपाली भाषा जन्मेको हो भन्ने विषयमा विद्वानहरुवीच मतभिन्नता रहेको छ ।

डा. जर्ज ग्रियर्सनले आधुनिक आर्य भाषाको विभाजन गर्दै नेपालीलाई आभ्यान्तर शाखाको पहाडी समुदायको पूर्वी पहाडी भाषा मानेका छन् (शर्मा र बराल, २०५९:२२) ।

नेपाली भाषा शौरसेनी प्राकृतलाई मूल मानेका छन् । संस्कृतको उदिच्य भेदबाट विकसित भएको भन्ने कुरामा केही शङ्का छैन (पोखरेल, २०५५:२२) ।

हर्नलले आधुनिक आर्य भाषालाई पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी गरी चार भागमा बाँडेर उत्तर गौडी अन्तरतग कुमाउनी, गढवाली र नेपाली आदि पहाडी भाषाहरुलाई राखेका छन् भने सुनितिकुमार चाटुर्ज्याले उदिच्य वर्गको उदिच्य खस अन्तरगत नेपाली र अन्य पहाडी भाषाहरुलाई समाविष्ट गरेका छन् (शर्मा र बराल, २०५९:२२) ।

यसरी विभिन्न विद्वानहरुका मतलाई केलाउँदा सबै विद्वानहरुले नेपाली भाषाको उत्पति शौरसेनी, पहाडी वा अपभ्रंशबाट भएको स्वीकारेका छन् । यी मध्ये कुन अपभ्रंशबाट नेपाली भाषाको जन्म भयो भन्ने सम्बन्धमा विद्वानहरुका आ-आफ्नै धारणा रहेका छन् तर धेरैजसो विद्वानहरुले खस अपभ्रंशबाट नेपाली भाषाको उत्पति भएको कुरा बताएका छन् । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने नेपाली भाषा खस प्राकृत हुँदै खस अपभ्रंशबाट एघारौं शताब्दीतिर जन्मिएको भारोपेली परिवारको भाषा हो ।

## २.२. थारु जातिको परिचय

थारु जाति बाहुन, क्षेत्री, गुरुङ्ग, मगर, राई, लिम्बु जस्तै एक जाति हो । यो जातिको पृष्ठभूमि केलाउँदा एक मेहनती जाति जसले तराइका समथर भू-भागमा बसी बाँझो पर्ती जग्गामा भएका साना बुट्यान र जङ्गलसँग संघर्ष गर्दै आफ्नो पेट भर्नका साथै अन्य मानवहरुलाई समेत पाल्ने काम गरेको पाइन्छ । थारु जातिको पुरानो पेशा भनेको कृषि नै हो । उनीहरु खेती किसानी गर्ने, गाईवस्तु पाल्ने काम गर्दछन् । तराईको बाँझो जमिन जोतखन गर्ने किसान थारु जाति हो तर आज उसँग खेती गर्ने जग्गा जमिन नभएर अर्काको घरमा कमैया

बसी गुजारा गर्नुपर्ने बाध्यता विद्यमान छ । थारु जातिको बसोवास पूर्व मेचीदेखि पश्चिम महाकालीका समथर भू-भाग तथा उत्तरतर्फको महाभारत पर्वतको फेदीसम्म भएको पाइन्छ । नेपालमा बसोवास गर्ने आदिवासी जनजातिमध्ये यो पनि एउटा आदिवासी जाति हो । तराईका उर्वर भूमिको संरक्षण गर्ने र जतिखेर तराइमा औलो लाग्ने गर्दथ्यो, अन्य जातिहरुको बसोवास तराईमा कम थियो, त्यतिखेर देखि नै थारु जातिले तराईलाई संरक्षण दिंदै अन्न उत्पादन गर्ने आफूले खाने र अरुलाई समेत पाल्ने काम गरेको थियो । त्यसैले पनि थारु जातिलाई नेपालको आदिवासी भन्न सकिन्छ । थारु जातिको भाषिक परिवार भारोपेली भएकाले यिनीहरुको मातृ भाषा पनि भारोपेली परिवारका अन्य भाषीका लिपिसँग मेलखाने खालको पाइन्छ । थारु जातिको भाषाको लिपि देवनागरिक लिपि भए पनि स्वरुप ठाउँ अनुसार पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म केही रुपमा फरक-फरक भएको पाइन्छ । यिनीहरु गहुँ गारो वर्णका हुन्छन् र कद मध्यम खालको अन्य जातिको जस्तै हुन्छ । थारु जातिहरु नेपालका आदिवासी हुन् वा कहीं अन्यत्रबाट आएका हुन् भन्ने बारेमा विभिन्न विद्वानहरुको आ-आफ्नै भनाइ पाइन्छ । तराईका २१ जिल्लाको मत सर्वेक्षणलाई दृष्टिगत गर्दा थारु जातिको जनसंख्या उल्लेख्य मात्रामा देखिनुले पनि थारु जातिको बसोवास धेरै वर्षदेखि नै नेपालमा भएको जानकारी हुन आउँछ । सन् २००१ को जनगणनाको तालिका निम्नानुसार तल प्रस्तुत गरिएको छ -

सन् २००१ को जनगणना अनुसार तराईका जिल्लाहरुमा बाहुल्यता भएका विभिन्न जातिहरु

| क.सं. | जिल्ला | जिल्लाको जनसंख्या | जातिहरु | जनसंख्या | प्रतिशत | जनजातिको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | झापा | ६,३३,०४२ | पहाडी बाहुन | १,५८,६९० | २५.१ | ३४.९ |
| | | | क्षेत्री | ९६,६४० | १५.३ | |
| | | | राजवंशी | ५८,०३४ | ९.२ | |
| | | | लिम्बु | ३६,६४० | ६.० | |
| | | | थारु | ६,९०० | १.६ | |
| २. | मोरङ | ८,४३,२२० | पहाडी बाहुन | १,०९,९८२ | १३.० | ३१.१. |
| | | | क्षेत्री | ९४,६३८ | ११.२ | |
| | | | थारु | ६३,६७३ | ७.६ | |
| | | | राइ | ४४,२६९ | ५.२ | |
| ३. | सुनसरी | ६,२५,६३३ | थारु | ८७,५२३ | १४.० | ३५.१ |
| | | | क्षेत्री | ५२,४५६ | ८.५ | |
| | | | पहाडी बाहुन | ४९,६५० | ७.९ | |
| ४. | उदयपुर | २,८७,६८९ | क्षेत्री | ६०,५७८ | २१.१ | ५५.३ |

| क.सं. | जिल्ला | जिल्लाको जनसंख्या | जातिहरु | जनसंख्या | प्रतिशत | जनजातिको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | राइ | ४७,१२८ | १६.४ | |
| | | | मगर | ३९,७२१ | १३.८ | |
| | | | थारु | २२,३२३ | ७.८ | |
| ५. | सप्तरी | ५,८०,२८२ | यादव (अहिर) | ९०,१०४ | १५.८ | |
| | | | थारु | ७३,१६१ | १२.८ | १५.० |
| | | | तेली | ४१,२९९ | ७.२ | |
| ६. | सिरहा | ५,६९,८८० | यादव (अहिर) | १,३७,६२२ | २४.२ | |
| | | | मुसहर | ३१,५१९ | ५.५ | |
| | | | कोइरी | ३१,४५३ | ५.५ | ९.७ |
| | | | थारु | २८,४९४ | ५.० | |
| ७. | धनुषा | ६,७१,३६४ | यादव (अहिर) | १,१७,९३८ | १७.६ | ५.५ |
| | | | केवट | ४१,५७० | ६.३२ | |
| | | | तेली | ३३,८५१ | ५.० | |
| | | | थारु | ४,०२८ | ०.६ | |
| ८. | महोत्तरी | ५,५३,४८१ | यादव (अहिर) | ८४,८३६ | १५.३ | ७.७ |
| | | | मधेशी बाहुन | ३६,२७० | ६.६ | |
| | | | धानुक | ३४,६६० | ६.३ | |
| | | | थारु | ८,८५५ | १.६ | |
| ९. | सर्लाही | ६,३५,७०१ | यादव (अहिर) | ९६,८१० | १५.२ | १५.२ |
| | | | कोइरी | ४९,३२४ | ७.८ | |
| | | | तामाङ् | ३३,७४० | ५.३ | |
| | | | थारु | २३,५२० | ३.७ | |
| १०. | रौतहट | ५,४५,१३२ | यादव (अहिर) | ६८,०८२ | १२.५ | १०.० |
| | | | तेली | ३०,१३५ | ५.५ | |
| | | | कुर्मी | ३०,९५७ | ५.७ | |
| | | | थारु | २७,२५६ | ५.० | |
| ११. | बारा | ५,५५,१३५ | थारु | ६३,२५९ | ११.३ | १८.२ |
| | | | यादव | ५८,३१२ | १०.४ | |
| | | | पहाडी बाहुन | २९,५६१ | ५.३ | |
| १२. | पर्सा | ४,९७,२१९ | थारु | ४०,९७० | ८.२ | १८.६ |
| | | | कुर्मी | ४०,७९६ | ८.० | |
| | | | यादव | ३१,६९० | ६.४ | |
| १३. | चितवन | ४,७२,०४८ | पहाडी बाहुन | १,३७,३७४ | २९.३ | ४५.९ |
| | | | क्षेत्री | ५१,६८५ | ११.० | |
| | | | थारु | ६०,१२१ | १२.७ | |
| | | | तामाङ् | ३४,७३७ | ७.४ | |
| १४. | नवलपरासी | ५,६२,८७० | मगर | ९६,८८१ | १७.२ | ४२.६ |
| | | | पहाडी बाहुन | ९४,८९५ | १६.९ | |

| क.सं. | जिल्ला | जिल्लाको जनसंख्या | जातिहरु | जनसंख्या | प्रतिशत | जनजातिको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | थारु | ९२,७७९ | १६.५ | |
| | | | क्षेत्री | ३२,००० | ५.६ | |
| १५. | रुपन्देही | ७,०८,४१९ | पहाडी बाहुन | १,०७,६४३ | १५.२ | २४.७ |
| | | | थारु | ७०,८८८ | १०.६ | |
| | | | मगर | ६२,२४८ | ८.८ | |
| १६. | कपिलवस्तु | ४,८१,९७६ | थारु | ६०,५७४ | १२.६ | १४.७ |
| | | | यादव | ४६,५८७ | ९.२ | |
| | | | पहाडी बाहुन | ४०,४३८ | ८.४ | |
| १७. | दाङ्ग | ४,६२,३८० | थारु | १,४७,३२८ | ३१.९ | ४५.६ |
| | | | क्षेत्री | १,०५,१४६ | २२.७ | |
| | | | मगर | ५५,७११ | १२.० | |
| | | | पहाडी बाहुन | ४९,००६ | १०.८ | |
| १८. | बाँके | ३,८५,८४० | थारु | ६३,३४४ | १६.४ | २४.८ |
| | | | क्षेत्री | ४७,४६६ | १२.३ | |
| | | | पहाडी बाहुन | २२,९७७ | ६.० | |
| १९. | बर्दिया | ३,८२,६४९ | थारु | २,०१,२७६ | १६.४ | ५८.२ |
| | | | क्षेत्री | ४७,४६६ | १२.३ | |
| | | | पहाडी बाहुन | ३६,१६३ | ९.४ | |
| | | | कामी | १२,८७५ | ३.४ | |
| २०. | कैलाली | ६,१६,६९६ | थारु | २,६९,५२१ | ४३.७ | ५४.९ |
| | | | क्षेत्री | १,०७,३९८ | १७.४ | |
| | | | पहाडी बाहुन | ६६,१९७ | १०.७ | |
| | | | कामी | ३८,३०१ | ६.२ | |
| २१. | कञ्चनपुर | ३,७७,८९९ | क्षेत्री | १,०२,७१३ | २७.२ | ३२.५ |
| | | | थारु | ८८,१५५ | २३.३ | |
| | | | पहाडी बाहुन | ५८,२३६ | १५.४ | |
| | | | कामी | १८,८४० | ७.८ | |

स्रोतः थारु संस्कृति, २०६५, जेष्ठ, अङ्क २२

माथिको सन् २००१ को जनगणनाअनुसार तराईका २१ वटै जिल्लामा धेर-थोर मात्रामा भएको बसोवासले पनि थारु जातिको वसोवास क्षेत्र तराई भएको देखिन्छ भने अर्कोतर्फ तराईका सबै जिल्लामा देखिएको बसोवासले नेपालका आदिवासी जनजातिका रुपमा पनि थारु जातिले प्रसिद्ध पाएको देखिन्छ । यसैगरी अन्य पहाडी जिल्लाहरु सुर्खेत सहित जम्मा २४ जिल्लामा थारु जातिको बसोवास भएको पाइन्छ भने माथि उल्लेख गरिए अनुसार २१ वटा जिल्लाको तथ्याङ्क प्राप्त भएको र सुर्खेतबाट प्राप्त मिति २०६५ को 'डौनाबाबरी' पत्रिकामा

उल्लेख भए अनुसार माथिका लगायत सुर्खेत सहित २४ जिल्लामा थारु जातिको बसोवास भएको पाइन्छ ।

नेपालका थारु जातिको बसोवास पुरानै नेपाल हो या कहीबाट यिनीहरुको आगमन भएको भन्ने बारेमा आएका विभिन्न मतहरु क्रमशः तल उल्लेख गरिन्छ ।

थारुहरुको उत्पतिका बारेमा विभिन्न मतहरु पाइन्छन् । कतिले उत्तर दक्षिण भारतको थार मरुभूमिबाट आएको मानेका छन् ।

१. प्रो. डोरबहादुर विष्टका भनाइमा "बाह्रौं शताब्दीमा मुहम्मद गोरी धोरीको हमलापछि बसोवास, धार्मिक परम्परा तथा जीवनशैली नै भताभुङ्ग भएकाले मधेश छोडी भागेर पहाड पसेका माथिल्ला जातका केही हिन्दूहरुको सम्पर्कमा आएपछि मात्र कर्णाली प्रदेशका खसहरुमा हिन्दू धर्म जात भएको चलन पसेको हो । त्यही मुसलमानको आक्रमणबाट बच्न आइमाइहरु आफ्ना नोकरहरुसाथ पहाड पसे उनीसँगै विवाह पनि गरे । त्यही वंश थारु वंश मान्न थालेको भनाइ छ । [१]

२. एस.के. श्रीवास्तवको भनाइ अनुसार थारुहरुको मध्यम कद छ । सोझो कपाल, मंगोलियन आँखा, धेरैजसो गहुँगोरो रङ्गको आधारमा यिनीहरु मङ्गोलहरु हुन भन्ने विश्वास लिएका छन् । [२]

३. कोही राजस्थानको थार मरुभूमिबाट आएको हुनाले यिनीहरुलाई थारु भनिएको हो भन्छन् । [३]

४. जनकलाल शर्मा "जुन समयमा बृजी गणतन्त्रले यसको कपिलवस्तु हाराहारीमा दक्षिणमा पूवैदेखि पश्चिमसम्म करिव ८०० माइल लम्बाइ क्षेत्रमा आफ्नो जग बसाएको थियो र जसको राजधानी पहिले बैशालीमा कामय थियो । यसै समयमा

---

[१] सबै जातका फूलबारी २०४९, २३ प्रो. डोरबहादुर विष्ट ।

[२] एस.के. श्री वास्तव दी थारुज ए स्टडी इन कल्चरल डायनामि आग्रा ई.सं. १९५८,१५ ।

[३] मेचीदेखि महाकाली चौथो भाग नेपाल सरकारको सूचना विभाग, २०३१, ९४१ ।

भगवान बुद्धको जन्म लुम्बिनी वा कपिलवस्तु तिर बस्ने शाक्य वंशको उदयमा पनि कम बोलवाला थिएन, त्यही शाक्य वंश आजको थारु जाति हो । [१]

५. कैसरबहादुर के.सी. (१९९७) अनुसार हाम्रा आधिकारिक अभिलेखहरुबाट देखिन्छ कि माया आफ्नी बहिनी प्रजापति (जसलाई प्रभावती र गौतमी पनि भनिन्छ) साथ लिएर गर्भधारण गरेको सातौं महिनामा माइत गइन् जुन चलन थारु समाजमा अहिले पनि प्रचलित छ ।[२]

६. आर.पी. सिंह (१९९८) अनुसार थारुहरु मंगोल मूलकका आर्यपूर्वका हुन् । उनीहरुको मूल उत्पति थलो नेपालको कपिलवस्तु जिल्ला हो र उनीहरु नेपालको पूरै तराइ भित्री मधेश भारतका उत्तर प्रदेश र बंगालका सीमावर्ती जिल्लाहरुमा बसिरहेका छन् । उनीहरु शाक्य वंशका अवशेष हुन् ।[३]

७. पदम श्रेष्ठकाअनुसार गौतम बुद्ध थारु जातिका मंगोलियन तराइ क्षेत्रका आदिवासी हुन र थारु समाजकै पर्याय शाक्य जाति पनि हुन् । राजा सम्राट अशोक समेत थारु हुन् ।[४]

८. मीस रेहना सैयदका अनुसार बुद्धकी आमा मायादेवीको खुट्टाको कडा तराइका थारु महिलाले लगाउने कडा जस्तै थियो ।[५]

९. डा. दोर्णप्रसाद रजारियाका अनुसार Migration (बसाईं सराइ) यिनीहरुको मुख्य विषय हो । केही वर्ष विराएर यो जाति बस्ती सरिरहन्छ । त्यसैले पक्की घर र राम्रो

---

[१] जनकलाल शर्मा र कृष्णबम मल्ल राप्ती उपत्यका, प्रथम संस्करण नेपाल भारत मैत्री संघ कान्तिपुर २०४१, २० ।

[२] कैसरबहादुर के.सी. दीजुडिसेपल कस्टम्स अफ नेपाल, रत्न पुस्तक मण्डप, दोस्रो संस्कर सन् १९७१।

[३] आर.पी. सिंह, द रियल स्टोरी अफ द थारुज, सन् १९८८

[४] पदम श्रेष्ठ, थारु र शाक्य दुवै गौतम बुद्धका नश्ल, नेपाल समाचार पत्र मंसिर ३०, वि.सं. २०५७

[५] मीस रेहना सैयद, तत्कालिन श्री ५ को सरकार पुरातत्व विग, नेपाल लिच्छवि आर्ट अफ नेपाल, भोल्यूम ४०, च्याप्टर ३, पेज नं. ५ ।

जग्गा तिनीहरुको छैन र हुँदैन पनि । अरुको अधियाँ, बटैया वाली लगाएर डुलुवा जीवनका रुपमा विताएका छन् । आखिर यी पनि हुन त नेपाली नै हुन् । [1]

१०.तराइ भागमा थारु जातिको बसोबास छ । पश्चिममा नैनिताल, पूर्वमा दरभङ्गा जिल्लाको उत्तरसम्म पहाडको फेदीमा यही जातिको प्रधानता छ । यो जातिको अनुहार देख्ने वित्तिकै छेउ छाउका मानिस भन्दा बेग्लै उत्तरी पहाडमा बस्ने जातिसँग सम्बन्ध राख्ने थाहा हुन्छ । यिनीहरुको रङ गहुँगोरो हुन्छ । कहीं कहीं थारु जाति गोरा पनि हुन्छन् । [2]

भारतको चम्पारन र मुजफरपुर जिल्लाका उत्तरमा बस्ने थारु जातिको भेद र पदवी विभाजन यस प्रकार गरिएको पाइन्छ -

| भेद | पदवी | भेद | पदवी |
|---|---|---|---|
| बाँतर | महतो | महाउत | राउत |
| चितबनिया | महतो | माझीअउर | माझी |
| गठबरिया | महतो | गोरत | महतो |
| रबबसिया | दिसवाह | फलफटा | जोथ |
| रउतार | महतो | कुन्हाउ | राना |
| नम्पोछा | महतो | मर्दनीय | मार्द |
| कोचिला | रवाब | खउह | महतो |

नेपालमा बसोवास गर्ने थारु जातिका थरहरु अनेक छन् । जसमध्ये केही नमूनाका लागि यहाँ प्रस्तुत गरिन्छ –[3]

| | | | |
|---|---|---|---|
| १. कठरिया | १३. जोगी | २५. बोक्सा | ३७. राजहानीया |
| २. कनफटा | १४. डंगरिया | २६. बोट | ३८. राना |
| ३. कोचिला | १५. ताबदार | २७. भगत | ३९. राजी |
| ४. खरल | १६. थन्दाइ | २८. भोटगमिया | ४०. रौतार |
| ५. खवास | १७. दुनवार | २९. मझौरा | ४१. लम्पुछवा |
| ६. खस | १८. दंगौरा | ३०. मर्दनीयाँ | ४२. लालपुरीया |
| ७. खाँ | १९. दाङबर्दिया | ३१. महन्त | ४३. विश्वास |
| ८. खुनाहा | २०. पाहीर | ३२. महाउतो | ४४. सरदार |
| ९. खौसिफ | २१. बर्दिया | ३३. माझी | ४५. सुनाहा |
| १०. गच्छेदार | २२. बहन्थ | ३४. मोरिङ्गया | ४६. सोलरीया |
| ११. चितौनिया | २३. बाँठ | ३५. रझणीया | ४७. हेमलजीया |

[1] दोर्णप्रसाद रजौरीय, सन् १९७७, देउखुरीका थारुहरु ।

[2] राहुल सांस्कृत्यायन, पुरातत्व निबन्धावली, दोश्रो संस्करण इलाहावाद, किताव महल, इसं. १९५८,९४ ।

[3] थारु संस्कृति २०६५, जेठ, अङ्क २२ ।

१२. चौधरी	२४. बातर	३६. राजधरीया

थारु जातिका बारेमा विभिन्न विद्वानहरुका आ-आफ्नै मत कायम रहेतापनि विभिन्न तथ्यहरुलाई हेर्दा यो जाति नेपाल आउनु पूर्व भारतका विभिन्न ठाउँमा रहेको पाइन्छ । धेरै समय पहिले नेपालका तराई भू-भाग खाली अवस्थामा रहेकाले उनीहरु नेपाल आइबसेको कुरा अनुमान गर्न सकिन्छ । साथै वर्तमानमा थारु जातिहरु तराईका २१ र अन्य ३ जिल्ला गरी २४ वटा जिल्लामा वर्तमानमा बसोवास गरेकाले पनि यिनीहरुको आगमन भारतको भू-भागबाट भएको सहजै अनुमान गर्न सकिन्छ ।

अर्को कुरा थारु जातिलाई फिरन्ते जातिका रुपमा पनि नामाकरण गरेको पाइयो । त्यो उनीहरुको रहर नभई बाध्यता हुन सक्छ । वर्तमान अवस्थामा नेपालका तराई क्षेत्रमा धेरै जसोको आफ्नै स्थायी घरबार र केही रुपमा सरकारी तथा गैरसरकारी तहमा रोजगार गरी जीवनयापन गर्ने इमान्दार जातिका रुपमा समेत थारु जाति परिचित छन् । थारु जातिका पनि विभिन्न भेदहरु पाइन्छन् । पूर्वमा झापा, मोरङ, सुनसरीतिर बस्ने पूर्वीया, दाङ, बाँके, सुर्खेतमा बस्ने दगौरा र बाँकेका केही र बर्दियाका देसुवा तथा कैलाली, कञ्चनपुरतर्फका थारु जातिलाई राना थारु भनी नामाकरण वा विभाजन गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा थारु जाति नेपालका आदिवासी हुन् । यिनीहरु केही रुपमा सरकारी, गैर-सरकारी नोकरी, खेती किसानी गरी आत्म निर्भर भएका छन् भने केही तराईमा कमैयाका रुपमा जीवन बिताउन बाध्य छन् । यो जाति नेपालको आदिवासी भएकाले नेपाल निर्माणमा यिनको अमूल्य भूमिका रहेको छ र नेपाल सरकारले यिनका समस्याहरुका बारेमा दृष्टि दिनु आवश्यक देखिन्छ ।

## २.३. थारु भाषाको परिचय

भाषा विचार विनिमयको शसक्त माध्यम हो । यसले मानव मनभित्र भएका भावनाहरुलाई अर्को व्यक्ति सामु प्रस्तुत गर्न मद्दत गर्दछ । जुनसुकै जातिको आफ्नो बोलचालको भाषा हुन्छ । जसलाई कथ्य भाषा भनिन्छ । बोलचालको भाषा र लेख्य भाषाको प्रारुप केही फरक पनि हुन सक्दछ । त्यस्तै गरी थारु जातिको पनि आफ्नै मौलिक भाषा छ जसलाई आफ्ना जातिका बिचमा प्रयोग गरिन्छ भने अन्य जातिका व्यक्तिहरुसँग थारुहरुले नेपाली भाषाको प्रयोग गर्दछन् ।

जुनसुकै भाषाको पनि आफ्नो इतिहास हुने गर्दछ । भाषा जन्मकालदेखि धेरै समय पछिसम्म एकै नासको नहुन सक्दछ । भाषा समय र ठाउँ अनुसार वा वक्ताको अर्को

वक्तासँगको हेलमेलले पनि केही फरक हुन सक्दछ । त्यस्तै थारु भाषाको पनि आफ्नै इतिहास हुन्छसक्छ र हाल धेरै ठाउँमा बस्ने थारुजातिको भाषामा ठाउँपिच्छे केही रुपमा भाषिक भेद हुन सक्ने देखिन्छ ।

थारु भाषाका बारेमा विभिन्न विद्वानहरुले आ-आफ्ना मतहरु व्यक्त गरेका पाइन्छन् । ती निम्न छन्-

१. मेटमणि चौधरीका अनुसार – कालको दृष्टिकोणसे थारु भाषाहे चार खण्डमे छुट्ट-छुट्ट कैके हेरे सक्जाइथ भन्दै थारु भाषालाई ऐतिहासिक रुपले चार काल खण्डमा बाँडेर हेरेको कुरा बताउँछन्-

**(क) महाप्राचीन काल**

ई.पू. १५०० वर्ष पहिलेको समयलाई भनिन्छ । अर्थात उत्तरी भारतीय प्रायद्वीपमा आर्य आउनु भन्दा पहिले त्यहाँ स्थानीय भाषा थियो । त्यो भाषा प्राकृत र वातावरणसँग सम्बन्धित थियो । आफ्नो अनुकुलको लागि भाषाको विकास भयो । जसलाई (देशी भाषा) स्थानीय भाषा भनियो । पछि आर्य जाति भारतको उत्तर प्रायद्वीपमा प्रवेश गरे तव विस्तार विस्तार (देशी) स्थानीय भाषा हराउँदै गयो ।

**(ख) प्राचीन काल**

ई.पू. १५०० तिरको समयलाई प्राचिन काल भनियो । त्यस समयमा भारतको उत्तर प्रायद्वीपमा आर्यभाषा (वैदिक) लिएर आयो । आर्य भाषाको महान् ग्रन्थ ऋगवेद यही भाषामा लेखियो । स्थानीय भाषा र आर्य भाषा दुवै बोल्न थालियो । आफ्नो भाषा रक्षाका लागि वैदिक व्याकरण समेत तयार हुन थाल्यो । सो व्याकरण सबैले ग्रहण गर्न गाह्रो भयो । गौतम बुद्धको पालामा यो भाषालाई (पाली) भाषा भनियो ।

**(ग) मध्यकाल**

ई.पू. ५०० यस समयमा आर्य भाषा र स्थानीय भाषाको संयोजन भएर अर्को भाषाको विकास भयो । जसको नाम (पाली) रह्यो । पाली भाषा पनि तीन भागमा बाँडियो । प्रथम प्राकृत (पाली), दोश्रो प्राकृत (पाली), तेश्रो प्राकृत (पाली) । यस अवधिमा शौरसेनी प्राकृत, मागधी प्राकृत, अर्ध मागधी प्राकृत र महाराष्ट्री प्राकृत यी भाषाहरु देखा परे ।

(घ) **आधुनिक काल**

ई.सं. १००० पछि प्राकृत अपभ्रंश हुँदै अनेक किसिमका आधुनिक भाषा बने । हाल आधुनिक भाषा मैथिली, भाजपुरी, अवधि, बंगाली, हिन्दी, थरुहट, नेपाली छन् । देशी (स्थानीय) भाषाबाट थरुहट वा थरुहटबाट आधुनिक भाषाको रुपमा थारु भाषाको विकास भएको हो । [१]

२. थारु जातिको आफ्नै भाषा छ । उनीहरु के खान्छन्, कहाँ जान्छन् आदि भन्नु परेमा आफ्नै भाषाको प्रयोग गर्दछन् । उनीहरु नेपाली भाषा पनि राम्ररी बुझ्दछन् । पहाडी बस्तीले मिच्दै ल्याएकोले अब दिन प्रतिदिन थारुहरुले पनि नेपाली भाषा पनि बुझ्न थाले । अन्य जातिसँग कुरा गर्नुपरेमा नेपाली भाषामा नै गर्दछन् । [२]

| **नेपाली भाषा** | **थारु भाषा** |
|---|---|
| तिम्रो | टुहार |
| हाम्रो | हमार |
| कहाँ | कहोर |
| माछा | मछली |

३. गोपाल दहितका अनुसार - थारु समुदायमा परापूर्वकाल देखि बोलिने भाषालाई थारु भाषा भनिन्छ । अर्थात थारुहरुको मातृभाषा ९:यतजभच त्यलनगभ० थारु भाषा हो । नेपालको पूर्वमेचि देखि पश्चिम महाकालीसम्म बोलिने थारु भाषामा केही अन्तर पाइन्छ तर तात्विक अन्तर भने पाइदैन । यस भाषामा प्रोग गरिने नाम, सर्वनाम, विशेषण, क्रियाको मूलरुप आदि शब्दमा एकरुपता पाइन्छ तर क्रियाको रुप चलाउने बेलामा भने केही फरक पाइन्छ । अझ नजिकबाट हेर्ने हो भने रुपन्देही, कपिलवस्तु, नवलपरासी, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा बोलिने थारु भाषामा ज्यादा निकटता रहेको पाइन्छ । यसै गरी बारा, पर्सा र चितवनमा बोलिने भाषामा सामिप्यता भए जस्तै सो भन्दा पूर्वका जिल्लाहरुमा बोलिने थारु भाषामा सामिप्यता पाइन्छ । थारु भाषामा अन्य भाषाको प्रभावलाई लिने हो भने खासगरी पूर्वमा मैधौली भाषाको प्रभाव, बारा, पर्सातिर भोजपुरी र पशिचम खण्डमा अवधी भाषाको प्रभाव देखिन्छ तर जे भए पनि लाखौं लाखको संख्यामा रहेका थारुहरुले

---

[१]मासिक वर्ष -४, अङ्क ६, पूर्णङ्क १३ माघ/फागुन, २०६४, थारु सम्वत २६३१ ।

[२] पिछडिएका जाति तथा जनजातिको अध्ययन नेपाल सरकार श्रम तथा सामाजिक मन्त्रालय सिंहदरबार, २०४९ ।

बोल्ने थारु भाषाको आफ्नो छुट्टै पहिचान र अस्तित्व रहेको छ । थारु भाषा ज्यादै नरम र सुसंस्कृत छ । थारु भाषा अरु कुनै भाषाको भाषिका कदापि होइन । थारु भाषा एक पृथक पहिचान भएको अझ भन्नेहो भने नेपालको तराईमा बोलिने सबैभन्दा पुरानो भाषा हो । यो तराइ भेगमा बोलिने अन्य भाषाको जननी भाषा हो । यो भाषाको संरक्षण, विकास र विस्तार गर्ने जिम्मेवारी राज्यको तथा थारु समुदाय दुवैको हो ।

२०५८ सालको जनगणनानुसार थारुहरुको जनसंख्या करिव १६ लाख रहेको छ । त्यसमध्ये साढे तेह्रलाख थारुहरु थारु भाषा बोल्ने गर्दछन् भन्ने तथ्याङ्कले देखाएको छ । यसमा पनि नवलपरासी र रुपन्देहीदेखि पश्चिममा बोल्ने थारु भाषीकाको जनसंख्या करिव दशलाख रहेको छ । थारु भाषामा आफ्नोपन बढीमात्रामा बचेको अवस्थालाई केलाउने हो भने पश्चिमतर्फ देखिन्छ । यसमा पनि खासगरी दाङ देउखुरी, बर्दिया, कैलाली जिल्लामा बोलिने थारु भाषामा थारु भाषाको स्वरुप अझ पनि विद्यमान रहेको छ । यसर्थ यिनै जिल्लाहरुमा बोलिने थारु भाषालाई आधार मानी थारु भाषाका पाठ्यपुस्तक बनाउन पाठ्यक्रम विकास केन्द्रलाई सिफारिस गर्ने निर्णय थारु कल्याणकारिणी सभा केन्द्रीय समितिको बैठकले सर्वसम्मतिबाट पास गरी सकेको छ । जसअनुसार पाठ्यक्रम विकास केन्द्रले हालसम्म कक्षा ५ सम्मका लागि थारु भाषाका पाठ्यपुस्तक पनि तयार पारी, ठाउँ-ठाउँमा पठनपाठन पनि भैरहेको छ । यसरी पूर्वमेचिदेखि पश्चिम महाकालीसम्म अन्य भाषा-भाषिकाको सम्पर्क आदिले गर्दा थारु भााषामा पनि भेद देखिएका छन् । जसलाई थारु भाषिका अन्तरगत राखी हेर्न सकिन्छ, ती यसप्रकार छन् -

१. दङ्गाह भाषिका
२. देशार्दे भाषिका
३. राना भाषिका
४. सप्तरीया भाषिका
५. चितौनिया भाषिका
६. देउखरिया भाषिका
७. भौंरहीया भाषिका
८. नवलपुरीया भाषिका
९. सुनसरीया भाषिका

माथि उल्लेखित भाषिकाहरुवीच खासै अन्तर पाईदैन । स्थान विशेष क्रियाको उच्चारणमा मात्र फरक देखिएको छ । केहीकेही नाममा पनि अन्तर पाइन्छ । यसबाट स्पष्ट हुन्छ थारु भाषिकावीच समानता धेरै रहेको छ ।[1] जस्तैः

मूल धातुः

| **कैलाली / बर्दिया** | **दङ्गाहा** | **देसौरी** | **देउखुरी** | |
|---|---|---|---|---|
| वा | वाट | वाटै | वटाँ | वाट |
| खा | खैठा | खैठैं | खैठँ | खैठ |

## २.४. थारु संस्कृतिको परिचय

मानिसले जन्मेदेखि मृत्युपर्यन्त गर्ने विभिन्न संस्कार चाल चलन परम्परा आदिलाई संस्कृति भनिन्छ । मानिसले जानीबुझी होस् वा नजानेर होस् व्यक्तिगत, पारिवारिक र सामाजिक रुपमा स्वतस्फूर्त तवरले गर्ने क्रियाकलापलाई संस्कृति वा संस्कार भन्ने गरिन्छ । यो परम्परागत रुपमा धेरै पहिलेदेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ ।

संस्कृति शब्दलाई विश्लेषण गर्दा पुर्खौंदेखि साँच्दै-साँच्दै वर्तमान अवस्थासम्म सामाजिक रुपमा मान्नुपर्ने र त्यही बमोजिम गर्नुपर्ने संस्कारहरुको रुपमा व्याप्त रहेका पुराना पुर्खाहरुद्वारा दिएको मौखिक वा लिखित धरोहर हो । हाम्रा समाजमा चलिरहेका विभिन्न चाल-चलन, नाच, गान, बोली, व्यवहार, पोशाक खानपिन आदि संस्कृतिभित्र पर्दछन् । यस्तै किसिमले नाम राख्ने, विवाह, मृत्यु संस्कार आदि पनि संस्कृति भित्र पर्दछन् । संस्कृतिका आधारमा समाज निर्माण भएको हुन्छ । संस्कृति हरेक मानव समाजको गहना हो । हरेक जाति र समुदायलाई पहिचान गराउने सवल र सक्षम सूचक पनि संस्कृति हो । संस्कृति कुनै पनि जाति, धर्म र समाज अनुसार फरक हुन सक्दछ । त्यस्तै थारु जातिको पनि आफ्नो छुट्टै संस्कृति विद्यमान छ ।

१. थारु संस्कृतिका बारेमा भुलाइ चौधरीको मत यस अनुसार छ - हिन्दूधर्म मान्ने केही मानिस र बौद्ध धर्म मान्ने केही मानिस बाहेकका हिन्दूहरु, बौद्ध गुम्वामा जान्छन् र बौद्धिकहरु पनि हिन्दू मन्दिरहरुमा जन्छन् । यी दुई धर्मका वीचमा खासै अन्तर छैन । उदाहरणका रुपमा

[1] गोपाल दहित थारु संस्कृतिको संक्षिप्त परिचय, सानेपा, ललितपुर, २०६२ ।

लुम्बिनीको गौतम बुद्धको गुम्बा र अन्य हिन्दू मन्दिरलाई लिन सकिन्छ । हिन्दू धर्म र बौद्ध धर्मका वीच सामिप्यता र सहिष्णुता हुँदा-हुँदै पनि प्राचीन समयमा विभिन्न धर्मकावीच धार्मिक संघर्ष चल्न थाल्यो । एक धर्मावलम्वीले अर्को धमावलम्वीलाई दुःख दिन थाल्यो । बहुसंख्याकले अल्प संख्यकको धर्मलाई नष्ट गर्ने कोशिसमा लागे । त्यसैको परिणाम स्वरुप बौद्ध धर्मको क्षय हुँदै गयो । केही बौदिष्टहरु हिन्दू धर्म मान्न थाले र त्यही हिन्दू संस्कृतिमै स्थापित भए । केही बौद्ध धर्मावलम्वी थारु जाति पहिले लडाई देखि बच्नका लागि हिन्दू भए भने कतिपय हिन्दू धर्मको सम्पर्कका कारणले हिन्दूसँग नजिक देखिए तापनि थारु जातिको आफ्नै रहन-सहन, भेष-भूषा, चाडपर्व, जन्मु, मृत्यु आदि संस्कार र देवी देवता पूजन, लोक गीत, भाषा, खेलकूद, हस्तकला आदिका दृष्टिले थारु जातिको आफ्नै संस्कृति विद्यमान छ ।[१]

२. थारु संस्कृतिका बारेमा गोपाल दहितको भनाई यसप्रकार रहेको छ - थारु संस्कृति भन्ने वित्तिकै भाषा, धर्म, जन्मसंस्कार, मृत्युसंस्कार, विवाह, लोकगीत, हस्तकला, शिक्षा, स्वास्थ्य आदि पर्दछन् । ती निम्न छन्-

**१. भाषा :**

थारु समुदायमा परापूर्वकालदेखि बोलिंदै आएको भाषालाई थारु भाषा भनिन्छ । अथवा थारुहरुको मातृभाषा (Mother Tongue) थारु भाषा हो । नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म बोलिने थारु भाषामा केही अन्तर अवश्य पाइन्छ तर तात्विक अन्तर भने छैन । यस भाषामा प्रयोग गरिने नाम, सर्वनाम, विशेषण क्रियाको मूल रुप आदि शब्दहरुमा एकरुपता पाइन्छ तर क्रियाको रुप चलाउने बेलामा भने केही फरक पाइन्छ । अझ नजिकबाट हेर्ने हो भने रुपेन्देही, कपिलवस्तु, नवलपरासी, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा बोलिने थारु भाषामा ज्यादा निकटता रहेको पाइन्छ । यसैगरी बारा, पर्सा र चितवनमा बोलिने भाषामा सामिप्यता भए जस्तै सो भन्दा पूर्वका जिल्लाहरुमा बोलिने थारु भाषामा एकरुपता पाइन्छ । थारु भाषामा अन्य भाषाको प्रभावलाई नियाल्ने हो भने खासगरी पूर्वमा मैथिली प्रभाव, बारा-पर्सातिर भोजपुरीको प्रभाव, पश्चिम खण्डमा अवधिको प्रभाव रहेको पाइन्छ ।

[१] भुलाई चौधरी, थारु संस्कृति, २०६१:६० ।

२. **संस्कारहरु :**

संस्कारहरुलाई जन्मदेखि मृत्युपर्यन्त गरिने कर्मका रुपमा लिन सकिन्छ । जस्तैः जन्म, नाम राख्ने, मुण्डन गर्ने, विवाह गर्ने, सतगत गर्ने आदि कर्महरु गरिन्छन् । यी कर्महरु गर्ने तरिकाहरु पनि आफ्नै किसिमका छन् ।

३. **वेषभूषा तथा गहना :**

थारु जातिको पहिचान दिने आफ्नो छुट्टै वेष-भूषा रहेको छ । तराईमा बस्ने हुनाले गर्मीसँग मेल खाने किसिमका लुगा फाटाहरु थारु महिला वा पुरुषहरुले लगाउने गर्दछन् । भूबनोटका दृष्टिले र दूरीका हिसावले पनि पहिरनमा केही भिन्नता भने अवश्य पाइन्छ । थारु महिलाहरुले लगाउने लुगाहरु यसप्रकार छन्–

**थारु महिलाहरुले लगाउने भेषभूषा**

| **लुगाका नाम** | **जिल्ला** |
|---|---|
| अचरा, खरकी | मोरङ |
| खोड्की, भुला चोली | सुनसरी, पर्सा |
| गोन्या, चोल्या, लहङ्गा, कुर्ठा, अधरान | दाङ, देउखुरी, बर्दिया |
| घाँघर, चोल्या | कैलाली |
| अँगीया, घाँघर आँचर | कञ्चनपुर (राना थारु) |

यसका साथै थारु महिलाहरुले हातमा बाला र खुट्टामा कडा पनि लगाउने चलन छ ।

**यसैगरी थारु पुरुषहरुले लगाउने भेषभूषा**

| **लुगाका नाम** | **जिल्ला** |
|---|---|
| भुटवा, भेटवा, अगुँछा, धोती, कुर्ता | दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर |
| सेतो जामा, सेतो चौवन्दी जामा, | |
| सेतो स्टकोट, सेतो पगरी | बारा |
| सानो बालकका लागि लँगौटी -भगइ, भेगवा) जामा | बारा |
| सेतो रङगको लगौटी (खेतमा काम गर्दा) | |

४. **चाडपर्वहरुः**

१. माघे सक्रान्ति (माघी) :

२. बरका अटवारी : भाद्रकृष्ण अष्ठमी पछिको पहिलो आइतबार सूर्यको उपासना गर्ने दिन

३. दशैं (डश्या) :

४. तिहार (डेवारी) :

५. जितिया पावैन : महिलाले आश्विन कृष्ण सप्तमीदेखि नवमीसम्म गर्ने व्रत

६. होली (ढुरहेरी) :

७. हरढवा : वर्षेबाली धान रोपाइ सकेको दिन महिला तथा पुरुषहरु खेतमा धान रोप्दै गीत गाउँदै आपसमा हिलो छ्याप-छ्याप गरी खुशी मनाउने उत्सव हो ।

८. बर्खैया भिझनी : खेतमा दिउँसो र राती हिंड डुल गर्दा सर्प, विच्छी जस्ता विषालु जीवबाट कुनै किसिमको जोखिम उठाउन नपरोस् भनि सुरक्षित रहन यो पूजा गरिन्छ ।

९. जुर शीतल : यस पर्वलाई खिा पावैन पनि भनिन्छ । जुर शीतल थारु समुदायमा मनाइने पानी, आशिर्वाद, उमङ्ग, उल्लास र मनोरञ्जनयुक्त पर्व हो ।

१०. पेण्डया : किसानहरुले धान दाइँ गरिसकेपछि उचित फल दिए वापत खल्यानका देवताको नाममा गर्ने धार्मिक अनुष्ठान जसलाई कुमे पूजा पनि भनिन्छ ।

११. गुरिया (गुरही) : नाग पञ्चमीका दिन चना र रहरको गेडा भिजाइ भुटेर परिकार बनाउने गरिन्छ ।

१२. बटका कलवा : कल्वा भनेको खाना हो । थारु जातिले खेतमा रौपाई गर्न जाँदा सात प्रकारको परिकार बनाएर खेतमा लगेर खाना खाने गर्दछन् ।

१३. कृष्ण अष्टमी (अष्टिम्की) :

१४. नेमान : यो पूजा नयाँ बाली घरमा भित्र्याउँदा गरिन्छ । यसमा बार नतोकिएपनि प्रायः आइत र सोमबार गर्ने गरिन्छ ।

१५. छट : यो थारु जातिको पुरानो चाड नभएतापनि वर्तमानमा मनाउने चलन छ ।

१६. चौचन : कुनै पशुचौपाय विरामी हुँदा चन्द्रमासँग भाकल गरेकोमा यो पशु ठिकभएपछि भाद्रशुक्ल चौथीको दिन चन्द्रमाको पूजा गरी यो पर्व मनाइन्छ ।

१७. सभा चकेवा : बहिनीहरुले माटाका चरा, नाहखेवैया, चुग्ला, बृन्दाबनी नभिनीमाका स्वरुप बनाई दाजु भाइको दीघायुका लागि कार्तिक पूर्णिमासम्म यो पर्व मनाइन्छ ।

१८. अगहनी पूर्णिमा : मंसिर पूर्णिमामा गर्ने पूजालाई अगहनी पूर्णिमा भनिन्छ ।

१९. चौठी नाचः यो भाद्र शुक्ल पक्षको चौथी तिथिमा विभिन्न परिकार बनाई साँझ चन्द्रमाको पूजा गरी मनाइन्छ ।

**५. पूजापाठः**

- एकल पूजामा निम्न पर्दछन् :

    १. हरोत पूजा, वाली नाली सप्रोस भनि गोरु र हलोको पूजागर्नुलाई हरोत पूजा भनिन्छ । यो सामबारको दिनमात्र गरिन्छ ।

    २. औली लेना : घरको मूल मानिस वा जेठो छोराले वर्षे बाली तयार भएपछि यो पूजा गरिन्छ ।

    ३. औली उतर्नाः वर्षे धान भित्र्याउँदा धान काटेर सक्दाकादिन औली उतर्ना पूजा गरिन्छ ।

    ४. ढुर्रा लौसर्ना : विवाहित थारु महिलाले आफ्नो प्रजनन् शक्ति कायम राख्न र आफ्ना सन्तानको स्वास्थ्यताको लागि वर्षको २ पटक कार्तिक पूर्णिमा र जेठ पूर्णिमामा सप्त मातृका देवीहरुलाई गरिने पूजालाई ढुर्रा लौसर्ना भनिनछ ।

    ५. टोक्टा : विटमिडलाई भूत-प्रेतबाट बचाउन गुरुवाले गर्ने पूजालाई टोक्टा भनिन्छ ।

    ६. फगुई पूजा : नयाँ तोरीको तेल प्रयोगमा ल्याउँदा फागुन वा चैतमा गरिने पूजालाई फगथुही पूजा भनिन्छ ।

७. अखारही पूजा : असारको पूर्णिमामा घरको कुलदेवताको पूजा गरिने हुनाले यसलाई अखारही पूजा भन्ने गरिन्छ ।

८. हर्षाली पूजाः दशैंपछि घरका सबै देवताहरुलाई एक/एकवटा भाले बली चढाई गरिने पूजालाई हर्षाली पूजा भनिन्छ ।

९. घोटैली पूजाः घरको कुनै बिरामी सञ्चो भए पछि गरिने पूजालाई घोटैली पूजा भनिन्छ ।

१०.बहाउ पूजाः कुनै मानिस मिर्गी वा छारे रोगबाट ज्यादै ग्रस्त भए सो रोवबाट छुटकारा दिलाउन गरिने पूजालाई बहाउ पूजा भनिन्छ ।

११. लुग्गा बार बनैनाः बिरामी धेरै समयसम्म सञ्चो नभएमा गुरुवाद्वारा विभिन्न विधिविधानद्वारा गराइने पूजालाई लुग्गाबार बनैना भन्दछन् ।

- सामूहिक पूजापाठ :

१. हरेरी पूजाः खेती-पातीमा किरा, फट्याङ्ग्रा नलागुन र हरियो भरियो होस् भनि श्रावण -भाद्रमा गरिने पूजालाई हरेरी पूजा भनिन्छ ।

२. लवाङगी पूजाः यसमा लक्ष्मीको पूजा गरिन्छ । सुँगुर र मुर्गाको बली चढाई गुरुवाले जिब्रो छेडेर पूजा गर्ने गरिन्छ ।

३. बगार पूजाः गाईवस्तुको रक्षका निम्ति प्रत्येक तीन वा पाँच वर्षको मार्ग शुक्ल पूर्णिमाका दिन गोठमा गरिने पूजालाई बगार पूजा भनिन्छ ।

४. भजहर पूजाः खडेरी परेका बेला पानीको माग गरी गरिने पूजालाई भजहर पूजा भनिन्छ ।

५. अखरिया पूजाः अखरिया नामको देवताको पूजा गर्नुलाई खरिया पूजा भनिन्छ ।

६. जात पूजाः गाउँ भरिको दक्षिण दिशाबाट आउन सक्ने संकटलाई रोक्न गाउँको दक्षिणमा थान बनाई गरिने पूजालाई जात पूजा भनिन्छ ।

७. शिराथान पूजाः शिरथान नामक देवतालाई प्रत्येक साल वैशाख १ गते बोकाको बली दिई पूजा गरिन्छ ।

८. धुरिया पूजाः चैत, वैशाख र जेठतिर मच्छेड, सर्प, विच्छी र महामारी रोगबाट बच्न या पूजा गरिन्छ ।

९. बरका पूजा : पटनहीले गाउँका मानिस तथा जीवजन्तुलाई विभिन्न खाले दुःख दिने हुनाले शान्त पार्न तीन, चार वर्षमा यसको पूजा गरिन्छ ।

**६. देवी-देवताहरु :**

१. गुर्वावा : थारु, सन्त महात्मा, महर्षि, धार्मिक प्रणेता, श्रृष्टिकर्तालाई गुर्वावाका रुपमा पूजा गरिन्छ ।

२. मैयाः थारु विधि विधान अनुसार माटाको पार्वतीको प्रतिक बनाइ शक्तिको रुपमा गरिने देवीको पूजालाई मैया पूजा भनिन्छ ।

३. खेखरी (खेखी): फलामबाट निर्माण गरिएको खेखी नामक देवताको प्रतिकलाई खेखरी भनिन्छ ।

४. लागुवासुः थारु घरको देवस्यलमा सर्वको आकारको प्रतिक, थारु दर्शन अनुसार वासुकी नागको प्रतिकलाई लागुवासु भनिन्छ ।

५. चैटिक पट्न्याः पार्वतीले महादेवलाई प्राप्त गर्नका लागि तपस्या गरेको अवस्थामा फलफूल आदि जम्मा गर्न बनाइएको बासको टोकरीको प्रतिकलाई चैटिक पट्न्या भनिन्छ । यसैमाथि मैया देवतालाई राखिन्छ ।

६. सौरा (सौदविम्व): फलामको छदबाट बनाइएको गोलो गणेशको प्रतिक, जसलाई श्राद्धगर्दा अनिवार्य रुपमा प्रयोग गर्नुपर्दछ ।

७. ब्याँटा गृह देवस्थलः डिहुहारमा राखिने तथा गुरुबाहरुद्वारा पैशाचिक आत्मलाई नियन्त्रित गरिने धार्मिक महत्व भएको बेतको लट्ठीलाई ब्याँट भनिन्छ ।

८. झोऱ्या मण्टाराः गुरुवाले पूजा पाठ वा यज्ञ गर्नजाँदा लैजाने तीन टुक्रा कपडाले बनेको झोलालाई झोऱ्या मण्टारा भनिन्छ ।

९. भँन्वाः दहित थरका थारुहरुको मरवा भन्ने देवस्थलमा रहने मुख्य देवतालाई भँन्वा भनिन्छ ।

१०.धोऱ्वाः घरको देवस्थल डिहुहार मा आफ्नो देवता तथा कुल पुरोहितको देवताको रुपमा प्रस्थापित देवतालाई धोऱ्वा भनिन्छ ।

११. डहर चण्डी (मार्ग रक्षाकी देवी) : दाङ उपत्यकामा उत्पत्रि भएकी देवी ।

१२.चबहवा गुनी (चतुर्वाहु विष्णु): यस देवतालाई डहरचण्डी देवीको पतिको रुपमा मानिन्छ ।

१३. लटौ महादेव (जटाधारी महादेव) : शिवको प्रतिकका रुपमा मानिन्छ ।

१४. खेतरयालः खेतमा लगाइएको बालीको रक्षार्थ खेतमा स्थापित भूमे देउता ।

१५.दख्नी भवानी

१६. सुच्चाः पवित्र, चोखो र शुद्धताको प्रतिकको रुपमा स्थापित देवता ।

१७.रिख्या /नारदः नारद ऋषिको प्रतिक

१८. ढमरज्वाः मरेपछि पाप पुण्यको परीक्षागरी स्वर्ग वा नरकको फल प्रदान गर्ने यमराज वा धर्मराज ।

**७. लोक नृत्यः**

१. समरौटीः सांस्कृतिक नाच

२. सखिया वा सख्या : यो दशैं र तिहारमा नाचिन्छ ।

३. कठघोरिक नाचः बाँसले घाडाको आकारबनाई नर्तकहरुले काँधमा भिरेर नाँच्ने नाच ।

४. लडुवा नाचः दुई/दुई वटा लठ्ठी लिएर मादलको तालमा नाँच्ने नाच ।

५. मुङग्रहवा नाचः कोलाहलपूर्वक गीत र नृतय जोशिलो तवरले गरिने नृत्य ।

६. झर्रा नाचः दशैंमा नाच्नलाई १ महिना पहिले तयार गरिने नाच ।

७. मघौटा नाचः युवा-युवति मिली संयुक्तरुपमा गरिने नाच जो माघीमा गरिन्छ, त्यसलाई मघौरा नाच भनिन्छ ।

८. बरका नाचः यस नाचमा सयको हाराहारीमा मानिस हुन्छन् र यसमा महाभारतको कथाको विषयवस्तुलाई समेटी पुरुषहरुमात्र नाच्ने गर्दछन् ।

९. छोक्राः महिलाको पोशाक लगाएर पुरुषले मादल बजाएको तालमा नाच्ने नाचलाई छोक्रा नाच भनिन्छ ।

१०.बिरहैन चाँचर नाचः यो नाच विरह बेदना परेका बेला सान्तवना दिनका लागि नाचिन्छ ।

११.चोरखेलिया नाचः नव शिशु बिरामीहुँदा स्वास्थ्य लाभका लागि यो नाच नाचिन्छ ।

१२.रासलिला / कृष्णलिला / दर्घाः तिहारका अवसरमा यो नाच नाचिन्छ ।

१३.तरवार नाच :

१४. महरवादेवी नाचः पश्चिमका थारु जातिमा दशैंका बेला युवा-युवती सामूहिक रुपमा नाच्दछन् ।

१५.बाह्रमस्या नाचः बाह्रै महिना नाचिन्छ ।

१६.होली / फागु नाच

१७.तरवार नाच

१८. महरवादेवी नाचः पश्चिमका थारु जातिमा दशैंका बेला युवा-युवति सामूहिक रुपमा नाच्दछन् ।

१९.बरमाया नाचः बाह्र महिना नाचिन्छ ।

२०. होली / फागु नाच

२१.चरु नाचः खुशियालीका अवसरमा नाचिन्छ ।

२२.विहग्रा नाचः दशैं र तिहारमा एकजना नर्तक, एक जना मादले र गीत गाउने छुट्टै समूह हुन्छ ।

**८. लोक गीतहरु :**

१. झुमरा गीत : दशैं तिहारमा गाइन्छ ।

२. सख्या गीत

३. बिरहैन चाँचर गीत : श्रीमान् प्रदेश गएको बेला श्रीमतिले गाउने गीत

४. जितिया पावन झमटक गीतः जितीय पर्वरका बेला गाउने गीत

५. बरका बहला झुल्ना गीत : जवान केटीहरु पिङ खेल्ने बेला गाउने गीत ।

६. हुरडुङव्वा गीत : दशैं तिहारमा नाचे बेला गाउने गीत

७. बरमास्या गीत

८. मचौरा गीत : माघीमा गाउने गीत

९. बरका नाच गीत

१०. छोकरा गीत

११. अष्टम्विक गीत

१२. होली गीत

१३. वन गीत

१४. सजना गीतः देवताका बारेमा गाइने गीत

**९. ग्रन्थहरुः**

१. गुर्वावक जर्मौटीः गुरुवावा वा गुर्वावाको जीवनी वर्णन गरिएको ग्रन्थ

२. वर्कीमारः महाभारतको कथामा आधारित

३. फुलवारः जनककी माता पावर्तीको लीला गितिलयमा लेखिएको ग्रन्थ । यी तीनवटा ग्रन्थ छन् ।

**१०. हस्तकलाहरुः**

१. डेल्वा

२. ढक्या

३. मौनीः ढक्या जस्तै

४. पञ्छोपनीः पानी राखेको लोहोटा छोप्न प्रयोग गरिने ।

५. पगहाः लामो डोरी

६. पधाः मोटो खाले डोरी

७. छर्कीः गोरु वा राँगाको नाकमा बाँध्ने, सिङ्गमा बाँध्ने डोरी

८. नाघाः जुवामा बाँध्ने नारा

९. जइनाः भारी बाँध्ने परालको डोरी

१०.डेहरी

११. पटहा डेहरीः देवता रहने कोठाको पश्चिम किनारामा रहने माटाको भाँडो

१२.मच्या

१३.खट्वा

१४. खटौली

१५.मचानः बाँदर, सुगा आदि कुर्नका लागि बनाइएको अग्लो कटेरो ।

१६.लद्रयाः बयल गाडा वा गोरु गाडा

१७.लहरुः यात्रा गर्न प्रयोग गरिने सानो गाडा

१८. डोली

१९.ढन्हवा

२०. जाल

२१.हेल्काः दुवै हातले समान्ते जाल

२२.हर

२३.जुवा

२४. ह्याँगा

२५.किल्वाहीः खोक जस्तै दाह्रा भएको

२६.सुप्पा : नाङ्लो

२७.झ्याल

२८. गग्री

२९. भँकरी

३०.सुराही

३१. करुवा

३२. पिर्का

३३. चुल्हा

३४. झिंर आदि

**११. खेलकूदहरुः**

- महिला वा केटाकेटीले मात्र खेल्ने खेलहरु
    १. घोघो रानी
    २. घोच्ची
    ३. अच्छी गोट्टा
    ४. कोइली दिदी आदि
- पुरुष वा केटाहरुले मात्र खेल्ने खेलहरुः
    १. छिल्ली खेल
    २. घर बसावर
    ३. खोपी
    ४. बाहान छोरी
    ५. मुर्गा लरान
    ६. गोबर्धन
- महिला वा पुरुष केटा वा केटीहरु सवै मिली खेल्ने खेलहरु
    १. लोची दण्डा

२. गुल्ली दण्डा

३. कप्डी

४. पोकी मरावर

५. सिक्टी फोर

६. कोट्कोट्याँस

७. गोली

८. बाघागोटी आदि

**१२. धर्मः**

वर्तमानमा नेपाल धर्म निरपेक्ष देश भएको छ । यस पूर्व पनि यहाँ विभिन्न जाति, धर्म, संस्कृति मान्ने मानिसहरुको वीचमा आपसी सद्भाव कायमै थियो । हिन्दू धर्मावलम्वी र बौद्ध धर्मावलम्वीमा खासै भेदभाव देखिदैन । हिन्दूहरु गौतम बुद्धको गुम्बा जान्छन् र घरमा बुद्धको फोटो राख्छन् । त्यस्तै बुद्ध धर्म मान्नेहरु पनि हिन्दूको मन्दिरमा जान्छन् । कतिपय चाडपर्वमा पनि समावेश हुन्छन् । यी कारणहरुले गर्दा हिन्दू र बौद्ध धर्ममा खासै अन्तर पाइदैन । तर परापूर्व कालतिर फर्केर हेर्ने हो भने बौद्ध धर्म माथि धेरै प्रहार भएको पाइन्छ । त्यसको उदाहरणका रुपमा हेर्दा विभिन्न बौद्ध गुम्वाहरु भत्केका, बौद्ध मूर्ति टुटफुट भएका र प्रत्यक्ष उदाहरण लुम्विनी तथा सप्तरी जिल्लाको चन्द्रमामा भएका मूर्तिहरुलाई लिन सकिन्छ । त्यहाँ भएका पुराना मूर्ति कुनै पनि सही अवस्थामा छैनन् । सवै फुटेका छन् । कसैको हात छैन, कसैको आँखा छैन त कसैको खुट्टा छैन ।

यसै क्रममा १३-१४ औं शताब्दीमा भयानक मुगल आक्रमण भयो । हिन्दू र बौद्ध दुवै धर्मावलम्वीले धेरै दुःख बेइज्जती सहनु पऱ्यो । मुगलहरुले हिन्दू र बौद्ध दुवैलाई जहाँ भेट्टायो त्यही मार्न थाले । यी दुवैले आ-आफ्नो धर्मको रक्षा गरे । थारु जातिको धर्म 'थवीर' बौद्ध धर्म हो । यिनीहरु हिन्दूहरुको संगतले कहीं कतै हिन्दू धर्म माने तापनि उनीहरुका अन्य व्यवहारहरु

सबै बौद्ध धर्मसँग मेल खाने छन् । धर्म कसैको पेवा होइन वा पैतृक सम्पत्ति होइन यो आस्था तथा विश्वास हो । [1]

निष्कर्षमा के भन्न सकिन्छ भने विभिन्न जातिहरुको भाषा र संस्कृति हुने गर्दछ । त्यसै बमोजिम थारु जातिको आफ्नो छुट्टै पहिचान भएको भाषा र संस्कृति हुनु स्वभाविक नै हो । थारु जातिहरुको आफ्नो विश्लेषण अनुसार बौद्ध धर्मी भने तापनि ती संस्कृतिहरु हिन्दू धर्मसँग बढी मेल खाने खालका पाइन्छन् । भाषिक दृष्टिले हेर्दा कतिपय नेपाली र संस्कृत शब्दको मेल भएको आभाष पाइन्छ । हुन सक्छ हिन्दूहरुसँगको बढी हेलमेलका कारणले व्यवहार र भाषाको पनि सम्मिश्रण हुनु स्वभाविक नै हो । थारु संस्कृतिका अनुसन्धाताहरुको भनाइ अनुसार पनि के बुझ्न सकिन्छ भने थारु जातिको आफ्नो भाषा संस्कृति अलग हुँदा-हुँदै पनि धेरै ठाउँमा छरिएर रहेका थारु जातिका वीचमा आपसी सम्पर्क टुटेका कारण हिन्दू धर्म, संस्कृति र भाषाको प्रभाव परेको हो भन्ने कुरा स्वीकार्य छ ।

## २.४. सुर्खेत उपत्यकाको परिचय

सुक्षेत्र अर्थात् देवताहरुको स्थान मानिने हालको मध्यपश्चमाञ्चल क्षेत्रको सदरमुकामका रुपमा रहेको सुर्खेत जिल्ला राजधानी काठमाडौं देखि लगभग ६०० कि.मी पश्चिम उत्तरमा पर्दछ । सुर्खेत जिल्लाको उत्तरमा महाभारत श्रृङ्खला र दक्षिणमा चुरे पर्वत पर्दछ । यस जिल्लाको उत्तरी भेगमा पूर्वदेखि पश्चिमसम्म महाभारत मध्यभागमा भेरी नदी, पश्चिमतर्फ कर्णाली नदी अवस्थित छ । अवस्थितिको आधारमा यो जिल्ला २८°२०' उत्तरी अक्षांशदेखि २९° उत्तरी अक्षांशसम्म र ८१° पूर्वी देशान्तरदेखि ८१°३०' पूर्वी देशान्तरसम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहदेखि झण्डै २५० मीटरको उचाइदेखि २२०० मीटरसम्मको उचाइमा फैलिएको छ ।

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम जिल्लाको केन्द्रमा वीरेन्द्रनगर नगरपालिका पर्दछ । यो उपत्यकाको केन्द्रविन्दु पनि हो । यो उपत्यकाभित्र एउटा वीरेन्द्रनगर नगरपालिका, दुईवटा गा.वि.स. जसमा उत्तरगंगा र लाटीकोइली पर्दछन् भने जर्बुटा गा.वि.स.को वार्ड नं. १ यही उपत्यका भित्र पर्दछ । वि.सं. २०२२ सालपूर्व यस सुर्खेत उपत्यकामा औलो लाग्ने गर्दथ्यो । त्यस समयमा पनि जिल्ला को सदरमुकाम उपत्यकाको उत्तर

[1] थारु संस्कृति भुलाई चौधरी २०६१, पृ. ६०

तर्फ करिव ६ कि.मी. माथि गोठीकाँढा भन्ने ठाउँमा थियो । त्यस समयमा उपत्यकामा धान, गहुँ आदि खेती गर्ने, गाईवस्तु पाल्ने काम गरिन्थ्यो । दिनभर खेतीपाती गर्ने, गाईवस्तुको स्याहार-सुसार गरी साँझ माथि उकालो चढी कट्कुवा, गोठीकाँढा, जर्बुटा, बयलकाँढा, राम्रीकाँढा, बाँसपानी, जुकेपानी आदि ठाउँमा मानिसहरु जाने गर्दथे । औलो उन्मुलन भएपश्चात् २०२३ सालमा मात्र सुर्खेत उपत्यकामा व्यवस्थित बसोबासको शुरुवात भयो । त्यसभन्दा पहिला यहाँ औलो लाग्ने हुनाले यस उपत्यकालाई कालापानी भन्ने गरिन्थ्यो । अहिले उपत्यकाको केन्द्रमा रहेको वीरेन्द्रनगर ५ को बजार भएको ठाउँलाई 'चौहान चौर' का नामले चिनिन्थ्यो । यो उपत्यकाको गूरुयोजना ९:बकतभच एबिल० वि.सं. २०२९ सालमा तयार गरी वि.सं. २०२९ साल माघ १६ गते स्वीकृत भै कार्यान्वयन गरिएको हो । यो उपत्यकाको गुरु योजनाअनुसार नगरपालिका भित्र सरकारी क्षेत्र, बजार क्षेत्र र आवास क्षेत्रको प्रारुप तयार भयो भने उपत्यका भित्रका २ वटा गा.वि.स. पुरै र जर्बुटाको वार्ड नं. १ समेतलाई कृषि क्षेत्र नामाकरण गरियो । हाल यो उपत्यका लगभग शहरीकरण तर्फ उन्मुख छ ।

वि.सं. २०२९ सालसम्म सुर्खेत उपत्यकाको उत्तरपट्टी अवस्थित महाभारत श्रृङ्खलामा पर्ने गोठीकाँढा नै तत्कालीन सदरमुकामका रुपमा रहेको थियो भने उपत्यकाको बसाई हिउँदमा मात्र सम्भव थियो । बाह्रै महिना यस उपत्यकामा बसोवास गर्ने आदीवासी थारु र राजी मात्र थिए । हालको वीरेन्द्रनगर क्षेत्र फाट्ट-फुट्ट आवादीका साथै धेरैजसो क्षेत्र ऐलानी, पर्ती र जङ्गलले भरिएको थियो । वि.सं. २०२३ साल पश्चात नै सुर्खेत उपतयकाको बसाई कार्य पूर्णकालीन भई वर्तमान अवस्थासम्म आएर यो उपत्यका सामाजिक, शैक्षिक, आर्थिक तथा भौतिक रुपमा आधुनिकीकरणको प्रक्रियामा अघिबढ्न थालेको हो भन्ने आभाष पाउन थालिएको छ ।

विविध दृष्टिकोणबाट सुर्खेत उपत्यकाको स्थिति निम्न रहेको देखिन्छ -

### २.४.१. भौगोलिक स्थिति

- उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरेपर्वतको हर्रे, देउराली पहाडले घेरिएको उपत्यका ।
- झुप्रा खोला र भेरी नदीको किनारमा अवस्थित उपत्यका
- उत्रदेखि दक्षिणतर्फ हल्का झुकाव भएको कचौरा आकारको
- समुन्द्र सतहदेखि ६६५ मीटर उचाइमा अवस्थित

- बसोवास प्रारम्भ २०२३ साल
- उपत्यकाको सम्पूर्ण पानी एकिकृत भै लाटीकोइली स्थित निकास भने साँघुरो ठाउँबाट बग्ने ।
- नेवारे, इत्राम, खोर्के जस्ता खहरे खोला उपत्यकाको वीच -वीचमा अवस्थित छन् ।
- उपत्यकाको लगभग बीचमा काँक्राको बीयाँ आकारको जमिन केही उचाइमा अवस्थित छ, जसलाई काँक्रेविहार भनिन्छ ।
- सुर्खेत उपत्यकाको क्षेत्रफल ८८ वर्ग कि.मी छ ।
- वीरेन्द्रनगर नगरपालिकाको वन क्षेत्र २३ वर्ग कि.मी र बसोवास १३ वर्ग कि.मी. छ ।

## २.४.२. अवस्थिति

यसको अवस्थिति २८°२२' उत्तरी अक्षांश देखि २८°५८' उत्तरी अक्षांशसम्म र ८०°५९' पूर्वी देशान्तरदेखि ८२°२' पूर्वी देशान्तरसम्म फैलिएको छ ।

## २.४.३. मौसम

यहाँको मौसम न्यानो सुख्खा उपोष्ण हावापानी छ भने तापक्रम अधिकतम २३° से. र न्यूनतम १०° से. छ । त्यस्तै वार्षिक वर्षा १५०० मिलीमीटरसम्म पर्दछ ।

## २.४.४. मुख्य चाडपर्व र मेला

दशैं, तिहार (भाइटीका), तीज, कृष्ण जन्माष्टमी, साउने सक्रान्ति, माघे सक्रान्ति, चैते दशैं, होली, गुरुङहरुको ल्होसार, खम्बाहरुको ल्होसार, जनै पूर्णिमा, शिवरात्री, लाखे जात्रा, रोपाई जात्रा आदि ।

## ४.२.५. दर्शनीय स्थलहरु

१. काँक्रेविहारः डा. स्वामी प्रपन्नाचार्यका भनाइ अनुसार १७ औं १८ औं शताब्दीमा कक्रुपछन्द ऋषिद्वारा राज्य गरिएको स्थल काँक्रेविहार ऐतिहासिक, पुरातात्विक भग्नावशेषका रुपमा संरीक्षत जङ्ग उपत्यकाभित्र लाटीकोइली गा.वि.समा वीरेन्द्रनगर बजारबाट ५ कि.मी. टाढा अवस्थित छ ।

२. बुलबुलेः यहाँ जमिन मुनिबाट पानी बुलबुल गरी निस्केर अबिरल रुपमा बगी रहने १० वटा धारा भएको ताल र सुन्दर उद्यान छ ।

३. घण्टाघर र बालउद्यान

४. देउती बज्यैः यो सुर्खेत देवीको रुपमा मानिएको प्रसिद्ध मन्दिर हो ।

५. कुइने पानीः संरक्षण क्षेत्र नगरको वीचमा संरक्षित जङ्गल ।

६. रेडियो नेपालः वी.न.न.पा. वार्ड नं. २ मा स्थित क्षेत्रीय प्रसारण केन्द्र

७. मठ, मन्दिरः शिव मन्दिर, गणेश मन्दिर, रामजानकी मन्दिर, शिवालय मन्दिर ( गणेशचौक) र कृष्ण मन्दिर ।

८. बौद्ध गुम्बा, मस्जिद चर्च आदि धार्मिक स्थल ।

९. पाताल गङ्गाः जहाा दैलेख श्रीस्थानको ज्वालाबाट बगेको पानी पातालबाट छिरेर आएको भन्ने किंवदन्ती पाइन्छ ।

१०. उत्तरगङ्गाः पानीको मूल उत्तरतर्फ बगेको ठाउँ ।

## ४.२.६. आधारभूत पूर्वाधारहरु

### १. यातायात

हवाइ सेवा र बस तथा माइक्रो सेवा सञ्चालित छन् । हवाइ सेवा प्रायः कर्णाली अञ्चलमा मानिस तथा सामान ओसारपसारमा बढी प्रयोग हुने र केही रुपमा सुर्खेत -नेपालगञ्ज र सुर्खेत-काठमाडौं पनि सञ्चालनमा छ । वस सेवा भने सुर्खेत देखि उत्तर दैलेख, कालीकोट, सुर्खेत काठमाडौं, नेपालगञ्ज, महेन्द्रनगर, वीरगञ्ज, पोखरा आदि ठाउँमा सञ्चालित छन् । ढुवानीका लागि ट्रयाक्टर र ट्रकको पनि व्यवस्था छ ।

### २. अन्य सेवाहरु

अन्य स्वास्थ्य, शिक्षा, विद्युत, सञ्चार अदिलाई हेर्दा स्वास्थ्यका लागि क्षेत्रीय अस्पताल, मेडिकल, नरसिङ्गहोम भएतापनि प्राविधिक तथा प्रविधिको कमीले स्वास्थ्य क्षेत्र कमजोर देखिन्छ । विद्युत र सञ्चारको पनि स्थिति कमजोर देखिन्छ भने शिक्षा क्षेत्रको स्थिति सवल छ । ३ वटा क्याम्पस उपत्यका भित्र छन् र प्रा.वि., नि.मा.वि. र मा.वि. पर्याप्त मात्रामा छन् तर सरकारी विद्यालयमा भौतिक पूर्वाधार र शिक्षक दरबन्दी संख्या

कम हुनाले गुणस्तर बृद्धिमा कमी नै देखिन्छ । प्रशासनिक क्षेत्रलाई हेर्दा जिल्ला स्तरीय र क्षेत्रीय कार्यालयहरु यसै उपत्यका भित्र अवस्थित छन् । पिउने पानीको लागि बृहत भुप्रा खानेपानी योजना निर्माण सम्पन्न हुने अवस्थामा छ । विकासको दृष्टिकोणले यो उपत्यका अग्रगतितिर बढ्दै गएको छ ।

### ४.२.७. भाषिक र सांस्कृतिक पक्षहरु

सुर्खेत उपत्यकामा अधिराज्य भरिबाट आएका विभिन्न भाषिक, सांस्कृतिक समुदायका व्यक्तिहरुको बसोवास भएका कारणले पनि यो क्षेत्र भाषिक, साँस्कृतिक पक्षबाट धनी रहेको पाइन्छ । खस भाषाको प्राचीन रुपकै अवस्थामा पूर्वी सुर्खेत क्षेत्रको भाषिकाको अवस्थाका साथै लोक साहित्यमा प्राचीनतम अवशेषका रुपमा गाइने धमारी भारत, गुरुङ्ग र मगर समुदायको घाँटु, मारुनी लगायत देउडा गीत तथा लोकगीतमा प्रचलित दोहोरी तथा अन्य विविध लोक संस्कृतिका पक्षहरुले गर्दा सुर्खेत आफैमा पनि भाषिक र साँस्कृतिक पक्षहरुबाट सम्पन्न रहेको देखिन्छ ।

यस उपत्यकामा प्रायः गरी व्यापारका सिसिलामा दैलेख, बाग्लुङ्ग, स्याङ्जा, पर्वत, गुल्मी, अर्घाखाँची, पाल्पा लगायत अन्य केही ठाउँका मानिस आई स्थायी वा अस्थायी रुपमा बसेका छन् भने बसोवासका रुपमा दैलेख, जुम्ला, कालिकोट, जाजवरकोट, हुम्ला, मुगु, डोल्पा लगायत ठाउँका मानिसहरु स्थायी बसोवास गरी बसेका छन् । यी विभिन्न ठाउँबाट आएका मानिसहरुको आ-आफ्नो भाषा र संस्कृति छ । जो सुर्खेत उपत्यकामा २०२२ साल पूर्व नै यहाँको शीत र गर्मीसँग संघर्ष गर्दै आदिवासीका रुपमा बसोवास गरेका थारु जातिको आफ्नै भाषा र संस्कृति विद्यमान छ । अल्प संख्यामा रहेको राजी जातिको पनि आफ्नै भाषा र संस्कृति छ । त्यसैले सुर्खेत उपत्यका बहुभाषिक, बुहजातीय, बुहसाँस्कृतिक रुपमा स्थापित भएको सानो उपत्यका हो ।

### ४.२.८. साहित्यिक प्रयासहरु

सुर्खेतमा साहित्यिक विकास गर्ने मूल उद्देशय लिएर स्थापित संघ-संस्थाहरुमा 'सुर्खेती कला साहित्य परिवार' पहिलो संस्था हो । यसको स्थापना २०३९ सालदेखि भएको हो । यस संस्थाको सक्रियता वि.सं. २०५० सालसम्म विशेष रुपमा देखा पर्छ । यस संस्थाबाट सुर्खेती पत्रिका र अन्य कृति प्रकाशन भएका पाइन्छन् । यसका साथै चक्रपाणी प्रतिभा समिति, जनसांस्कृतिक मञ्च, प्रमाणवाद समूह, वागीना समुह, उज्वल कला परिवार, नेपाली अंग्रेजी

भाषा साहित्यिक संगठन, विद्यार्थीहरुका साहित्यिक समूह पनि उललेखनीय संघसंस्थाहरु हुन् । वागीना समूह सुर्खेतका गतिविधिहरुले गीत, सङ्गीत, नृत्य, वाद्यवादन र नाटकका क्षेत्रमा आशातित कार्य गरिरहेको छ । यसै क्रममा शैक्षिक केन्द्रका रुपमा दक्ष जनशक्ति उतपादन गर्ने आधारशिलाका रुपमा दुईवटा शैक्षिक तालिम केन्द्र छन् । मोटामोटी रुपमा कला साहित्यका विभिन्न प्राचीन भाषिक लोक पक्षको अध्ययनका लागि उर्वर भूमिका रुपमा रहेको सुर्खेत उपत्यका अहिले आएर सक्रिय साहित्यिक संस्थाहरुमा, प्रगतिशिल लेखक संघ र नेपाली, अंगेजी भाषा साहित्य संगठनहरु (नेल्टा) रहेका छन् । साहित्यिक प्रकाशनका रुपमा हेर्दा यसबाहेक अन्य संघ-संस्थाहरु र व्यक्तिगत प्रयास भएको पाइन्छ । थारु कल्णकारिणी सभा सुर्खेतले प्रतिवर्ष ‘डौना बेबरी’ नामक थारु भाषा र संस्कृतिमूलक मुख पत्र प्रकाशन गर्ने गरेको छ । त्यस्तै थारु विद्यार्थीहरुको पनि डौना बेबरी, पत्रिका प्रकाशन हुन्छ । पत्रि-पत्रिकाका क्षेत्रमा काँक्रेविहार, बुलबुले, सुर्खेत पोष्ट र खरो विचार नामक दैनिक पत्रिका प्रकाशन हुने गरेका छन् । प्रगतिशील साहित्यलाई अग्रगति प्रदान गर्न ‘रक्तिम सांस्कृतिक परिवार’ नामक संस्थाले पशिचममा छाडा संस्कृतिलाई निरुत्साहित पार्दै जनताका जीवनसँग प्रत्यक्ष सरोकार राख्ने गीत सङ्गीत “सिमली छाँयामा बसी भरिया लामो सास फेरको’ उमेर भैसक्या असी झन् बढी दुःखले घेरेको” जस्ता गीत सुसेल्दै गाउँ र शहरका सडक पेटीहरुमा हिंडेको पाइन्छ । त्यस्तै व्यक्तिगत प्रयासहरु पनि भएका छन् । गीत सङ्गीत र नाटकका क्षेत्रमा बागीना समूहसँग सम्बन्धित रहेर गणेश गौतम, कुलमान नेपाली, गोविन्द कोइराला, यज्ञ गिरी, प्रकाश पौडेल, उमालाल आचार्य, ज्ञानबहादुर नेपाली आदि सक्रिय छन् भने राष्ट्रिय स्तरकै कलाकार भिमबहादुर कार्की, प्रेमदेव गिरी, टेकराज भारती, स्व. गोपाल बस्नेत, निलमणि भारती, स्व. उपेन्द्र कार्की, गंगाबहादुर के.सी., टीकाभक्त भारती आदिको नाम पनि अविस्मरणीय छ । व्यक्तिगत रुपमा साहित्यिक कृतिहरु प्रकाशन गर्नेहरुमा डा. दीपक गौतम, मानबहादुर चौधरी ‘पन्ना’ लगायतका व्यक्तिहरु पनि साहित्यतर्फ अग्रसर रहेको पाइन्छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने कलासाहित्यिक गतिविधिको प्राचीन इतिहास गौरवमय भएको काँक्रेविहारका प्रस्तरकृति र अभिसमयालङ्कार जस्ता ग्रन्थहरुको प्राप्तिबाट प्रष्ट हुन्छ । यसका साथै सुर्खेत उपत्यकामा र जिल्लाभित्र रहेको लोक साहित्यको विधागत भण्डार रहेको कुरा पछिल्ला अधययनबाट देखिन आएको छ भने सुर्खेती कला साहित्यको लिखितम् इतिहास परम्परा लगभग आधा शताब्दीको अवधि मात्र महत्वपूर्ण मान्न सकिन्छ । यसरी समग्र रुपमा राष्ट्रिय स्तर प्राप्त गर्ने सुर्खेत उपतयकाका व्यक्ति प्रतिभाको संख्यात्मक पक्ष कमै भएतापनि

गुणात्मक फड्को मार्ने क्रममा सुर्खेत-काठमाडौं, काठमाडौं-सुर्खेतको समन्वयले महत्वपूर्ण भूमिका खेलेको मान्न सकिन्छ ।

कलासाहित्यको राष्ट्रिय, अन्तर्राराष्ट्रिय स्तरको पहिचान, विकास र स्थान प्राप्तिका लागि प्रतिभाहरुको निरन्तरको लगाव, अभ्यास र साधनाको पनि त्यतिकै खाँचो रहेको छ भने भएका प्रतिभाहरुको संरक्षण सम्बर्द्धन र विकासका लागि प्रेरक र प्रोत्साहन वर्धक अनि प्रस्तुतिकरणका निमित्त परिवेश तयार पारिदिन कला साहित्यका पारखी समुदायको उपस्थिति पनि झन् महत्वपूर्ण रुपमा आवश्यक भएको देखा पर्दछ ।

## २.५. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको परिचय

सुर्खेत उपत्यका भौगोलिक दृष्टिले हल्का पानी ढल भएको एक विकासोन्मुख उपत्यका हो । यहाँको हावापानी न धेरै गर्मी न धेरै चिसो मध्यम स्तरको रहेको हुनाले प्रायः गरी पहाडी भेगबाट आएका मानिसहरुले बढी मन पराउँछन् । परिणाम स्वरुप यहाँ धेरै जसो बसोवास गर्नेहरु पहाडी जिल्लाहरुबाट आएका छन् । यो उपत्यकाको पूर्वसीमाना जर्बुटा गा.वि.स.को धुलियाविट, पश्चिममा उत्तरगंगा गा.वि.स.को बाङ्गेसीमल, दक्षिण सीमाना लाटीकोइली गा.वि.स.को चाँदनीचोक र उत्तर सीमानामा वीरेन्द्रनगर नगरपालकाको इत्राम पर्दछ । यसै उपत्यकाभित्र एक नगरपालिका, दुई गा.वि.स. पुरै र जर्बुटा गा.वि.स.को वार्ड नं. १ मात्र पर्दछ । धेरै कुराहरु उपत्यकाको परिचयमा अगाडि आइसकेकोले उक्त उपत्यकाको चर्चा नगरी यसमा केवल थारु जातिको परिचयलाई नै केन्द्रविन्दुका रुपमा राखिएको छ । यसै उपत्यको तल्लो भाग वा दक्षिण भागमा धेरैजसो थारु जातिको बसोवास रहेको छ । यो भूमि खेतीयोग्य भएकाले पनि थारु जाति आफ्नो पेशालाई कायम राख्न र जीविको पार्जन गर्न सरल पर्ने हुनाले उर्बर भूमिलाई रोजेको पाइन्छ । सुर्खेतमा बसोवासको दृष्टिले हेर्दा यस उपत्यकामा वि.सं. २०२२ साल पूर्व पहाडी जातिको स्थायी बसोवास देखिदैन । केवल थारु जातिहरुले मात्र यस समथर उपत्यकामा बसोवास गरेको पाइन्छ । यिनीहरुले आफ्नो मेहनतले यहाँको बयरघारी, घाँस र अन्य जङ्गललाई कटान गरी खेतीयोग्य जमिन निर्माण गरेका हुन् । जब वि.सं. २०२२ सालमा औलो उन्मूलन भयो त्यस पछि वि.सं. २०२३ सालमा उपत्यकाको उत्तरपट्टी पर्ने गोठीकाँढाबाट जिल्ला सदरमुकाम उपत्यकामा सरेपछि मात्र घना वस्तीको शुरुवात भयो । त्यो भन्दा पहिले सुर्खेत उपत्यकाको निर्माण गर्ने यहाँ खेती गर्ने जाति थारु नै थियो ।

कालन्तरमा अन्य व्यक्तिहरुले उनीहरुलाई जङ्गल फँडानी गर्न लगाए । आफूहरु त्यो फाँडेको जमिनका जोताहा हली भए भने जसको केवल आदेश थियो । त्यो व्यक्ति वा जाति मालिक भयो । अहिले पनि यस उपत्यकाका सबै थारु जातिसँग आफूलाई खान पुग्ने जमिन छैन । रोजगारका रुपमा प्रायः निम्न वैतनिक कर्मचारीहरु केही रुपमा छन् भने माथिल्लो तहमा काम गर्ने व्यक्ति अल्प संख्याक नै छन् । अहिले पनि धेरै जसोको पेशा कृषि छ । आफ्नो खेत भएकाले आफ्नो खेत जोत्ने र नभएकाले अधियाँ गर्ने परम्परा वर्तमानमा पनि कायम छ । सुर्खेत जिल्ला भरी १४ गा.वि.स.मा थारु जातिको बसोवास भए तापनि उपत्यका भित्रका लाटीकोइली, उत्तरगंगा, जर्बुटा गा.वि.स.को वार्ड नं. १ र वीरेन्द्रनगर नगरपालिका वार्ड नं. ६,९ र १० मा थारु जातिको बसोवास छ । यी मध्ये पनि विशेष रुपमा लाटीकोइली र उत्तरगंगा नै बढी थारु जातिको आवादी क्षेत्र हो । उपत्यकामा छुट्टै पहिचान हुने गरी ३६ ठाउँमा झुम्म बाक्लो वस्ती गरेर थारु जति बसेको पाइन्छन् र जहाँ थारु वस्ती छ त्यस ठाउँमा बाँसका झ्याङ प्रशस्त छन् । थारुवस्ती छुट्याउन सजिलो हुनेगरी लगाइएका यी बाँसहरुले गर्मी मौसममा शितलता प्रदान गर्नुका साथै घर-गोठ निर्माण गर्न समेत मद्दत गरेको पाइन्छ । थारु जातिको अन्य जातिको भन्दा पुरानो बसोवास भएतापनि त्यस पूर्व वि.सं. १९४०-५० तिर यिनीहरु दाङ जिल्लाबाट बसाई सराई गरी उपत्यकामा आएका हुन् भनी जानकारहरु बताउँछन् । थारुजाति यस उपत्यकाका आदिवासी जनजाति हुन् ।

थारु जातिका बारेमा विभिन्न अध्ययनहरुलाई नियालेर हेर्दा ठाउँ अनुसार थारु जातिको वर्गीकरण गरेको पाइन्छ । जसमा झापा, मोरङ, सुनसरीका थारुलाई पूर्वेली, दाङ, बाँके, बर्दिया र सुर्खेत आदिकालाई दगौरा र कैलाली कञ्चनपुरका थारु जातिलाई राना थारु भन्ने गरेको पाइन्छ । सुर्खेत उपत्यकामा बसोवास गर्ने जातिहरु दगौरा थारु भएकाले यिनीहरुको भाषा संस्कृति अन्य ठाउँको (पूर्व र सूदुरपश्चिम) भन्दा केही भिन्न छ । सुर्खेत उपत्यकामा भएका थारु जातिहरुको स्थितिलाई हेर्दा यिनीहरु मेहनतका साथ आफ्नो खेती खेती किसानी तथा आफ्नै धुनमा मग्न रहने गरेकाले केन्द्रीय स्तरमा यहाँका थारु जातिको भाषा, संस्कृतिका बारेमा खास प्रभाव नरहेको अवस्था थियो । हाल सुर्खेत जिल्लामा क्रियाशील आदिवासी जनजाति महासंघ, थारु कल्याण कारिणी सभा, थारु विद्यार्थी समाज नामक संस्थाहरु र त्यससँग सम्बन्धित व्यक्तिहरुका माध्यमबाट पनि यहाँका थारु जातिको परिचय हुन थालेको पाइन्छ । थारु जातिको आर्थिक, राजनैतिक, शैक्षिक र स्वास्थ्य अवस्था कमजोर भएका कारणले पनि हुन

सक्छ । वि.सं. २०५८ सालको जनगणनाले पनि सुर्खेतका थारु जातिको संख्या कम देखाएको पाइन्छ ।

वि.सं. १९४०-५० तिरबाट यस उपत्यकामा आई जङ्गल फँडानी गरी उपत्यकालाई हराभरा बनाउने थारु जाति एक मेहनती जातिको रुपमा चिनिन्छ । त्यस समयमा यस उपत्यकामा औलो लाग्ने, औषधी उपचारको व्यवस्था समेत नभएको, शिक्षा र चेतना कमीले गर्दा प्रशस्त मानवीय क्षति व्यहोर्दै आएको संघर्षशील जाति अन्य आर्थिक र सामाजिक रुपले पिडित थियो । वि.सं. १९४० पूर्व दाङमा बसोवास गरेका समयमा त्यहाँका जमिन्दार ब्राम्हणबाट पिल्सिएर सुर्खेतमा आई बसेको पाइन्छ । त्यसैले यहाँका थारुहरुलाई दगौरा थारु भनिएको हो । यिनीहरुको सुर्खेत आगमनको तिथि मितिका बारेमा शिवनारायण वि.सी.ले पि.एच.डि. प्रथम वर्षको शोध पत्रमा वि.सं. १९६०, जि.वि.स. सुर्खेतले प्रकाशन गरेको पुस्तक "सुर्खेत दर्पण"मा १९७५ पाइएतापनि थारु कल्याण कारिणी सभा सुर्खेतले प्रकाशन गरेको पत्रिका "डौना बेबरी" वर्ष ५, अङ्क ३, २०६२ का अनुसार वि.सं. १९५० लेखिएको पाइन्छ । उत्तरगंगा वार्ड नं. ५ निवासी बुधुनी चौधरीका अनुसार वि.सं. १९७५मा "आफू सुर्खेतमा जन्मेको र आफ्ना बुवा करिव २० वर्ष पहिले सुर्खेत आएको" भन्ने भनाईबाट पनि वि.सं. १९५० तिर नै उपत्यका निवासी थारु जातिहरु दाङबाट यहाँ आएको मान्न सकिन्छ ।

थारु जातिको अनुहार कदलाई हेर्ने हो भने मंगोलियन अन्य जातिसँग मिल्दो पाइन्छ । यो जाति परिश्रमी र इमान्दार पनि छ । पुर्खौदेखि खेती किसानी गरेर आफूले पनि जीवनयापन गर्ने र अरुलाई बचाउने भएकाले अहिले पनि जमिन्दार किसानहरुको इमान्दार पात्रको रुपमा थारु जातिलाई लिन सकिन्छ । सुर्खेत उपत्यकाको कुरा गर्ने हो भने त यसका सर्जक नै थारु जाति हुन् । जुन समयमा यहाँ औलो लाग्ने गर्दथ्यो । पहाडियाहरु मर्ने डरले यहाँ वास बस्दैनथे । त्यस समयदेखि यस उपत्यकामा बसी खन-जोत गरी दुःख पूर्वक यो उपत्यकालाई अहिलेको स्थितिमा ल्याउन यिनीहरुको ठूलो योगदान रहेको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने वि.सं. १९५० साल देखि यस उपत्यकामा बसोवास गर्ने थारु जातिको पहिचान पहिलेको तुलनामा निकै प्रभाकारी भएको पाइन्छ । वि.सं. २०२२ साल भन्दा पहिले शैक्षिक, राजनैतिक, आर्थिक, प्रशासनिक, प्राकृतिक रुपले पिडित थारु जातिहरु अहिले अग्रगतितर्फ लम्किरहेका छन् । शैक्षिक स्थितिलाई हेर्न हो भने साक्षरताको दर अन्य जिल्लाका थारु जातिका तुलनामा ज्यादा नै छ । अर्थिक अवस्थालाई हेर्दा पनि पहिलेको तुलनामा राम्रो छ । लवाई-खवाईमा पनि स्तरीयता आएको पाइन्छ । शिक्षाको माथिल्लो तहसम्म अध्ययन

गर्ने व्यक्तिहरु पनि भएको पाइन्छ । महिलाहरु पनि विभिन सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुमा कार्यरत छन् । उनीहरुले पनि विभिन्न तालिमहरु लिने गरेका पाइन्छन् । पुरुषहरु पनि निम्न वैतनिक कर्मचारीदेखि केही राजनैतिक क्षेत्र, सैनिक, प्रहरी तथा केही अन्य रोजगारीमा लागेको पाइन्छन् त केही जनशक्ति अधियाँ बटैमा र केही ज्याला मजदुरी गर्ने गरेका पाइन्छन् । केहिले उद्योग व्यापार गरेको पनि पाइन्छ । समग्रमा थारु जाति मेहनत गरी आफ्नो जीवन चलाउने स्वालम्वी जाति हो । यो तराइको सर्जक पनि हो ।

वि.सं. २०५८ सालको जनगणना अनुसार सुर्खेत उपत्यकाको कूल घरधुरी संख्या, कूल पुरुष संख्या, कूल महिला संख्या र जम्मा जनसंख्याको तथ्याङ्का यसअनुसार रहेको छ –

**वि.सं. २०५८ अनुसार सुर्खेत उपत्यकाको कूल जनसंख्या र घरधुरी संख्या**

| क्र.सं. | विवरण (गा.वि.स./न.पा.) | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | वीरेन्द्रनगर नगरपालिका | ७१३९ | १५८९ | १४९१ | ३१३८१ |
| २. | लाटीकोइली | २४८१ | ६११८ | ६२६२ | १३३८० |
| ३. | उत्तरगंगा | २१२६ | ४९५७ | ५२४२ | १०२०० |
| ४. | जर्बुटा- १ | ४३५ | ११०२ | १०८२ | २१८४ |
| | **जम्मा** | **१२१८१** | **१३,७६६** | **१४,०७७** | **५७,१४५** |

साथै थारु कल्याण कारिणी सभा सुर्खेतले संकलन गरेको वि.सं. २०६५ को उपत्यका भित्रको थारु जातिको तथ्याङ्कलाई तल प्रस्तुत गरिएको छ –

**थारु जातिको तथ्याङ्क विवरण - २०६५**

| क्र.सं. | विवरण | जनसंख्या |
|---|---|---|
| १. | घरधुरी | १०६५ |
| २. | परिवार संख्या | ५३२२ |
| ३. | महिला संख्या | २७७२ |
| ४. | पुरुष संख्या | २५५० |
| ५. | पेशा<br>▪ कृषि<br>▪ नोकरी<br>▪ मजदुरी<br>▪ व्यापार | <br>८०६<br>२१९<br>७९<br>९ |
| ६. | १८ वर्षभन्दा कम<br>▪ महिला<br>▪ पुरुष | <br>१०२५<br>९७० |
| ७. | १८ वर्षभन्दा माथि | |

| क्र.सं. | विवरण | जनसंख्या |
|---|---|---|
| | ▪ महिला<br>▪ पुरुष | १६३७<br>१५७२ |
| ८. | ६५ वर्षभन्दा माथि<br>▪ महिला<br>▪ पुरुष | <br>१०३<br>७३ |
| ९. | कक्षा १-१० मा अध्ययनरत<br>▪ महिला<br>▪ पुरुष | <br>७७९<br>७३१ |
| १०. | एस.एल.सी.उत्तीर्ण<br>▪ महिला<br>▪ पुरुष | <br>६३<br>७६ |
| ११. | प्रमाणपत्र तह उत्तीर्ण<br>▪ महिला<br>▪ पुरुष | <br>१०<br>२८ |
| १२. | स्नातक तह उत्तीर्ण<br>▪ महिला<br>▪ पुरुष | <br>७<br>१२ |

## २.६. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषाको परिचय

सुर्खेत उपत्यका बहुजातिक, बहुभाषिक, बहुसांस्कृतिक क्षेत्र हो । यहाँ बस्ने आदिवासी थारु, राजी लगायत गुरुङ्ग, मगरहरु आ-आफ्नो मातृभाषा बोल्ने गर्दछन् भने कतिपय मातृभाषीहरुको आफ्नो भाषा लोप भइसकेको छ । केवल नातासम्बन्ध मात्र मातृभाषामा प्रयोग गर्ने गर्दछन् । नेपालमा भएका थारु जातिहरुमध्ये झाप, मोरङतिरका थारुहरुको भाषा एक प्रकारको छ, बारा, पर्सा र चितवनमा फरक भाषा छ । नवलपरासी, रुपन्देही, कपिलवस्तुमा छुट्टै भाषा छ । दाङ्ग, बाँके, बर्दिया र सुर्खेतमा छुट्टै भाषा छ भने कैलाली- कञ्चनपुरतर्फ छुट्टै भाषा छ । यी सबै ठाउँका थारु जातिहरुको भाषा पूर्णरुपमा फरक नभए तापनि केही रुपमा भने अवश्य नै फरक छ । यिनीहरुमध्ये दाङ्ग, बाँके, बर्दिया र सुर्खेतको भाषामा एकरुपता पाइन्छ । यी ठाउँमा बस्ने थारुजातिलाई दगौरा थारु भनिन्छ । दाङ्गबाट अन्यत्र बसाइ-सराइ गरेको हुनाले यिनीहरुलाई दगौरा थारु भनिएको हो । सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको आफ्नै भाषिक विशेषता छ । कतिपय ठाउँका थारु भाषीहरुले आफ्नो भाषा मात्र बोल्दछन । नेपाली भाषा बोल्न नसक्ने अवस्थामा पनि छन् तर सुर्खेतको अवस्था त्यो भन्दा भिन्न छ । बुढादेखि लिएर बालकसम्मले थारु भाषा र नेपाली दुवै भाषा बोल्ने हुनाले यिनीहरुको छुट्टै स्थान रहेको हो ।

वि.सं. २०२२ साल भन्दा पहिले यहाँका थारु जातिहरु एकलौटी रुपमा यस उपत्यकामा बसोवास गर्दथे भने वर्तमानमा थारु जातिको नजिक अन्य पहाडी जातिको पनि बसोवास भएको पाइन्छ । सुर्खेत उपत्यकामा निम्न ठाउँहरुमा थारु जातिको बसोवास रहेको छ –

| क्र.सं. | गा.वि.स/न.पा. | वार्ड | गाउँ |
|---|---|---|---|
| **१.** | **जर्बुटा** | १ | १. गाग्रेताल |
| **२.** | **वी.न.न.पा.** | ६ | २. बजार (घरमात्र भएको वसोवास नभएको) |
| | | ९ | ३. नौलापुर |
| | | १० | ४. खजुरा |
| **३.** | **उत्तरगंगा** | २ | ५. बीउरा घारी |
| | | ३ | ६. कोलडाँडा |
| | | ४ | ७. फँलाटे |
| | | ५ | ८. ठउरी |
| | | ६ | ९. जैपुर |
| | | ७ | १०. लौवस्ता<br>११. खोलीगाउँ<br>१२. गुप्तिपुर<br>१३. दलौतपुर |
| | | ८ | १४. इटौरा<br>१५. तातापानी<br>१६. मसुरीखेत<br>१७. पतेनी |
| **४.** | **लाटीकोइली** | १ | १८. चारकुने<br>१९. सुब्बाकुना |
| | | २ | २०. ढोलढुङ्गा<br>२१. नयाँगाउँ |
| | | ३ | २२. मनिकापुर<br>२३. पुरानो घुस्रा |
| | | ४ | २४. रहरपुर<br>२५. नयाँ घुस्रा |
| | | ६ | २६. माथिल्लो पर्सेनी<br>२७. तल्लो पर्सेनी<br>२८. पतलगंगा |
| | | ७ | २९. अलायचौर |
| | | ८ | ३०. तिलपुर<br>३१. जब्दी<br>३२. घोक्रेनी |
| | | ९ | ३३. भानपुर<br>३४. पदमपुर<br>३५. कोनैठी<br>३६. बुदबुदी |

यी पहाडी र थारु दुबै थरी वस्तीमा कुनै भाषिक समस्या उत्पन्न भएको देखिदैन । पहाडीहरुमा थारु भाषा बुझ्ने तर बोल्न नसक्ने अवस्था पाइन्छ भने थारु जातिले दुवै भाषा बोल्ने गर्दछन् । हो मातृभाषाको प्रभावले कुनै अक्षर उच्चारणमा थारु जातिमा समस्या आउने गर्दछ तर त्यसको आशय भने सहजै बुझ्न सकिन्छ । सुर्खेत उपत्यकामा थारु जातिको भाषा संस्कृतिलाई पूर्णता दिन र आदिवासी जनजातिको भाषा कायम राख्नका लागि सरकारी तवरबाट पनि केही प्रयास भएको पाइन्छ । जसमा क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतबाट थारु भाषा र मगर भाषामा स्थानीय समाचार प्रसारण हुँदै आएका छन् । नेपालको इतिहासलाई हेर्ने हो भने पनि विभिन्न भाषा र संस्कृतिको उठान गर्नका लागि विद्युतीय सञ्चार माध्यमले ठूलो योगदान गरेको पाइन्छ । जब वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना भयो । त्यसले पनि विभिन्न धर्म, भाषा र राजनैतिक क्षेत्रको केही रुपमा विकास गर्न सफल भयो । कालन्तरमा विकासको गति अगाडि बढ्दै जाँदा क्षेत्रीय प्रसारण केन्द्रहरुका स्थापना भए । तिनले अझ देशका भाषा-भाषी, धर्म-संस्कृति र राजनीतिलाई सक्रिय रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याए । त्यसै क्रममा सुर्खेतका आदिवासी जनजाति थारु समुदायले चाहना गरे बमोजिम वि.सं. २०५८ सालमा बेस (Backward Society of Education – Base) द्वारा सञ्चालित "रेडियो ख्याल" कार्यक्रम सुर्खेत जिल्लाबाट प्रसारण हुन थाल्यो । यसले केही रुपमा सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिलाई टेवा पुऱ्यायो । समयको मागसँगै यतिले मात्र थारु जातिको समग्र विकास हुन सकेन । वि.सं. २०६० सालमा नेपालगञ्जबाट उत्पादन भएको रेडियो पत्रिका कार्यक्रम "हमार सैदान" (कोशेली) को प्रसारण फेरी सुर्खेत बाट हुन थाल्यो । यसले पनि केहीहदसम्म उपत्यकावासी थारु समुदायलाई भाषिक र सांस्कृतिक चेतना दिने काम गऱ्यो । यो कार्यक्रम केही समयसम्म सुर्खेत क्षेत्रीय प्रसारण केन्द्रबाट प्रसारित भए पनि धेरै समयसम्म चल्न सकेन । देश परिवर्तनका सँगसँगै विभिन्न स्थानीय रिडियो एफ. एम. सञ्चालन हुन थाले । तिनले पनि विभिन्न भाषा, संस्कृति र साहित्य क्षेत्रलाई जनसमक्ष ल्याउन सफल भए । हुन त सबैको पहुँच सबै ठाउँमा नपुग्न सक्छ तर केही रुपमा भए पनि यसले भाषा र संस्कृतिलाई मद्दत पुऱ्याएकै पाइन्छ । वि.सं. २०६१ बाट रेडियो भेरी एफ.ए. सुर्खेतबाट प्रसारित रेडियो पत्रिका कार्यक्रम "अजरार डमर" (उज्यालो बाटो) उएटा लोकप्रिया एवम् खोजमूलक कार्यक्रम हो । यो कार्यक्रम २०६१ मा सवभन्दा पहिले सञ्चालनमा आएको हो । यो कार्यक्रम सञ्चालकका रुपमा मानबहादुर चौधरी 'पन्ना' र बेलकुमारी चौधरी अग्रस्थानमा देखिन्छन् भने वीचमा जागुराम चौधरीले केही समयसम्म साथ दिए पनि व्यवहारिक कारणले

साथ दिन नसकी बीचमै छोड्न पर्ने स्थिति रहेको देखिन्छन् । आफ्नो व्यवहारको कारण र अन्य पेशामा जानुपर्ने कारणले सञ्चारकर्मीबाट विगत २ वर्ष अघि बेलकुमारी चौधरी र जागुराम चौधरीले सन्यास लिनुपरेको अवस्था देखिन्छ । २०६५ वैशाख २० गतेबाट मानबहादुर चौधरी 'पन्ना' पनि त्यसकार्यक्रमबाट विदा भए । हाल "अजरार डगर" र "आफन गीत आफन रीत" कार्यक्रम बन्द अवस्थामा छ । बुलबुले एफ.एम. को शुरुवात भएपछि वि.सं. २०६३ श्रावणदेखि लक्ष्मी चोधरीले "हमार फुलरीया" (हाम्रो बगैंचा) नामक कार्यक्रम सञ्चालन गर्दै २०६४ भदौसम्म चलाइन् भने त्यसपछि नयाँ जोश जाँगर लिएर रामकृष्ण चौधरी र फूलकुमारी चौधरीले "हेम्ट्री" (कोपिला) कार्यक्रम सञ्चालन गरे । हाल रेडियो पत्रिका मुलक कार्यक्रम गीत, मुक्तक र गजलमा सीमित रहेको पाइन्छ । विहान १० बजेदेखि दैनिक थारु समाचार प्रसारण गर्ने प्रावधानले बुलबुले एफ.एम.बाट दुईवटा कार्यक्रम नियमित सञ्चालन हुँदै आएका छन् ।

यति मात्र नभई वि.सं. २०६४ सालमा सञ्चालनमा आएको भेक आवाज एफ.एम.बाट रेडियो पत्रिका मूलक कार्यक्रम "मुक्तिक डकर" (मुक्तिको बाटो) १५ मिनेटसम्म प्रसारण हुने गरेको छ । यस कार्यक्रमका सञ्चालक अमृता चौधरी हुन् । साँझ ७ बजेदेखि थारु भाषामा समाचार पनि प्रसारण हुने गरेको पाइन्छ । यसरी केही समय पूर्वसम्म सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिमा भाषिक र साँस्कृतिक जागरण नभएको भए पनि हाल सुर्खेतमा क्रियाशील थारु कल्याण कारिणी सभा र थारु विद्यार्थी समाजको अग्रसरता व्यक्तिगत चेतना आदि कारणले थारु जातिको भाषा र संस्कृतिको जगेर्ना गर्न धेरै प्रयासहरु भएका पाइन्छन् । थारु समाजका बौद्धिक व्यक्तित्वको रुपमा रहेका नवयुवक थारु कल्याण कारिणी सभा सुर्खेतका कोषाध्यक्ष एवम् थारु विद्यार्थी समाजका सल्लाहकार सदस्य मानबहादुर चौधरीले "किसाने जिन्दगी" नामक खण्ड काव्य लेखी थारु जातिको भाषा र संसकृतिलाई टेवा दिने काम गरेको पाइन्छ भने यस्तै थारु कल्याण कारिणी सभा सुर्खेत र थारु विद्यार्थी समाज सुर्खेतले पनि "डौना बेबरी" नामक वार्षिक पत्रिकामा विभिन्न व्यक्तिहरुका साहित्यिक अभिव्यक्तिहरु लेखन गरी प्रकाशन गरेबाट पनि सुर्खेत उपत्यकाको थारु जातिको भाषा र संस्कृतिको जगेर्ना गर्न र नयाँ पिंढीलाई पनि मार्गदर्शन गर्न ठूलो टेवा पुगेको पाइन्छ । अर्कोतर्फ हेर्ने हो भने माथि उल्लेख गरिएका क्षेत्रीय प्रसारण केन्द्र सुर्खेत र रेडियो भेरी एफ.एम., बुलबुले एफ.एम., रेडियो भेक आवाज, थारु भाषा र संस्कृतिसँग सम्बन्धित विभिन्न व्यक्तिहरुका लेख रचना आदिले पनि यहाँको थारु जातिको भाषा र संस्कृतिलाई मौलाउन थप मलजल मिलेको देखिन्छ भने नेपाल आदिवासी जनजाति महासंघ सुर्खेतको गठनले पनि थप टेवा पुऱ्याएको पाइन्छ ।

यसरी समग्रमा हेर्दा आदिवासीको रुपमा रहेको थारु जातिको भाषिक स्तरबृद्धिमा अहिले विभिन्न क्षेत्रबाट भएको विकास र सहयोगले उपत्यकावासी थारु जातिहरुलाई अवश्य नै प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा भएको पाइन्छ । यी माथिका सरकारी तथा गैरसरकारीपक्षबाट भएका प्रयासहरु बाहेक यहाँका थारु जातिले आफ्नो भाषा र संस्कृतिलाई जगेर्ना गर्न स्थानीय रेडियो, पत्रपत्रिका, लख रचना प्रकाशनका साथै विसं. २०५८ सालमा थारु कल्याण कारिणी सभा सुर्खेतले "डौना बेबरी" नामक वार्षिक पत्रिका प्रकाशन गर्न शुरु गरेबाट पनि भाषा र संस्कृतिको विकासमा मद्दत पुगेको देखिन्छ । त्यसैगरी थारु विद्यार्थी समाज सुर्खेतले पनि थप सहयोग पुऱ्याएको छ भने व्यक्तिगत रुपमा बौद्धिक व्यक्तित्व मानबहादुर चौधरी 'पन्ना'ले विभिन्न लेख रचनाका साथै "किसानके जिन्दगी" नामक खण्ड काव्यले पनि थारु संस्कृतिको रक्षामा इट्टा थप्ने काम गरेको छ । विभिन्न राजनैतिक तथा सामाजिक क्षेत्रमा काम गर्ने व्यक्तिहरु, किसान, कर्मचारी सबै क्षेत्रबाट सुर्खेत उपत्यकाको थारु संस्कृतिको जगेर्नामा धेरै प्रयास भएको पाइन्छ । माघीको अवसरमा होस् वा अन्य पर्वमा थारु वस्तीहरुमा थारु संस्कृति झल्कने गीत र नाचको आयोजना गरी पुरुष महिलाहरुले आफ्नो पोशाक पहिरेर नाच गान गरी पुरानो संस्कार र संस्कृतिलाई कामय राख्ने कोशिष भएको पाइन्छ ।

यी माथि उल्लेख भए बाहेक पनि थारु संस्कृति कायम राख्ने क्रियाकलापहरु हुन सक्दछन् । यो शोध कर्ताले पाएको श्रोत-साधन र व्यक्तिगत भेटघाट तथा प्राप्त सामग्रीका आधारमा संकलन गरी लेखिएको हो । समग्रमा सुर्खेत उपत्यका वासी थारु जातिको संस्कृति कायम राख्न सचेत व्यक्तिहरुले आ-आफ्नो क्षेत्रबाट कोशिष गरेको पाइन्छ ।

अब सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषासँग सम्बन्धित केही शब्दगत र व्याकरणिक कोटिगत तहका उदाहरणहरु तल प्रस्तुत गरिन्छ :

**शब्दहरु**

| **नेपाली भाषामा** | **थारु भाषामा** | **नेपाली भाषामा** | **थारु भाषामा** |
|---|---|---|---|
| घर | घर | राम्रो | मजा |
| विद्यालय | स्कुल | अँध्यारो | अन्धार |
| मानिस | मनै | पानी | पानी |
| वर्ष | वरष | खान्छु | खाज्टु |

| | | | |
|---|---|---|---|
| छ | बा | खान्छ | खाइ |
| छैन | नइहो | खान्छन् | खाइठ |
| हुँदैन | नहुई | हुन्छ | हुई |
| नाइके | अगह्वा | गोठ | गोठ्वा |
| अघाउनु | अघैया | घेरा लगाउनु | घेर्ना |
| काजल | कजरा | घुसार्नु | घुस्टैना |
| काठ | कठवा | चोरिस | चोर्ल्या |
| कटौरा | खोर्या | जोड्नु | जोर्ना |
| खाडल | खोल्टी | ठेकी | ठेक्वा |
| मोटो | ठूल | डोरी, धागो | ड्वारा |
| विस्तारै | धिर | पाल्नु | पल्ना |
| फोहरी | फुहर | सबै | सक्कु |

व्याकरणिक कोटिगत आधारमा लिङ्ग, वचन, पुरुष र कालका केही उदाहरण तल प्रस्तुत गरिएको छ -

| **व्याकरणिक कोटी** | **नेपाली भाषामा** | **थारु भाषामा** |
|---|---|---|
| **वचन** | | |
| १. एक वचन | राम घर जान्छ | राम घर जाइठ |
| २. स्त्रीलिङ्ग | सीता घर जान्छे | सीता घर जाइठ |
| ३. नपुङ्सक | घर राम्रो छ | घर माजा बा |
| **पुरुष** | | |
| १. प्रथम | म, हामी | मई, हम्र |
| २. द्वितीय | तँ, तिमी | तई., टु |
| ३. तृतीय | उनीहरु, वहाँ | हुकहन, वहाँ |
| **काल** | | |
| १. वर्तमान | अहिले | आब |
| २. भूत | पहिले | पहिल |
| ३. भविष्य | पछि | पाछ |

| थारु शब्द | नेपाली शब्द |
|---|---|
| १. सव | – सय (नब्बे र दशको योग) |
| २. सवन्या सक्रान्ति | – श्रावण महिनाको पहिलो दिन (साउने सक्रान्ति) |
| ३. सहद | – मह (फूलको मीठो रस) |
| ४. साडडे | – सम्भव |
| ५. सार-मर्ना | – इसारा दिनु |
| ६. सास | – सासू |
| ७. सिंकर्ना | – सिंगार्नु |
| ८. हँस्ना | – हाँस्नु |
| ९. हप्कैना | – हप्काउनु |
| १०. हरना | – जरायो, मृग |
| ११. हरोलीया | – हली, हरुवा, हलो जोत्ने मानिस |
| १२. हाँली | – चाँडो |
| १३. छोट्की | – सानी (जन्मका आधारमा कान्छी) |
| १४. छुर्‍या | – छुरी (धारिलो हतियार) |
| १५. छुन | – छुनु (स्पर्श गर्नु) |
| १६. चौवन | – चउन्न (पचास र चारको योग) |
| १७. चगैंना | – चपाउनु |
| १८. घसैना | – घिसार्नु |
| १९. धरौटी | – घडेरी (घर बनाउने स्थल) |
| २०. गुडगुडी | – काउकुती |
| २१. गुठ.ल | – गाँठो |

२२. खीस्सा – कथा, कहानी

२३. खसरार – खस्रो

२४. खन्धी – पिंजडा

**थारुनके कहकुट (कहनी) गाउँखाने कथा**

१. खटनी खटर्ना धर्ति फुटना तीन मुन्टा दश ग्वारा जानो काहो ?

२. रुउ, मउ हङ्ग्या पत्या जरगैल युत्रम ज्यू जानो काहो ?

३. जगा कट्ना ओत्र ओत्र नम्मा छुना जानो काहो ?

४. सहर रुखोक मिठ फारा जानो काहो ?

५. एक ईट पैंतालिस कुवा सोह्र ऐठ सोह्र जैठ जानो काहो ?

६. स्वाँन अस किरा भम्वारी अस ल्याँ जानो काहो ?

७. बीस पच्ची भाइन्के एकठो सिरानी जानो काहो ?

८. तर भ्वार उपपर दोनी, दोनिक उपर फारा जानो काहो ?

९. उप्पर स्वाँन, स्वानक भित्तर चाँदी, चाँदिक भित्तर पानी जानो काहो ?

१०.रै बाबा रै बाबा मै बादल बाटु थट् ससुर मै टँगल बाटु जानो को हो ?

**उत्तरहरु**

१. हरजुवा, मनै, हरबरधा

२. आगी लागल खर बनदेक जर

३. सूत्रीकट्ना

४. जदीपक मच्छी

५. मैरी ओ घार

६. बैमौंता

७. धुरीके पसठ्ठीमकाक कोरै

८. लदिया, लाउँ, मनै

९. अमला (निम्वा)

१०.मोरै ओ भाँटा

**उखान टुक्का**

| थारु भाषामा | नेपाली भाषामा |
|---|---|
| १. भाइ फुट गवार लुट | – भाइ फुटे गवार लुटे |
| २. पैल्ह मार कभुना हार | – पहिला नै हान्ने कहिल्यै नहार्ने |
| ३. ठन्वा लगाए बाटी मेन्दवा लगाए माटी | – लोग्नेले लगाउने भाँटा स्वास्नीले लगाउने माटा |
| ४. नचन्या नाच निजन्ना महतान अङ्गना ट्यार | – नाच्न नजान्ने मुखियाको आँगन टेढो |
| ५. एक पन्थ दुई काज | – एक पन्थ दुई कार्य |

**कारक र विभक्ति**

**नेपाली भाषा**

| विभक्ति चिन्ह | | कारक | |
|---|---|---|---|
| प्रथम | ले, बाट | रामले खान्छ | कर्ता |
| द्वीतीय | लाई, लागि | रामले भाइलाई पिट्छ । | कर्म |
| तृतीय | ले, बाट, द्वारा | रामले चम्चाले दुध खान्छ । | करण |
| चतुर्थी | लाई, निमित्त | रामले भाइको लागि कापी ल्याउँछ । | सम्प्रदान |
| पञ्चमी | देखि, बाट | रामले घरबाट हिंडेर आयो । | अपादान |
| षष्ठी | को, का, की | रामको घर रातो छ । | सम्बन्ध |
| सप्तमी | मा | रामले कुर्सीमा बस्यो । | अधिकरण |

**थारु भाषा**

| विभक्ति चिन्ह | | कारक | |
|---|---|---|---|
| प्रथम | | राम भात खाइल । | |
| द्वीतीय | ह, लाग | राम भैयाह पिटल | कर्म |
| तृतीय | ले, यसो, द्वारा | रामले चम्चाले दुध खाइल । | करण |
| चतुर्थी | लाग | राम भैइएकलाग कापी लानल । | सम्प्रदान |
| पञ्चमी | से, मसे | राम घरसे नेङ्ख आइल | अपादान |
| षष्ठी | के, क | रामके घर लाल बा । | सम्बन्ध |
| सप्तमी | म | राम कुर्सीम बैसल । | अधिकरण |

**काल र पक्ष**

| काल र पक्ष | नेपाली भाषामा | थारु भाषामा |
|---|---|---|
| **१. वर्तमान काल** | | |
| (क) सामान्य | रामले भात खान्छ । | राम भात खाइल । |
| (ख) अपूर्ण | रामले भात खाँदै छ । | राम भात खैती बा । |
| (ग) पूर्ण | रामले भात खाएको छ । | राम भात खा स्याकल । |
| **२. भूतकाल** | | |
| (क) सामान्य | रामले भात खायो । | राम भात खा स्याकल । |
| (ख) अपूर्ण | रामले भात खाँदै थियो । | राम भात खैती रह । |
| (ग) पूर्ण | रामले भात खाएको थियो । | राम भात खाइल रह । |
| (घ) अभ्यस्त | रामले भात खान्थ्यो । | राम भात खाए । |
| (ङ) अज्ञात | रामले भात खाएछ । | राम भात खा राखल रह । |
| **३. भविषयत** | | |
| (क) सामान्य | रामले भात खानेछ । | राम भात खइने बा । |
| (ख) अपूर्ण | रामले भात खाँदैहुनेछ । | राम भात खैती हुइने बा । |
| (ग) पूर्ण | रामले भात खाएको हुनेछ । | राम भात खा सेक्ल हुइने बा । |

## २.७. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको संस्कृतिको परिचय

संस्कृति भन्ने वित्तिकै कुनै पनि जातिको जन्म देखि मृत्युपर्यन्त गरिने सँस्कारहरु चाडपर्वहरु, पूजा-पाठ, तिर्थ-ब्रत, धर्म, तिनीहरुका धार्मिक ग्रन्थहरु, तिनीहरुले मानने देवी-देवताहरु, लोग गीत, लोक नृत्य, हस्तकला, चित्रकला, खेलकूद, पेशा, लवाई-खवाई आदिलाई जनाउँछ । नेपाल बुहजातिय, बहुभाषिक देश भएझैं सुर्खेत उपत्यका पनि बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक ठाउँ हो । यो उपत्यकाभित्र पूर्व मेचीदेखि पश्चिम महाकाली, दक्षिण भारत देखि उत्तर मुगु र हुम्लासम्मका मानिसहरु व्यापारिक दृष्टिकोणले आई बसोवास गरेका छन् भने कतिपय बसाइँसराइँ गरी स्थायी घरजम गरी बसेका छन् । यी जातिहरुमध्ये थारु जाति पनि एक हो । थारु जाति वि.सं. १९४०-५० तिर दाङ्ग जिल्लाबाट सुर्खेत उपत्यकामा आई बसोवास गरी बसेको जाति हो । यिनीहरुको बसोवास हुँदा यहाँ औलो लाग्ने हुनाले पहाडीहरुको बसोवास थिएन । सुर्खेत उपत्यकाको आदिवासी थारु जाति भएकाले यिनीहरुको आफ्नो जातीय पहिचान अहिलेसम्म कायमै रहेको छ । यो जातिको आफ्नो संस्कार-संस्कृति कायमै रहेको हुनाले नै यिनीहरु सांस्कृतिक रुपले अन्य जाति भन्दा धनी छन् । सुर्खेत उपत्यकाभित्र ३६ वटा ठाउँमा यिनीहरुको बसोवास छ । थारु जाति अन्य जातिजस्तो तितर-वितर भएर बस्दैनन् । यिनीहरु झुम्म, बाक्लो घरहरु बनाइ बस्ने गर्दछन् । जसले गर्दा कुनै दुःख विरामी हुँदा वा अन्य कुनै

घटना हुँदा सबै घरका सदस्यहरु भेला हुन अप्ठ्यारो पर्दैन र कुनै सामूहिक काम गर्दा पनि सजिलो हुन्छ ।

त्यसैगरी सुर्खेत उपत्यकामा त अन्यत्र भन्दा अझैं छुट्टै पहिचानका रुपमा थारु जातिको पहिचान छ । जति ठाउँमा थारु जातिको वस्ती छ त्यति ठाउँमा धुम्म बाँसका झ्याङहरु छन् । ती ठाउँमा प्रायः गरी अन्य जातिको बसोवास छ । हिंजो-आज केही रुपमा नयाँ पिंढी त्यो पुरानो वस्तीबाट बसाइसराइ गरी सुविधायोग्य ठाउँमा सर्ने गरेको पनि पाइन्छ । तिनीहरुले अन्य पेशा नोकरी, उद्योग धन्दा, व्यापार र दैनिक ज्यालादारी काम गरेर आर्थिक स्तर बृद्धि गरेको पाइन्छ भने पुरानो पिंढी भने अहिले पनि कृषि व्यवसायमा नै निर्भर रहेको पाइन्छ । तदनुसार सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको संस्कृतिलाई निम्नानुसार तल प्रस्तुत गरिन्छ -

### २.७.१. संस्कारहरु

#### १. छोरो जन्मदा गर्ने कर्म

यो केवल छोरा जन्मदा मात्र गरिन्छ । जुन दिन छोरा जन्म्यो त्यसदिन छोरालाई र आमालाई छुडेंनीले सरसफाइ गरी सकेपछि आफ्ना देवी-देवतालाई दुधको धार, रक्सीको धार र पानीको धार दिने गरिन्छ । त्यसपछि चामल भुटेर जाँतोमा पिसी पिठो बनाएर मह, चिनी वा गुढमा मुछेर कसार (सठौरा) बनाएर देवतालाई चढाइन्छ अनि बाँडिन्छ र छोरा जन्मेको खबर गरिन्छ ।

#### २. छैठी

थारु जातिमा बच्चा-बच्ची जन्मेको छ दिनको साँझ गाउँका सबै इष्ट-मित्र, भाइ-आफन्तजन सबैलाई बोलाई जन्मेको बालकको हर्क बढाई गरिन्छ । त्यो दिन बच्चाको भाग्य लेख्ने भावि आउँछ भनी रातभर बत्ती बोली नाचगान गरी खुशियाली मनाइन्छ । त्यो छैठीको नाचगानमा प्रायः पुरुषहरुको नाच गान गर्ने चलन छ भने महिलाहरुलाई पनि बन्देज भने छैन । त्यही छैठीको दिन बुढा-पाका केही जानेबुझेका मानिसहरुले बच्चाको नाम महना वा बारको आधारमा सामूहिक रुपमा सबै जम्मा भएका बेला नाम राख्ने चलन परम्परागत रुपमा चल्दै आएकोमा हाल यसलाई परिवर्तन गरी अन्य जातिले झैं ज्योतिषसँग हेराएर नाम राख्ने प्रचलन शुरु भएको पाइन्छ । नाम राख्ने परम्परा भने त्यही छैठीकै दिनमा कायम छ ।

#### ३. जेठी पूजा

यदि जेठो छोरो छ भने त्यो घरका मानिसहरुले जेठको महिनामा छोराको दीर्घायु र शान्तिको लागि जेठी पूजा गर्ने प्रचलन छ । त्यो पूजामा सुँगुर, कुखुरा र बोकाको बली दिने चलन छ ।

### ४. विवाह

अन्य जातिको जस्तै थारु जातिको पनि विवाहको आफ्नै चलन छ । शुरुमा केटातर्फका मानिसहरु केटीको खोजी गर्ने गर्दछन् । कहीं आफू सुहाउँदो केटी भएमा केटाका बाबु र आफन्त जोर संखया हुने गरी २, ४, ६ जना केटीकहाँ जान्छन् र दुवैतर्फबाट अभिभावकहरुबीच कुराकानी हुन्छ । केटी तर्फकाले केटाको बारेमा र घरायसी आर्थिक अवस्थाको बारेमा शोधपुछ गर्दछन् । केटी तर्फका मान्छेको चित्त बुझेमा केटा-केटीको भेट गराई हेराहेर गराइन्छ तर यो प्रचलन पहिले थिएन । केवल दुवै तर्फका अभिभावकको मञ्जुरी भएमा विवाह हुन्थ्यो भने हाल केटा-केटीको पनि चित्त बुझाइन्छ अनि मात्रै विवाह हुन्छ । पहिले-पहिले त दुवै तर्फको मञ्जुरी भएमा केटाको बाबुले केटीको हातमा धागो बाँधेर 'आज देखि तँ मेरी बुहारी भइस' भनी विवाह पक्का गर्ने चलन थियो ।

विवाह हुने निश्चित भएपछि केटी तर्फका मानिसहरु पुरै गाउँले भएर केटाको घरमा आउने खानपिन गर्ने र विवाहको दिन तोक्ने चलन पनि छ । त्यसलाई 'ठेकी लगाउने' भनिन्छ । त्यो प्रचलन हाल कम हुँदै गएको छ । विवाह गर्दा बुधवारलाई नै तोकिन्छ । जन्ती जुन बार गए पनि दुलही केटाको घरमा ल्याएर बुधबार मात्रै सिंदुर पहिराउने चलन छ भने बुधबार नै भोज भतेर गरिन्छ । विवाह गर्नजाँदा दुलहीकी आमालाई (दुदेरो) स्वरुप एक जोडा कपडा दिने प्रचलन छ । दुलहीलाई केटाको घरमा ल्याइसकेपछि केहीदिन पछि केटीका आमा-बाबु लिन आउँछन् र माइत लैजान्छन् । केटीलाई माइत पठाउँदा केटातर्फबाट केही महिलाहरु पुऱ्याउन जान्छन् । केटीलाई माइत लगेपछि पुनः घर पठाउँदा माइत तर्फबाट धेरै महिलाहरु वा कनया केटीहरु पुऱ्याउन आउँछन् । केटाको घरमा नाच-गान रमाइलो गर्दछन् र ती केटी तर्फका मानिसहरुले केटातर्फमा भएको कुनै खेती-पातीको काममा पनि सहयोग गर्दछन् र केही दिन पछि घर फर्कन्छन् । यसरी थारु जातिको विवाह सम्पन्न हुन्छ ।

थारु जातिमा विवाहको प्रचलन मागी विवाह र भागी विवाह हुने गर्दछ । मागी विवाहमा आमा-बाबुले केटी मागेर विवाह गरिदिने चलन छ भने भागी विवाहमा केटा-केटीको मञ्जुरी अनुसार माइतबाट केटीलाई केटाले भगाएर लैजाने चलन छ । थारु जातिमा बहुपत्नी

प्रथा पनि छ । 'तीन गोरुको हल, दुई स्वास्नीको घर राम्रो' भन्ने उक्ती कायम छ । यदि तीन वटा गोरु पाल्ने हो भने कुनै एउटा गोरु बिरामी हुँदा अर्को गोरु बदल्न पाइन्छ । त्यस्तै दुईवटी श्रीमती भए पछि पनि एउटी असक्त भए अर्की श्रीमतीले घर चलाउँछे भनी दुई वटी बिहे गर्ने गरेको पनि पाइन्छ । अन्य जातिमा सौता हुँदा झगडा हुने गरेका धेरै उदाहरण पाइए तापनि थारु जातिमा भने कम हुने गरेको पाइन्छ ।

### ५. मृत्यु संस्कार

यो संस्कारलाई अन्तिम संस्कार भनिन्छ । थारु जातिमा जब कुनै व्यक्तिको मृत्यु हुन्छ । त्यहाँ बाहुन बोलाइन्छ । त्यो बाहुन आफ्नो थारु जातको हुन्छ । अनय काममा बाहुनको आवश्यकता खासै पर्दैन भने यो कार्यमा बाहुनको अनिवार्यता हुन्छ । लास घरबाट सागरतर्फ लैजाने बेला यस जातिको संस्कार अनुसार सो घरमा भएका अन्नहरु सबै मिसाएर दुईवटा ढकियामा राखी काठमा दुईतिर बाँधी बाहुनको छोरालाई काँधमा बोक्न लगाइन्छ । उसले बोकेर सागरसम्म पुऱ्याउँछ । सागरमा अन्य जातिले झैं थारु जातिले पनि दाउराको सलो तयार गरी मलाम गएका सबै मलामीहरुले त्यो ढकियाको अन्न सलामा छर्कन्छन् अनि लासमा आगो दिइन्छ । लास जलेपछि आफ्ना सन्तान, ज्वाई, भाञ्जा लगायतले कपाल काट्छन् र नुहाई धोई गरी घर फर्कन्छन् । यता घरमा भएका महिलाहरु सबैले गाउँका महिलाहरु जम्मा भएर घर लिप्ने भाँडाहरु सबै माझ्ने र सबै जम्मा भएर नदी, तलाउ वा धारामा गएर सरसफाई गर्दछन् । साँझ घर मलामी आइपुगेपछि सबै आफन्तहरुले जम्मा भएर मृतकलाई 'धरम भात' खुवाउने चलन छ । त्यो धरम भात खुवाउँदा सबैले जमिनमा पातमाथि थोरैथोरै भात राख्छन् र मृतकलाई सम्झेर त्यो भात अर्पण गर्दछन् । पछि त्यो भात उठाई गोरुलाई खुवाइन्छ । टाढाका इष्टमित्रले खाना खान्छन् । मलाम गएका मलामीहरुलाई वीच बाटामा पाइक पर्ने ठाउँमा नास्ता ख्वाइन्छ । थारु जातिको अन्य देवी देवताको पूजा पाठमा गुरुवालाई बोलाइन्छ भने मृत्यु संस्कारमा आफ्नै छुट्टै बाहुनलाई बोलाइन्छ ।

अन्य जातिमा जस्तो थारु जातिमा छोराले कोरामा बस्नु पर्ने हुँदैन । उसले केवल सरसफाइ गरी चोखो खाना आफैले पकाएर खान्छन् । मृत्यु संस्कारमा सानो बालकको तीन देखि पाँच दिनमा शुद्ध हुने चलन छ भने ठूलो मान्छनेको अवस्था हेरी वर्षा मौसममा भए ५, ७, ९ दिनमा र हिउँदमा खेतीको समय नहुँदा १२, १३ दिनमा शुद्ध हुने प्रचलन छ । शुद्ध हुने दिन आफन्त सबै जम्मा हुन्छन् र त्यसदिन सुँगुर र साँढ काट्ने चलन छ । पहिले सुँगुर साँढ काटेर सबैलाई खुवाउने चलन थियो भने आजभोलि सानो पाठो काटेर नखाने प्रचलन पनि चलेको

छ । एकातिर त्यही घरमा मृत्य भएको र त्यही घरमा काटमार गर्ने हुँदा दुःखमा खुशियाली मनाउनु राम्रो होइन भनी यसलाई हटाउनु पर्दछ भन्ने चर्चा पनि चल्न थालेको पाइन्छ । मरेको मृतकको नाउँमा दशैंको नवमी तिथिका दिन माछाको तिहुन, मासको तिहुन र पवैं साग, चिचिण्डा (कौंठा)को तिहुन र पिंडालुको गावाको तिहुन गरी पाँच थरी तरकारी पाँचवटा दुनामा राखी एउटा टपरीमा भात राखिन्छ र पितृको नाममा दिइन्छ । यसलाई 'पितर' भनिन्छ ।

### २.७.२. चाड-पर्वहरु

अन्य जातिहरुले झैं सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिले पनि विभिन्न चाडपर्वहरु मनाउँछन् । ती निम्न छन्-

#### १. हरदुई

यो पर्व वर्षाको खेती पाती सकिएपछि प्रायः गरी भदौ महिनामा मनाइन्छ । यो पर्वमा गाउँका सबैलाई बोलाएर खानपिन गराउने चलन छ । यो पर्वमा तीन दिन कुनै पनि घरभन्दा बाहिरको काम नगरी पूर्ण रुपले विश्राम गरी खानपानमै मस्त रहने गरिन्छ ।

#### २. जन्माष्टमी

यो कृष्ण जन्माष्टमी पर्व हिन्दूहरुले झैं थारु जातिले पनि मनाउने चलन छ । यस पर्वमा जसरी कृष्णको जन्म हुँदा उनकी आमालाई दुःख हुन्छ । बेहोस् अवस्थामा असाध्यै प्रसव वेदना भोग्दै कृष्णलाई जन्म दिन्छिन् । कृष्णकी आमाको दुःखलाई साथ दिनका लागि थारु महिलाहरु पनि ब्रत बस्ने र साँझमा पूजा गरी फलफूल र रोटी खाने चलन छ ।

#### ३. तीजको ब्रत

यो पर्वमा थारु पुरुषहरुले ब्रत बस्दछन् । तीजको साँझ पूजा गरी फलफूल चढाउने काम हुन्छ अनि रोटी र फलफूल खाई ब्रतालुको ब्रत सम्पन्न हुन्छ । भोलिपल्ट विहान भगवान्लाई चढाएको फलफूल, पुरी रोटी, ५ किसिमका तरकारी र भात लिएर आफ्ना दिदी-बहिनीहरुलाई दाजुभाइले घरमा पुर्‍याउनु पर्दछ । यसरी यो चाडमा दाजुभाइले दिदी-बहिनीलाई खाना खुवाई चाड सम्पन्न हुन्छ ।

#### ४. दशैं:

यो पर्व हिन्दूहरुले घटस्थापनाका दिनदेखि अष्टमीसम्म जसरी मनाउँछन् । थारु जातिले पनि त्यही रुपमा मनाउँछन् भने नवमीका दिन त्यो सालभित्र वा पहिले वितेका आफ्ना पूर्वजको

श्राद्ध गर्ने चलन हुन्छ । नौ दिन नवदुर्गाको पूजा गरी दशमीमा ठूला र मानयनजले सानालाई टीका लगाई आशिर्वाद दिने चलन छ । यो पर्वमा १० दिनसम्म कुनै काम नगर्ने चलन छ ।

**५. तिहार**

यो पर्व पहिले -पहिले मनाउने चलन थिएन । आजभोली हिन्दूहरुको प्रभावले दाजु-भाइलाई दिदी-बहिनीले टिका लगाई मनाउने चलन शुरु भएको छ ।

**६. माघी**

थारु जातिको यो पर्व सबैभन्दा महत्वपूर्ण पर्व हो । यस पर्वमा १५ दिन अन्य कुनै काम नगरी यही पर्व मनाउने चलन छ । थारु जातिमा माघीबाट सम्पूर्ण वार्षिक योजनाहरु बनाएर लागु गरिन्छ । यो अवसरमा घरका सबै जम्मा भई आफ्ना देवी-देवताहरुको पूजा गर्ने चलन हुन्छ । यस अवसरमा माघे सक्रान्तिको विहान सबैजना नदी, कुवा, जलाशय आदि ठाउँमा गई सरसफाइ गरेर घर फर्कन्छन् र दाजुभाइले दिदी-बहिनीलाई ५ उन्जा (अञ्जुली) चामल, ५ उञ्जा मासको दाल, ५ उञ्जा नुन अलगै छुट्याएर दिने चलन छ । दिदी-बहिनी टाढा भए सो चिज बेचेर नगद वा अनय जिन्सी सामान दिने प्रचलन छ । यो माघीको अवसरमा गाउँका केटा-केटी, बुढा-पाका सबै मिलेर सिंगारिएर नाच-गान गर्ने चलन छ ।

**२.७.३. पूजा-पाठः**

**१. भूँयर (भूमि) पूजाः**

भूँयर (भूमि) पूजा गर्ने चलन छ । यस पूजामा जगन्नाथ ५ पाण्डव, सुर्खेत उपत्यकाभित्र भएका विभिन्न देवी-देवताहरुको समेत पूजा गर्ने गरिन्छ । यस पूजामा घर भित्रका देवता र बाहिरका गरी सबै देवताको पूजा हुन्छ ।

**२. हर्या गुदै (हरेली) पूजाः**

यसको पूजा भदौको महिनामा गरिन्छ । यस अवसरमा सबै देवी-देवताहरुको पूजा गर्ने, मकै आदि नयाँ अन्न चढाउने र मादल आदि बाजाहरुको पनि उद्घाटन गरी बनाउन खुल्ला गर्ने चलन छ ।

**३. औंली लिने**

यसलाई धानको मुठी लिने भनिन्छ । प्रायः गरी मंसिरको महिनामा यो कार्य गरिन्छ । यस अवसरमा विहान घरको मूली मानिसले नुहाइ-धोइगरी कसैसँग नबोली खेतमा गएर एक

मुठीमा जति धानका बाला आउँछन् त्यतिमात्र एक सप्कोमा काटेर घर ल्याई हरेली पूजा गर्दा जुन-जुन देवी-देवताको पूजा गरिएको थियो । त्यही-त्यही ठाउँमा त्यो धानको बाला चढाइन्छ । यो धान चढाइने जति सबै थारु जातिका देवता मानिन्छन् ।

### ४. धुर्या गुरै

यसको पूजा बैशाख महिनामा गरिन्छ । यस अवसरमा गुरुवाहरुले गाई वस्तुलाई रोग नलागोस् भनी बन्धन् गर्दछन् । यो प्रायगरी खेती गर्ने गोरीलाई रोग नियन्त्रणका लागि या कर्म गरिन्छ ।

## २.७.४. देवी-देवताहरु

सुर्खेत उपत्यकामा बस्ने थारु जातिहरुले मान्ने देवी-देवतामा जगन्नाथ, भेरवा, डेमण्डौरा लगायत ४ देवता र यिनीहरुकी बहिनी मानिने पिठागुरिन् देवी गरी ५ वटा देवी-देवताको पूजा गर्ने र यिनीहरुलाई नै मुख्य देवी-देवता मान्ने प्रचलन छ । यिनीहरु घरभित्रका देवता मानिन्छन् ।

## २.७.५. धार्मिक ग्रन्थ

गुर्बावकवाको जर्मौटी धुन्नु, वर्कीमार र औषधि, जडिबुटी सम्बन्धी लेखिएका केहिकिताव बाहेक धार्मिक ग्रन्थका रुपमा अनय ग्रन्थ नभएको सुर्खेत स्थित थारु समुदायबाट जानकारी हुन आउँछ

## २.७.६. लोक गीत

### १. बारमासे गीतः

थारु जातिमा बाह्रै महिना मेलापात, घाँस दाउरा जाँदा र अन्य अवसरमा निरन्तर गाउने गीतलाई बारमासे गीत भनिन्छ ।

### २. सख्या गीत

भदौ महिनामा धेरै महिलाहरु जम्मा भई महिलाहरुले गीत गाउने र महिलाहरु नै नाच्ने गर्दछन् भने पुरुषहरुले मादल बजाउने काम गर्दछन् । यस अवसरमा सुर्खेत उपत्यकामा भएका सबै देवी-देवताको नाम गुरुवाले पुकार्दछन् र त्यसै तालमा केटीहरु नाचने गर्दछन् । यही गीतलाई ने सख्या गीत भनिन्छ ।

### ३. मागर गीत

मंगल कार्यमा गाउने हुनाले यसलाई 'मागर' गीत भनिएको हो । यो गीत विवाहको अवसरमा केटा-केटी दुवैले गाउने र नाच्ने चलन छ ।

### ४. बर्कीमार गीत

यो दशैंको अवसरमा गाउने गीत हो । यो गीत दशैंमा देवी-देवताहरुलाई पूजा गर्दा टिका लगाउँदा गाउने गरिन्छ ।

### ५. ढुग्रु गीत

यो गीत माघे सक्रान्तिको राती गाइन्छ । यसमा पुरुषहरुले गीत गाउँछन् र नाच्ने पनि गर्दछन् ।

### ६. सजना गीत

यो गीत वैशाख महिनामा गर्मी भएका बेला भगवान्सँग पानी माग्नका लागि गाउने गरिन्छ । यो गीत गाउँदै एउटा गाउँका मानिसहरु अर्को गाउँमा गाई लिन (गैया बेर्न) जाने भन्ने चलन छ । जसमा एउटा गाउँका केटीहरुले केटाको भेषधारण गरेर अर्को गाउँकी कुनै महिलालाई लिएर आउँछन् । तयसलाई गैया ल्याउने भनिन्छ । त्यो अर्को गाउँबाट ल्याएकी महिलालाई छुटाउन त्यो गाउँका महिलाहरु आउँछन् । यसरी गीत गाउँदा ब्रम्हा, विष्णु र महादव आउँछन् र सबै देवताहरुले भगवान् महादेवलाई पानी दिनु पर्‍यो जनताले दुःख पाएका छन् भनि अनुरोध गर्दछन् । त्यो अनुरोधलाई स्वीकार गरी महादेवले पानी दिन्छन् भन्ने भनाई छ । उपर्युक्त कार्य गरिसकेपछि सबै जना आ-आफ्नो काम तर्फ लाग्दछन् । यसरी वैशाख महिनामा सजना गीत गाइन्छ ।

### ७. लाखी गीत

यो पनि पानी माग्ने गीत हो । गर्मी मात्रामा पुरुषहरुले यो गीत गाउँदै भगवान् महादेवको गुणगात गाउँछन् र पानी माग्दछन् ।

### ८. सिङ्रु गीत

यो गीत पनि पानी माग्नका लागि गाइन्छ ।

### ९. वन गीद्वा

यो वनमा गाउने गीत भएकाले वन गीद्वा भनिएको हो । यो गीत बनमा हलो-जुवा काट्न गएका बेलामा राती वनमा नै वास बस्ने र गीत गाउने गरिन्छ ।

### १०. मैना गीत

यो वैशाख, जेठ महिनामा गाउने गरिन्छ । वैशाख, जेठ महिनामा गाउने भएकाले 'महिना'का नामबाट मैना भनिएको हो ।

### १२. डम्फू गीत

यो गीत विवाहमा केटा तर्फबाट दुलही लिन जाँदा डम्फूको तालमा गाउने गीत भएकाले डम्फू गीत भनिएको हो । यो प्रायः विवाहमा गाइन्छ ।

## २.७.७. लोक नृत्य

### १. छोक्रा नाच

यो नाच केटा-केटी दुवैले गीत गाई नाच्ने चलन छ । त्यसलाई नै छोक्रा नाच भनिन्छ ।

### २. मौरङ्या नाच

### ३. भरतार नाच

### ४. मघौटा नाच

यो नाच माघीको अवसरमा माघीको बारेमा गीत गाएर नाचिन्छ ।

### ५. बरका नाच

यस नाचमा गुरुवाले देवी-देवताको नाम जपेर अन्य मानिसहरुलाई नचाउँछन् । त्यसलाई नै बरका नाच भनिन्छ ।

### ६. लठवा नाच

यो नाच पुरुषहरुले लट्ठी नचाएर नाच्ने गर्दछन् ।

## २.७.८. धर्म

सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भनाइ अनुसार "केही हिदूहरुको प्रभावले हिन्दूधर्मसँग मिल्दा व्यवहार र चाडपर्व मानेता पनि हामी बौद्ध मार्गी हौं " भन्दछन् । भगवान गौतम बुद्ध मतवाला हुन् र हामी पनि मतवाला भएकाले हाम्रो मुख्य धर्म बौद्ध हो भन्दछन् र

उनीहरुले श्रृष्टिकर्ताका रुपमा भगवान् गुर्वावालाई मान्दछन् । बौद्ध धर्मका अनुयायी भएतापनि सुर्खेतमा बस्ने थारु जातिले हिन्दू र बौद्ध दुवै धर्म मानेको पाइन्छ ।

### २.७.९. पेशा

सुर्खेत उपत्यकावासी थारु जातिको मुख्य पेशा कृषि नै हो । सहायक पेशाका रुपमा आज-भोलि उद्योग, व्यापार र केही मानिसहरु शैक्षिक तथा अन्य सरकारी कार्यालयमा नोकरी गर्ने गरेको पाइन्छ भने केही गैरसरकारी संस्थामा पनि नोकरी गर्ने गरेको अवस्था छ ।

### २.७.१०. खेलकुद

**१. टाठ्ठी खेल**

थारु जातिमा केटा-केटी दुवैले लठ्ठीद्वारा खेलिने गरी खेल र लठ्ठी नचाउने खेल खेल्दछन् ।

**२. घुलघुले खेल**

यो खेलमा लामो लठ्ठीलाई तेस्रो पारेर जमिन नजिकबाट घर्सिने गरी फ्याकिन्छ र जसले टाढा पु¥यायो त्यसको बाजी भएको मानिन्छ ।

**३. गुलेली खेल्ने**

केराको थाममा तीखो काठ निसाना राखिन्छ र गुलेलीबाट मट्याङग्रा हानिन्छ । जसले त्यो निसानामा लगाउन सक्यो त्यसको विजय मानिन्छ ।

४. कपर्दी लगायत अन्य खेलहरु पनि खेल्ने चलन छ ।

### २.७.११. महिलाको दायित्व

थारु समाजमा निर्णयक तहमा पुरुषहरु नै रहेता पनि अन्य जातिका महिलाका तुलनामा थारु जातिका महिलाहरुले खेती गर्ने, गाई वस्तु पाल्ने, घरको राखन-धरन गर्ने, ज्याला मजदुरी गर्ने र आफूहरुले धेरै जिम्मेवारी बहन गर्ने गरेको पाइन्छ ।

### २.७.१२. भेष-भूषा

**१. पुरुषहरुको भेष-भूषा**

पुरुषहरुले भित्र चौबन्दी भुलवा (दौरा) बाहिर आस्कोट लगाउँछन् भने पाइन्टको ठाउँमा लँगौटी लगाउने र प्रायः खाली खुट्टा हिंड्ने प्रचलन पहिले थियो । अब त्यो चलन एकदमै न्यून भैसकेको छ ।

**२. महिलाहरुको भेष-भूषा**

महिलाले सानो छँदा र विवाह गरेपछि पनि बच्चा नजन्मदासम्म चोलीीय लगाउँछन् । बच्चा जन्मेपछि माथि अंगीया र कुर्ता लगाउँछन् भने तल गुनियो लगाउने चलन छ । गुनियो अरु महिलाले भन्दा छोटो लगाउँछन् । यो गुनियो नैनसुत, छालिटनको हुन्छ । यो प्रायगरी सेतो रङ्गको नै लगाउने चलन हुन्छ ।

### २.७.१३. हस्तकला र चित्रकला

थारु जातिको समग्र इतिहास हेर्दा हस्तकला र चित्रकलामा धेरै नै दक्षता हासिल गरेको पाइन्छ । सुर्खेत परिवेशलाई हेर्दा पनि चित्रकलामा केही रुपमा चित्रहरु बनाउने गरेको पाइन्छ भने हस्तकलाका क्षेत्रमा अग्रता हासिल गरेको पाइन्छ । पुरुषहरुले पनि हस्तकलाका सामग्री निर्माण गर्दछन् । हलो-जुवा बनाउने, डोको-डालो बुन्ने, घर बनाउने, इट्टा पार्ने लगायतका काम गर्दछन् । त्यसको तुलनामा महिलाहरुले आफ्नै स्थानीय स्तरमा प्राप्त कच्चा सामग्रीलाई प्रयोग गरी विभिन्न सामग्रीहरु निर्माण गर्दछन् । जस्तैः

१. ढकिया (मालसामान राख्ने भाँडो)

२. भउका (मालसामान राख्ने भाँडो)

३. डेलवा (विशेष अवसरमा प्रदर्शन गर्ने भाँडो)

४. बेर्श (टाउकामा राख्ने विंणा)

५. डेह्वा (अन्न राख्ने भाँडो) माटाको

६. कुथ्ली (अन्न राख्ने भाँडो)

७. कन्ठी (हातमा बाँध्ने एक किसिमको वाला)

८. माटाका गाग्री लगायत अन्य विभिन्न सामग्रीहरु पनि निर्माण गर्दछन् ।

यसरी थारु जातिमा हस्तकला र चित्रकलाका क्षेत्रमा पपुरुष भन्दा महिला बढी सम्पन्न र सक्रिय देखिन्छन् ।

## २.७.१४. शैक्षिक अवस्था

सुर्खेत उपत्यकाका थारु जातिको शैक्षिक अवस्थालाई हेर्दा धेरै जसो वालवालिकाहरु विद्यालय जाने गरेका र केही आर्थिक अवस्था र चेतनाको स्तर कम भएका कारण विद्यालय नगई अन्यत्र अरुको काम गर्ने र घरायसी काममा व्यस्त रहने अवस्था छ भने विद्यालय जानेहरुमध्ये केही बच्चाहरुले विहान-साँझ घरमा बढी काम गर्नुपर्ने कारणले पढाइमा कमजोर भै स्तर कायम गर्न नसकी वीचमा नै कक्षा छाड्ने गरेको पाइन्छ । समग्रमा हेर्दा शैषिक स्तर बृद्धिको क्रममा छ । कतिपय शैक्षिक क्षेत्रमा कार्यरत छन् भने कतिपय स्नातक तहपार गरी डिग्री तहमा अध्ययनरत छन् । कतिपय राजनैतिक र सामाजिक क्षेत्रको नेतृत्व तहमा समेत पुग्न सफल भएका छन् ।

## २.७.१५. आर्थिक अवस्था

पुरानो अवस्थाबाट काँचुली फेर्दै केही थारु जातिहरुले लवाई-खुवाई र बसाईमा प्रगति गरेको देखिन्छ । केही व्यक्तिहरुको स्थिति अझै पनि दयनीय रहेको पाइन्छ । यसको मूल जड बेरोजगार र अशिक्षा नै हो ।

# खण्ड : तीन

## ३. तथ्याङ्क संकलनका श्रोतहरु, उपकरणहरु र तथ्याङ्क संकलनका विधि

### ३.१. तथ्याङ्क संकलनका श्रोतहरु

'तथ्य' र अङ्क शब्दको समुच्चयबाट तथ्याङ्क शब्दको निर्माण भएको छ । यस अर्थमा कुनै पनि तथ्य विषय वस्तुहरुलाई अङ्कमा व्यक्त गर्नुलाई (Data) तथ्याङ्क भनिन्छ । तथ्याङ्कहरुलाई जम्मा पार्ने काम नै तथ्याङ्क संकलन कार्य हो ।

विभिन्न कारणहरु/तथ्यहरुले सही र वास्तविक तथ्याङ्क संकलनलाई एक जोखिमपूर्ण, खर्चिलो, चुनौतिपूर्ण र जटिल कार्य मान्न सकिन्छ । अनुसन्धान कर्ताले अनुसन्धानमा प्रयोग गर्ने विधि, साधन (उपकरण) र प्रक्रियाहरु वीचको अन्तर सम्बन्धबारे स्पष्ट हुन जरुरी छ । तथ्याङ्क संकलन विधि भन्नाले अध्ययनको एक व्यवस्थित प्रणाली हो । साधन भन्नाले व्यवस्थित प्रक्रियामा प्रयोग गरिने औजार हो र प्रक्रिया भन्नाले अधययन गरिने क्रियाकलाप वा तरिका हो । यसर्थ शैक्षिक अनुसन्धानमा अनुसन्धानकर्ताले कस्ता विधि साधन र प्रक्रियाहरुको उपयोग गर्ने त्यस्ता विधि तथा साधनहरुको प्रकृति कस्तो छ ? त्यसका फाइदा र सीमितताहरु कस्ता छन् ? तिनको जटिलता कस्तो छ ? तिनको निर्माण, उपयोग र व्यवस्था गर्न सम्भव हुन्छ कि हुँदैन ? भन्ने आधारबाट विधि तथा साधनहरुको निर्माण तथा उपयोग गर्नुपर्दछ । सामान्यतया प्रस्तुत शोधमा ऐतिहासिक वर्णनात्मक, विश्लेषणात्मक पुस्तकालीय, आगमनात्मक, अन्वेषणात्मक विधिको प्रयोग गरिएको छ ।

अनुसन्धान प्रक्रियामा समस्याको चयन, उद्देश्यको निर्धारण र अनुसन्धान ढाँचा तयार गरिसकेपछि तथ्याङ्क संकलन प्रक्रिया शुरु हुन्छ । जुन माध्यमबाट तथ्याङ्कको संकलन गरिन्छ, त्यसलाई तथ्याङ्क संकलनका श्रोतहरु भनिन्छ । तथ्याङ्क संकलनका दुईवटा श्रोतहरु छन् -

#### ३.१.१. तथ्याङ्कको प्राथमिक श्रोत

सामान्यत: शोधार्थीले आफ्नै प्रयासमा पहिलो पटक प्राप्त गरेका सामग्रीहरुलाई प्राथमिक वा मौखिक श्रोतबाट संकलित सामग्री भनिन्छ । यसलाई अरु कसैले प्रयोग गरेका हुँदैनन् ।

यस्तै यस शोधमा प्राथमिक श्रोतको तथ्याङ्क प्राप्त गर्नको लागि निम्न उपकरणहरुको प्रयोग गरिएको थियो ।

१. अवलोकन

२. प्रत्यक्ष सम्पर्क

३. अन्तरवार्ता

४. प्रश्नावली

५. समस्या अध्ययन

६. परिक्षण प्रश्नहरु

७. प्रयोग

८. सर्वेक्षण

९. मतावली

यी माथि उल्लेख गरिएका सवै उपकरणहरु सवै खालका अनुसन्धानमा उपयुक्त नहुन पनि सक्छन् । अतः अनुसन्धानको उद्देश्य र प्रकृति अनुसार तथ्याङ्कहरु संकलन गर्न सोही अनुसारका साधनहरु वा उपकरणहरुको प्रयोग गर्नुपर्दछ । अनुसन्धानकर्ताको रुचि, क्षमता, आर्थिक पक्ष, अनुसन्धानको विषयवस्तु र समयले पनि तथ्याङ्क संकलनको सामग्री छनौटमा प्रभाव पार्न सक्दछ ।

यस शोध वा अनुसन्धानको प्रकृति अनुसार तल उल्लेख गरिएका उपकरणहरुको उपयोग गरेर प्राथमिक श्रोतको तथ्याङ्कहरु संकलन गरिएको छ ।

१. अन्तरवार्ता


२. प्रश्नावली

३. मतावली

### १. अन्तरवार्ता

यसलाई Inquiry Form पनि भनिन्छ । सम्बन्धित विषयवस्तुमा आधारित भै निर्माण गरिएको प्रश्नहरुको सूची नै प्रश्नावली (Questionnaire) हो । अनुसन्धान कर्ताले तयार गरेका

प्रश्नावलीबाट संकलित सामग्रीहरुलाई प्राथमिक श्रोतबाट संकलित सामग्रीहरु भनिन्छ । भाषिक अनुसन्धानमा सबै प्रकारका सूचनाहरु संकलन गर्न प्रश्नावलीको उपयोग व्यापक मात्रामा गरिएको पाइन्छ । प्रश्नावलीका माध्यमबाट सूचना संकलन गर्दा अनुसन्धान कर्ताले आशा गरेका सूचनाहरु दिन सक्ने उत्तरदाता छनौट गर्न ज्यादै आवश्यक हुन्छ । छरिएर रहेका उत्तरदाताहरुको समूहमा, व्यक्तिगत रुपमा प्रश्नावली पठाउनु पर्ने हुँदा आर्थिक भार तथा समय पनि बढी लाग्न सक्छ । तसर्थ प्रश्नावली निर्माण र प्रशासनमा बढी ध्यान दिनु पर्दछ । प्राप्त सूचनाहरुलाई बढी विश्वसनीय बनाउन उत्तरदाताको छनौट, प्रश्नावली, त्यसको प्रशासन तथा अनुगमनमा विशेष सतर्कता अपनाउनु पर्दछ । सामान्यतः प्रश्नावली निम्न प्रकारका हुन्छन् -




## (क) संरचित प्रश्नावली

यसलाई निर्देशित प्रश्नावली पनि भनिन्छ । प्रश्नावली निर्माण गर्नुपूर्व उत्तर दाताको राम्ररी सोचविचार गरी निश्चित असंदिग्ध र पूर्व निर्धारित गरी निर्माइण गरिएको प्रश्नावलीलाई संरचित प्रश्नावली भनिन्छ । यस्तो प्रश्नावली २ प्रकारको हुन्छ -

### (अ) खुल्ला प्रश्नावली

यस प्रकारको प्रश्नालीमा प्रश्नहरु दिईएको हुन्छ तर बैकल्पिक उत्तरहरु दिइएका हुँदैनन् । अतः उत्तरदाताको आफ्नै विचार र विवेकले प्रत्येक प्रश्नको जवाफ दिंदै जानुपर्दछ । जस्तै : थारु भाषा र संस्कृति सम्बन्धी सोधिएका खुल्ला प्रश्नावलीको नमूना तल दिइएको छ ।

- सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जाति र सुदूरपश्चिममा बसोवास गर्ने थार जातिमा भाषागत अन्तर के कस्तो छ ?
- तपाईहरु आफूहरुलाई बौद्धिष्ट भन्नु हुन्छ तर तपाईहरुको धेरै क्रियाकलापहरु हिन्दूहरुसँग मिल्दा जुल्दा छन् किन ?

**(आ) बन्द प्रश्नावली**

प्रश्नको साथमा बैकल्पिक उत्तरहरु समावेश गरिएका प्रश्नावली बन्द प्रश्नावली हुन् । यसमा उत्तरदाता उत्तर दिनुपूर्व स्वतन्त्र हुँदैन । थारु भाषा र संस्कृति सम्बन्धी अनुसन्धानको निम्ति बन्द प्रश्नावलीको नमूना तल प्रस्तुत गरिएको छ -

मिल्दो उत्तर (क), (ख), (ग) र (घ) मध्ये कुनै एकमा (√) चिन्ह लगाउनु होस् ।

- थारु भाषाको इतिहास कुन भाषासँग जोडिएको छ ?

(क) भोटबर्मेली (ख) भारोपेली (ग) द्रविड (घ) आग्नेयी

- तपाईहरु अल्पसंख्यामा हुँदा पनि आफ्नै भाषा किन प्रयोग गर्नुहुन्छ ?

(क) थारु भाषा सजिलो भएकाले (ख) पुरानो भाषा भएकाले

(ग) माध्यम भाषा भएकाले (घ) आफ्नो भाषा र संस्कृतिलाई कायम राख्न

**(इ) मिश्रित प्रश्नावली**

बन्द र खुल्ला दुवैखाले प्रश्नहरु समावेश गरी तयार गरिएको प्रश्नावलीलाई मिश्रित प्रश्नावली भनिन्छ । यस प्रकारको प्रश्नावलीमा वस्तुगत र विश्लेषणीय प्रश्नहरु हुने हुनाले गहन अध्ययन गर्न सकिने हुन्छ ।

**(ख) असंरचित प्रश्नावली**

पूर्वनिर्धारित नगरिएको, प्रश्न गरिरहेको बेलामा आवश्यकतानुसार थप प्रश्नहरु समावेश गरिदै जाने प्रकारका प्रश्नावलीलाई अनिर्देशित वा असंरचित प्रश्नावली भनिन्छ । यसमा उत्तरदाता उत्तर दिन स्वतन्त्र हुने, लचिलो हुने, थप प्रश्नहरुको माध्यमबाट सूक्ष्म र स्पष्ट उत्तर प्राप्त गर्न सकिने आदि यस प्रकारका प्रश्नावलीका विशेषताहरु हुन् ।

**(ग) चित्रमय प्रश्नावली**

चित्रको माध्यमबाट प्रश्नहरु निर्माण गरिने कार्य चित्रमय प्रश्नावलीमा हुने गर्दछ । यसको चित्रात्मकताको माध्यमबाट प्रश्न सोधी उत्तरको अपेक्षा गरिन्छ ।

## ३.२. तथ्याङ्क संकलनका उपकरणहरु

हाम्रो यस शोधमा निम्न लिखित तथ्याङ्कका उपकरणहरु थारु भाषा र संस्कतिसँग सम्बन्धित विभिन्न व्यक्ति तथा संस्थाहरुमा प्रयोग गरी तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ। जसलाई तल प्रस्तुत गरिएको छ -

**उपकरण नं. १ :**

यस उपकरण नं. १ मा उत्तर दाताको उचित छनौट गरी संरचित प्रश्नावली अन्तरगत खुल्ला प्रश्नावली निर्माण गरी उत्तरदातालाई दिइएको छ । यी प्रश्नावलीमा उत्तरदाता कुनै सीमा भित्र नरही मौलिक र यथार्थ उत्तर दिन सफल हुने छन् भन्ने आशयले शोधकर्ताले शोधको उद्देश्य पूरा गर्न थप प्रमाणका लागि यी प्रश्नावली निर्माण गरी उत्तरदातासमक्ष पेश गर्नुपरेको हो ।

नमस्कार ! तपाईको परिचय ?

प्र.न.१. तपाईहरु जन्मदेखि मृत्युसम्म के - के संस्कारहरु गर्नुहुन्छ ?

प्र.न.२. तपाईहरु आफूहरुलाई बौद्धमार्गी भन्नु हुन्छ, तपाईहरुका क्रियाकलाप हिन्दूहरुसँग मेल खाने खालका छन्, यसमा तपाईको भनाई के छ ?

प्र.न.३. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिले आफ्नो भाषा र संस्कृतिको जगेर्ना गर्न सकेको छ ?

प्र.न.४. राष्ट्रिय स्तरमा भएको थारु जातिको भाषा र संस्कृति विकासमा सुर्खेत उपतयकाको स्थान कस्तो छ ?

प्र.न.५. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको विकास गर्न तपाईको संस्थाले के भूमिका निर्वाह गरेको छ ?

## भरिएको प्रश्नावली

फोटो

नमस्कार ! मेरो नाम मानबहादुर चौधरी 'पन्ना' हो ।

म थारु कल्याण कारिणी सभा सुर्खेतको कोधाध्यक्ष, थारु विद्यार्थी सभाको सल्लाहकार हुँ ।

**प्रश्न नं. १ सँग सम्बन्धित :**

हामी दाङबाट आएका थारुहरु हौं । सुर्खेतका अधिकांश थारु दाङवासी भएकाले यहाँका थारुहरुको जन्मदेखि मृत्युसम्मको संस्कारहरु विस्तृत रुपमा भन्नुपर्दा - श्री गोपाल दहित ले प्रकाशन गरेको "थारु संस्कृति" भन्ने पुस्तकमा रहेको छ । जुन सुर्खेतका थारुहरुले गर्ने परम्परा, संस्कृति, संस्कार ठ्याम्मै मिलेको पाइन्छ । सो पुस्तक हेर्नुहोला ।

**प्रश्न नं. २ सँग सम्बन्धित :**

हामी बौद्धमार्गी हौं । यस भनाइमा दुईमत छैन । थारुहरुका क्रियाकलाप, स्वभाव, बानी, आचरण, इमान्दारिता र अहिंसात्मक पाइनु बौद्ध मार्गीको विशेषता नै हो । बुद्धकी आमा स्वयम् थारुकी चेली हुन् । भर्खरै थार अन्तर्राष्ट्रिय सम्मेलनको बौद्ध गोष्ठी विचारमा डा् केशवमान शाकय एवम् विद्वान मजिलाल थारुले प्रस्तुत गरेको खोज एवम् कार्यपत्रका अनुसार बुद्धका आमा मायादेवी थारु महिला हुन भन्ने कुरा अघि सारेका छन् । यसबारे विभिन्न विदेशी एवम् स्वदेशी विद्वानहरुको भनाईलाई समेत अध्ययन विश्लेषण गर्दा सो कुरा पुष्टि भइसकेको छ ।

कुरा रह्यो क्रियाकलापको, हाम्रो संस्कार, संस्कृतिलाई मास्ने गरी जर्बजस्ती ढङ्गले हिन्दूकृत गरेकाले क्रियाकलाप हिन्दूजस्तै मात्र देखिएको हो । तरपनि थारुहरुले पूजागर्ने दशैं जस्तो पर्वमा दुर्गादेवी, भवानीको पूजा आजा नगरी मायादेवी (बुद्धकी आमा)को प्रतिक घरकी 'मैया'का नाले पूजा गर्दछौं । जुन हाम्रो थारुहरुको साझा देउता हुन् । रातो टिका प्रयोग गर्दैनौं । हामीले सेतो टिका नै प्रयोग गर्दछौं । हिन्दूकृत संस्कारको तानाशाही प्रकृति एवम् साम्प्रदायिक चक्रबाट आफ्नो दबाब षड्यन्त्रपूर्ण नीतिका कारण थारुहरु पनि अछुतो रहन सकेनन् । जसले गर्दा हिन्दूहरु जस्तै क्रियाकलाप गरिएको जस्तो देखिएको हो । वास्तवमा आफै पनि थारुहरुले पारोहित पण्डितबाट कर्मकाण्ड गरिएको जानकारी मैले पाएको छैन । आफ्नै घरपरिवार टोलवासीबाटै सामानय ढङ्गले मृत्यु संस्कार, विवाह संस्कार लगायत सवै आफैबाट पूरा गरिन्छ ।

तसर्थ मेरो व्यक्तिगत विचारमा थारुहरु हिन्दू होइनन् । आफ्नै छुट्टै धर्म छ । त्यो हो 'थारु लोक धर्म' जुन कुरामा थारु विश्वास गर्दछन् । त्यही मान्छन् । प्राकृतिक कुरासँग नजिक रहने

थारु जाति प्रकृति पूजक छन् । हिन्दूसंस्कारको बाध्यकारी नीतिका कारण थारुहरुको संस्कार हिन्दू जस्तै देखिएको हो ।

नेपालका प्राचीनकालदेखि अहिलेको वर्तमान परिस्थितिमा समेत सामान्तवादी सोच, संस्कार, राज्य सत्तामा हिन्दूहरुकै बोलवाला भएका कारण नेपालका मूलवासी ९क्ष्लमष्नभलयगक० सँधै थिचोमिचोको चक्रव्यूहमा पिल्सिएको यथार्थ छर्लङ्ग छ ।

**प्रश्न नं. ३ सँग सम्बन्धितः**

नेपालको तराई क्षेत्रमा सदीयौंदेखि रहँदै वस्दै आएका थारुजाति नेपालको मूलवासी छन् भन्ने कुरामा दुईमत छैन । तथापी यस जातिको विकासका लागि राज्य पक्षले कहिल्यै पनि चासो र सरोकार देखाएन । नेपाल एकिकरण पछि राणाशासन होस चाहे पञ्चायती व्यवस्थाका शासक छन् । थारुहरुको लागि विनासकारी नीति बाहेक अफ्र कें गर्न सकेन । तराइको जङ्गल फाँडेर मंगल बनाउने थारु भूमिहीन अवस्थामा पुगेर कमैया, हलिया एवम् कमलह्री बने । मालिक र राज्यका शासक त्यही सर्वसत्तावाद नायक खलनायकहरु मात्र भएकाले थारुहरुको भाषा, संस्कृति संस्कार संरक्षणका लागि कहिल्यै उचित कदम चाल्न नसकेका कारण थारु जातिको पहिचान विस्तारै लोप हुने अवस्थामा पुगेको छ ।

सुर्खेतको सन्दर्भमा भन्नुपर्दा पनि दुःखित अवस्था छ । स्थानीय निकाय जि.वि.स. एवम् गा.वि.स. आदिवासी जनजातिका लागि आएका विकासे बजेट पनि थारुहरुको लागि कहिल्यै खर्च हुन सकिरहेको छैन । राज्यले नीति बनाएर कार्यान्वयन गर्न नसकेको कारण पनि थारुहरुको भाषा, साहित्य, संस्कृति, संस्कार, परम्पपरा अहिले भत्कने अवस्था छ । मुख्य रुपमा लाटीकोइली, उत्तरगंगा, वीरेन्द्रनगर नगरपालिका र जर्बुटा गा.वि.स.मा अवस्थित सुर्खेतका भाइहरुको भाषा संस्कृति जगेर्ना गर्न नसकेको अवस्था छ ।

तापनि शिक्षाको विकास र विस्तारले हाल सबै थारु गाउँमा थारु एवम् पिंढी शिक्षित हुने क्रम जारी छ । जसले गर्दा केही उपलब्धीमूलक काम पनि भइरहेको छ । थारु कल्याण कारिणी सभा सुर्खेतले विभिन्न थारु संस्कार जोगाउँदै समाजमा जागृति फैलाउने कार्य प्रशंसनीय रहेको छ । यस संस्थाबाट थारु भाषा बचाउका लागि “डौना बेबरी” पत्रिका केही अंक प्रकाशन गरेको छ भने थारु भाषाकै पहिलो खण्डकाव्य “किसानके जिन्दगी” पनि प्रकाशन गरेको छ । थारुहरुको महान चाड गाउँघर स्तरमा आफ्नो परम्परागत मनाउन छाडिरहेको बेलामा सामूहिक ढङ्गले मनाउनु पर्दछ भन्ने उद्देश्यले वि.सं. २०६१ सालदेखि नियमित “माघी

देवानी” पर्व महोत्सवको रुपमा मनाउँदै आएको छ । यस्ता सांस्कृतिक महोत्सवले गर्दा थारुहरुको आफ्नो संस्कृति प्रति चासो बढ्दै गएको पाइन्छ । महोत्सव विभिन्न ज्ञानवर्द्धक कार्यक्रम लगायत गीत, नाच प्रतियोगिताका कारण केही हदसम्म संस्कृति संरक्षणमा टेवा पुगेको महसुस गर्न सकिन्छ ।

**प्रश्न नं. ४ सँग सम्बन्धितः**

राष्ट्रिय स्तरमा भएको थारुहरुको भाषा संस्कृति विकासमा सुर्खेत उपत्यकाको स्थानबारे केलाउँदा देशव्यापी रुपमा भएका भेला, महोत्सव, विभिन्न कार्यशाला गोष्ठीमा सहभागिता देखाउँदै संस्कृतिको जगेर्नामा कस्तो योगदान पुऱ्याएको छ भन्ने कुरा नै हो । त्यसकारण सर्वप्रथम त राज्यले यसबारे नीतिगत रुपमा कार्यक्रम ल्याउनु पर्दछ र सबै थारु वस्तीका जिल्ला जिल्लाबाट उठेका समस्यालाई केलाएर थारुहरुको आवशयकता बुझ्नु धेरै नै जरुरी छ ।

वि.सं. २००५ सालमा स्थापना भएको थारुहरुको साझा छाता संगठन भनेको थारु कल्याण कारिणी सभा हो । यसका शाखा २४ वटै जिल्लामा स्थापित छन् । सुर्खेतमा सवभनदा पछि अर्थात २०६१ साल जेठमा स्थापना भएको हो । यसरी थारु जातिको आफ्नो भाषा संस्कृति संरक्षणमा मात्र नभई सर्वाङ्गीण विकास गर्नका लागि थारु कल्याण कारिणी सभाले आवाज उठाउँदै आएको कुरा सर्वविदितै छ । राष्ट्रिय स्तरमा भएका विभिन्न कार्यक्रममा विगत ४ वर्षदेखि सहभागिता देखाउँदै हो मा होस्टे गर्दै आएको छ । आफ्नो भाषा संस्कृति र पहिचान मेटाउने खालका कुराहरु राज्यले वेवास्ता गर्दा पटक-पटक विरोध गरेको कुरामा एक्यवद्धता जनाएको छ । मधेसी जनअधिकार फोरमले तराइ क्षेत्रलाई एक मधेश एक प्रदेश बनाउने जुन कुचेष्टा गऱ्यो । त्यसको विरोधमा थारु कल्याण कारिणी सभा केन्द्रीय स्तरदेखि जिल्ला स्तरसम्म ठूलो विरोध गऱ्यो । त्यसमा सुर्खेतले पनि विरोध कार्यक्रम गरेको छ । वास्तवमा तराइका भूमिपुत्र थारुहरुको पहिचान मेटाउने काम राज्यले गर्न खोज्दैछ । अझै पनि हाम्रो यस कुरामा असहमति रहेको छ । सन् १८१६ को सुगौली सन्धी भन्दा अगाडि पनि तराइ क्षेत्र ‘थरुहट’ प्रदेशले चिनिने गर्दथ्यो तर अहिले मुढेवल गरेर जर्बजस्त ढङ्गबाट मधेसी र राज्यको तर्फबाट एवम् ठूला राजनीतिक दलहरुले समेत हाम्रो पहिचानमा ठेस पुऱ्याउने काम गरिरहेका छन् । वास्तवमा थारु मात्र नेपाल मूल राष्ट्रिय भावना भएका नागरिक हुन् । त्यसैले थारुहरुको पहिचान संस्कार संस्कृति संरक्षणमा राज्यको आँखा तत्काल पुग्न जरुरी छ ।

**प्रश्न नं. ५ सँग सम्बन्धित :**

सुर्खेत उपत्यकाको मूल आदिवासी नै थारु जाति छन् भन्ने कुरा प्रमाणित भएको कुरा हो । थारुहरुले यस उपत्यकाको जङ्गल फाँडेर खेतियोग्य जमिनमा परिणत गरे तर आज उनीहरुको नाममा घरवाससम्म छैन । अरुको अधियाँ/बटैया लगाएर जीविकाको पार्जन गरिरहेका छन् । जहाँसम्म थारु जातिको भाषा र संस्कृतिको विकास गर्ने कुरा आएको छ । यस विषयलाई थारु कल्याण कारिणी सभाले प्रमुख प्राथमिकतामा राखेको छ । तसर्थ थारु जातिहरुको भाषा संस्कृति बचाउनका लागि विकास र सम्बर्द्धनका लागि विभिन्न पहल कदम चाल्दै आएको छ । वि.सं. २०६१ साल देखि यताको समयमा थुप्रै प्रशंसनीय कार्य गरेको देखिन्छ । जसमा -

१. थारु भाषाको पत्रिका (डौना बेबरी प्रकाशन केही अङ्कसम्म ) ।

२. थार भाषाको गीति एल्वम (श्यावक घर) उत्पादन ।

३. थारु भाषाको खण्डकाव्य (किसानके जिन्दगी) प्रकाशन ।

४. थार संस्कृति विकास गर्ने उद्देश्यले 'माघी महोत्सव'को थालनी र निरन्तरता ।

५. विभिन्न छलफल, गोष्ठी बहस सञ्चालन भएका छन् ।

यसका अलावा अन्य विकास पूर्वाधारका कार्यक्रम पनि गरेको छ । यसरी समग्र रुपमा अध्ययन विश्लेषण गर्दा थारु कल्याण कारिणी सभा सुर्खेतले आफ्नो कार्यक्षेत्रमा सन्तोषजनक प्रयास गरेको ठान्दछु ।

यसका साथै सुर्खेत उपत्यकामा रहेका थारु गाउँहरुमा विभिन्न थारु यूवा क्लवहरु गठन भई स्थानीय स्तरमा भाषा संस्कृति संरक्षणमा टेवा पुऱ्याउँदै आएका छन् । यस्ता समूह क्लवमध्ये लाटी कोइली -२ नयाँ गाउँको 'पहुँरा सांस्कृतिक समूह' र लाटीकोइली-६, पातल गंगाका गणेश जल खेलकूद तथा सांस्कृतिक मञ्चले प्रशंसनीय कार्य गरेको पाइन्छ ।

पहुरा सांस्कृतिक समूहले यही २०६५ कार्त्तिक २५ गतेका दिन सुर्खेतमा जिल्ला व्यापी 'साखिया नाच' प्रतियोगिता गराएको थियो । जुन ऐतिहासिक र महत्वपूर्ण हुन गएको छ । यस कार्यक्रममा बर्दिया, बाँकेका समेत अप्रतियोगी कलाकार तथा विद्वानवर्गहरुको सहभागिता थियो । सो कार्यक्रममा लोक नृत्य, 'छोक्रा नाच' प्रतियोगिता पनि सम्पन्न भएको थियो । सो कार्यक्रममा विभिन्न समूहहरुले निम्न स्थान प्राप्त गरेका थिए -

कार्यक्रममा प्रथम स्थानः लाटीकोइली-८, तिलपुर सुर्खेतको 'संघारी यूवा क्लव' ।

कार्यक्रममा दोश्रो स्थानः लाटीकोइली-६, पातलगंगा सुर्खेतको 'गणेशजल खेलकूद तथा सांस्कृतिक मञ्च' ।

कार्यक्रममा तेश्रो स्थानः नयाँगाउँ-२ सुर्खेतको 'पहुँरा सांस्कृतिक समूह' ।

कार्यक्रममा चौथो स्थानः उत्तरगंगा-५, ठौरी, सुर्खेतको 'नवजागरण यूवा क्लव' ।

**उपकरण नं. २ :**

यस उपकरण नं. २ मा उत्तर दाताको उचित छनौट गरी संरचित प्रश्नावली अन्तरगत खुल्ला प्रश्नावली निर्माण गरी उत्तरदातालाई दिइएको छ । यी प्रश्नावलीमा प्रश्नको उत्तर दिनु, पूर्व उत्तरदाता स्वतन्त्र नभई दिएका विकल्पहरुमा सिमित रही उत्तर दिन सफल हुनेछन् भन्ने आशयले शोधकर्ताले शोधको उद्देश्य पूरा गर्न थप प्रमाणका लागि यी प्रश्नावली निर्माण गरी उत्तरदातासमक्ष पेश गर्नुपरेको हो ।

फोटो

नमस्कार ! तपाईको परिचय ?

मेरो परिचय यसप्रकार छ :

नामः बुद्धिराम चौधरी

ठेगानाः उत्तरगंगा-७, लवस्ता, सुर्खेत

हाल कार्यरतः शैक्षिक तालिमकेन्द्र, सुर्खेत

तलकामध्ये ठिक उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

प्र.न.१. भाषिक र सांस्कृतिक रुपमा सुर्खेत उपत्यकामा बस्ने थारु जाति छन् ।

(क) पूर्ण सम्पन्न (ख)√मध्यमस्तरका

(ग) निम्न (घ) सोझा

प्र.न.२. थारु जातिको संस्कार र संस्कृति छ ।

(क)√आफ्नै मौलिक (ख) बौद्ध धर्मसँग मेल खाने

(ग) हिन्दू धर्मसँग मेलखाने (घ) वातावरणसँग मिल्दोजुल्दो

प्र.न.३. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिहरुले भाषा बोल्दछन् ।

(क) नेपाली (ख) थारु

(ग) हिन्दू (घ)√नेपाली र थार दुवै

प्र.न.४.सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जाति हुन ।

(क) राना (ख) पूर्वेली

(ग)√दगौरा (घ) देशौरे

प्र.न.५. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिले मुख्य पर्व मान्दछन् ।

(क) हरियनी एकादशी (ख) फागु पूर्णिमा

(ग)√माघी (घ) दीपाली

प्र.न.६. सुर्खेत उपत्यकाका आदिवासी हुन ।

(क)√थारु र राजी (ख) थारु

(ग) पहाडी (घ) चेपाङ

प्र.न.७. √थारु जातिको पुरुष र महिलामा सामाजिक र पारिवारिक अवस्था छ ।

(क) समान (ख) भेदभाव

(ग) मिल्दोजुल्दो (घ) अलि-अलि फरक

प्र.न.८.आफ्नो संस्कार अनुसार विवाहको प्रथा छ ।

(क) वाल विवाह (ख) बहुविवाह

(ग)√एकल विवाह (घ) अन्तरजातीय विवाह

**उपकरण नं. ३ :**

यस उपकरण नं. ३ मा उत्तर दाताको उचित छनौट गरी संरचित प्रश्नावली अन्तरगत खुल्ला प्रश्नावली निर्माण गरी उत्तरदातालाई दिइएको छ । यी प्रश्नावलीमा उत्तरदाता कुनै सीमा भित्र नरही मौलिक र यथार्थ उत्तर दिन सफल हुने छन् भन्ने आशयले शोधकर्ताले शोधको उद्देश्य पूरा गर्न थप प्रमाणका लागि यी प्रश्नावली निर्माण गरी उत्तरदातासमक्ष पेश गर्नुपरेको हो ।

नमस्कार ! तपाईको परिचय ?

प्र.न.१. तपाईहरुको थारु जातिमा महिला र पुरुषवीच भेदभाव छ कि छैन ?

प्र.न.२. थारु कल्याण कारिणी सभा सुर्खेतको कार्य समितिमा जम्मा कतिजना सदस्य संख्या छ ? र तीमध्ये महिलाको संख्या कति छ ?

प्र.न.३. थारु जातिको इतिहास हेर्दा महिलाहरुले पनि धेरै किसिमका चित्रहरु र अन्य सामानहरु निर्माण गरेको पाइन्छ, तपाईहरु सुर्खेतका थारु महिलाहरुले के-के सामग्री निर्माण गर्नुहुन्छ ?

प्र.न.४. थारु जातिको पुरानो पेशा कृषि हो, अहिले तपाईहरु कुन-कुन क्षेत्रमा काम गर्नुहुन्छ ?

प्र.न.५. तपाईहरुले वालवालिका सबैलाई विद्यालय पठाउनु भएको छ ? या अन्य काममा लगाउनु भएको छ ?

प्र.न.६. तपाईहरु वैवाहिक सम्बन्ध आफ्नै जातिमा गर्नुहुन्छ ? कि अन्य जातिसँग पनि गर्नुहुन्छ ?

**भरिएको प्रश्नावली :**

फोटो

मेरो परिचय यसप्रकार छ -

नामः लक्ष्मी चौधरी

ठेगानाः लाटीकोइली -९, पदमपुर, सुर्खेत ।

पेशाः अध्ययनरत (एम.एड. प्रथम वर्ष)

संलग्नताः थारु कल्याण कारिणी सभा सुर्खेतको हालको का.बा. अध्यक्ष

**प्रश्न नं. १ सँग सम्बन्धित**

हाम्रो जातिमा पनि अन्य जातिको जस्तै महिला तथा पुरुषवीच भेदभाव रहेको पाइन्छ । महिला प्रायः घरको कामकाजमा व्यस्त रहन्छन् भने पुरुष घरदेखि बाहिरको काममा मात्र संलग्न रहेका देखिन्छन् । जुनसुकै क्षेत्रमा पनि महिलाको निर्णयक भूमिका कम था पुरुषले मात्र निर्णायक भूमिका खेलेको पाइन्छ । सायद पुरुषप्रधान समाज भएर होला महिलालाई पुरुषको नियन्त्रणमा बस्नुपर्ने अवस्था जताततै सर्वविधितै छ । खानपिन देखि लिएर शिक्षा-दीक्षा लिनेदिने काममा पनि महिला तथा पुरुषवीच मतभिन्नता पाइन्छ । यी सबै भेदभाव हुनुका कारण हुन-

१. अशिक्षा  २. गरिवी  ३. फितलो कानुन

जवसम्म माथि उल्लवेखित कुराहरुमा आधुनिकीकरण गरिदैन तवसम्म हाम्रो जातिमा भेदभावको भावना पनि हटेर जाँदैन । त्यसकारण समाजमा जगडिएर बसेका कुरीति-कुसंस्कार एवम् गरिवीपनको न्यूनीकरण गर्ने र सबै वर्गलाई आ-आफ्नो क्षमता अनुसार काममा व्यस्त बनाउन सकेमात्र जातिय र लैङ्गि भेदभाव गर्नमा कमी देखिन्थ्यो ।

**प्रश्न नं. २ सँग सम्बन्धित :**

थारु कल्याण कारिणी सभा जिल्ला कार्य समितिमा जम्मा १३ जना पदाधिकारीहरु छन् । त्यसमा महिलाको संख्या जम्मा ४ जना छ ।

**प्रश्न नं. ३ सँग सम्बन्धित :**

थारु जातिको इतिहासलाई केलाएर हेर्दा आफ्नै किसिमको छुट्टै मौलिक संस्कृति छ । यस जातिका महिलाहरुले आफ्नै ठाउँको स्थानीय स्रोत र साधनलाई प्रयोग गरेर थरी-थरीका सामानहरु निर्माण गर्दछन् । जस्तैः

१. ढकिया – मालसामान राख्ने

२. भउका – मालसामान राख्ने

३. देलुवा – विशेष अवसरमा प्रदर्शन गर्ने

४. बेरी –टाउकोमा राख्ने

५. देह्री – धान, गहुँ जस्ता अन्न राख्ने

६. कुथ्ली – धान, गहुँ जस्ता अन्न राख्ने

७. कन्थी – हातमा बान्ने

८. माटाका भाँडाकुँडा – गाग्री, भोक्ती, पन्पीन्ना आदि ।

**प्रश्न नं. ४ सँग सम्बन्धित :**

नेपाल एक कृषिप्रधान देश हो । यहाँ अधिकांश मानिसहरु कृषि पेशामा संलग्न छन् । तीमध्ये थारु जातिको बाहुल्यता त कृषिमा नै छ तरपनि आजको वैज्ञानिक युगमा विस्तारै विस्तारै कृषिसँगसँगै अनय पेशामा पनि थार जाति संलग्न भएको पाइन्छ । जस्तैः

१. नोकरी

२. सेना, प्रहरी, सरकारी तथा अन्य संघसस्थामा

३. व्यापार

४. वैदेशिक रोजगार आदि

**प्रश्न नं. ५ सँग सम्बन्धित :**

थारु समुदायका अधिकांश वालवालिकाहरु विद्यालयमा पढ्न गएका हुन्छन् । जसको आर्थिक अवस्था कमजोर तथा हातमुख जोर्न नै गाह्रो छ । त्यस्तो परिवारको वालवालिकाहरु मात्र सानै उमेरदेखि अरुको घरमा नोकरको रुपमा काम गर्न बसेका हुन्छन् । यस समुदायका वालवालिकाहरु प्रायजसो विद्यालय जाने समयमा बाहेक अन्य समयमा घरको काममा व्यस्त रहनछन् र आफ्ना अभिभावकको सहयोगीको रुपमा रहन्छन् ।

जसले गर्दा शैक्षिक क्षेत्रमा अलि पछाडि परेका हुन्छन् । अधिकांश वालवालिकाहरु नि.मा.वि. तहसम्मको अध्ययनपछि पढाइ छाडि बसेका हुन्छन् । जुन कि पढाइमा सफलता हासिल नगर्नु तथा आर्थिक अवस्थाले भार थाम्न नसक्नु नै वालवालिकाहरुले विद्यालय छाड्ने मुख्य कारण हुन् ।

**प्रश्न नं. ६ सँग सम्बन्धित :**

विशेषत थारु जातिमा विवाह गर्ने चलन आफ्नै जातिभित्र मात्र हुन्छ । चाहे त्यो मागी विवाह होस् या भागी विवाह होस् । तर आजभोलिको चलनचल्ती तथा भेदभाव रहित एवम् आधुनिकीकरण भैसकेको समाजमा मन मिलेमा अर्को जातिको केटा तथा केटीसँग पनि विवाह गरी घरजम गरेर बसेको पनि पाइन्छ । एकले अर्कोप्रति विश्वास गरेमा, जीवनमा सुखमय र कान्तिमय हुनेभएमा किन आफ्नै जातमा मात्र विहे गर्ने । कानुनमा पनि कुनै रोकतोक छैन । आखिर मानिस भनेका सबै एउटै त हुन् भन्ने धारणाले जुनसुकै जात-जातिसँग पनि विवाह गरेर बस्ने सक्ने भावनाको विकास भैसकेको छ ।

जुन भावनाले असल समाजको निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

**उपकरण नं. ४ :**

यस उपकरण नं. ४ मा उल्लेखित अन्तरवार्ता शोधकर्ता र उत्तरदाताका वीचमा भएको हो । प्रस्तुत प्रश्न-उत्तर प्रश्नकर्ताले सबै प्रश्नहरु तयार नगरी उत्तरदातासँग उत्तर लिने क्रममा आएका प्रसङ्गमा पुनः प्रश्नगरी शोधखोज गरेकाले यस प्रक्रियालाई असंरचित प्रश्नावली अन्तरगत राख्न सकिन्छ । यस्तो गर्दा शोधार्थीले गर्न खोजेको अनुसन्धानलाई थप बल प्रदान गर्ने उद्देश्यले यो विधि प्रयोग गरिएको हो ।

फोटो

नमस्कार ! तपाईको परिचय ?

नमस्कार ! म मानवीर थारु, मेरो घर उत्तरगंगा-३, कोलडाँडा, सुर्खेत ।

प्र.न.१. तपाईहरु सुर्खेतमा बस्ने थारु जातिले कुन धर्म मान्नु हुन्छ ?

उत्तर : हामीले बुद्ध र हिन्दू दुवैलाई मान्छौं ।

प्र.न.२. किन तपाईहरु त आफूलाई बौद्धिष्ट भन्नुहुन्छ ?

उत्तरः भगवान् गौतम बुद्ध मतवाला जातिको हुनुहुन्छ र हामीहरु थारु जाति पनि मतवाला हौं । त्यही भएर हाम्रो धर्म खास बौद्ध हो तरपनि हामीले बुद्ध र हिन्दू दुवै धर्म मान्दछौं ।

प्र.न.३. तपाईहरुले जन्मदेखि मृत्युसम्म के-के संस्कार गर्नुहुन्छ ? छोटोमा भन्नुहुन्छ कि ?

उत्तर : हामीले मुख्यगरी जन्म संस्कारमा छोरो जन्मेमा जन्मदाका दिन दुध, रक्सी र पानीको धार आफ्ना देवी-देवतालाई दिन्छौं अनि चामल भुटेर कसार (सठौरा) बनाएर गाउँका सबैलाई बाँडछौं । त्यो बाँडेपछि छोरो जन्मेको खबर भएको मानिन्छ । त्यसपछि छैटी गर्छौं । जेठो छोरो भए जेठको महिनामा जेठी पूजा गर्छौं । विवाह गर्छौं र अन्त्यमा मृत्यु संस्कार गर्छौं । मुख्य रुपमा यति नै हो ।

प्र.न.४.तपाईहरु त सुर्खेत उपत्यकाको पुरानो बासिन्दा हुनुहुन्छ, तपाईको जग्गा कति छ ?

उत्तर : छैन हजुर ! मेरा ३ भाइ छोरा छन् । मसँग जम्मा ६ कट्ठा खेत र थोरै घरबास छ ।

प्र.न.५. तपाईसँग जग्गा थोरै हुनुको कारण के हो ?

उत्तर : पहिले हाम्रो बाजेले धेरै जग्गा कमाउनु भएको थियो रे । वि.सं. १९७० सालमा नापी हुँदा अफिस माथि गोठीकाँडा थियो र हाम्रा बाजे र अन्य धेरै थारुको जग्गा जमिन्दारहरुले खानजोत तिमीहरुले गरेका हौ । म आधा-आधा नापी गर्छु भने पछि नापी भएर पुर्जा आउँदा जोताहा मात्र थारुहरुले पाए । त्यसरी हामी ठगियौं र जमिन कम भयो ।

प्र.न.६. तपाईहरु किसान हो, अब जमिन कम भयो तपाईहरु अन्य पेशा के गर्नुहुन्छ ?

उत्तर : खेतीपाती गर्नेले खेतीपाती सकेपछि घरखर्च चलाउन अन्य पेशा गर्छौं । जस्तै : ज्याला मजदुरी, घर बनाउने आदि र आजभोलिका नयाँ पुस्ताले सेना, प्रहरी र सरकारी तथा अन्य संघसंस्थाहरुमा काम गर्ने र जीवन निर्वाह गरेका छन् ।

प्र.न.७. हुन्छ त धन्यवाद मलाई सहयोग गर्नुभएकोमा ।

तपाईलाई पनि धन्यवाद । हाम्रो थारुको बारेमा केही कुरा लेख्न लाग्नु भएकोमा ।

**उपकरण नं. ५ :**

यस उपकरण नं. ५ मा उत्तर दाताको उचित छनौट गरी संरचित प्रश्नावली अन्तरगत खुल्ला प्रश्नावली निर्माण गरी उत्तरदातालाई दिइएको छ । यी प्रश्नावलीमा उत्तरदाता कुनै सीमा भित्र नरही मौलिक र यथार्थ उत्तर दिन सफल हुने छन् भन्ने आशयले शोधकर्ताले शोधको उद्देश्य पूरा गर्न थप प्रमाणका लागि यी प्रश्नावली निर्माण गरी उत्तरदातासमक्ष पेश गर्नुपरेको हो ।

नमस्कार ! तपाईको परिचय ?

प्र.न.१. तपाईहरुको पुरानो बस्ती सुर्खेत नै हो कि अन्यत्र कहिंबाट बसाई सरेर आउनु भएको हो ?

प्र.न.२. सुर्खेत उपत्यकामा भएका थारु जातिको थर एउटै छ कि धेरै छन् ?

प्र.न.३. सुर्खेत उपत्यकामा बोल्ने थारु भाषालाई कुन भाषा अन्तरगत राखिएको छ ।

प्र.न.४. सुर्खेत उपत्यका बाहेक सुर्खेतका अन्य गा.वि.स.हरुमा पनि थारु जातिको बसोवास छ ?

प्र.न.५. कतिपय धार्मिक सम्प्रदायले बहु-विवाहलाई स्वीकृति दिएको पाइन्छ । तपाईहरुको धार्मिक तथा सामाजिक नीति के छ ?

प्र.न.६. तपाई थारु विद्यार्थी समाजको आधिकारिक व्यक्ति भएका नाताले सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको विकास गर्न तपाईको के-के क्रियाकलाप गर्दै आएको छ ? बताइदिनुहुन्छ कि ?

**भरिएको प्रश्नावली :**

फोटो

नमस्कार ! मेरो परिचय यसप्रकार छ -

नामः राजु चौधरी

ठेगानाः उत्तरगंगा-५, ठौरी, सुर्खेत ।

शिक्षा : वि.ए. (अध्ययनरत)

पेशाः नोकरी (नेपाल आदिवासी जनजाति महासंघ, सुर्खेत)

संलग्नता :

१. नेपाल आदिवासी जनजाति महासंघ सुर्खेतमा २०६१ सालदेखि कार्यालय सहायकको रुपमा कार्यरत

२. नेपाल आदिवासी जनजाति महासंघको सचिव

३. थरुहट संघर्ष समितिको अध्यक्ष

४. नेपाल आदिवासी जनजाति पत्रकार संघ सुर्खेत, सदस्य

५. नेतृत्व विकास एवम् लैङ्गिक समनता तालिम, तालिम संयोजक

६. थारु विद्यार्थी समाज सुर्खेत, सदस्य

७. जनजाति सशक्तिकरण परियोजना अन्तर्गत ल्भँक्ष्द सुर्खेतको कार्यालय सहायक

८. सचेतना तथा सशक्तिकरण तालिम, कार्यक्रम संयोजक ।

**प्रश्न नं. १ सँग सम्बन्धित**

मेरो पुरानो बस्ती सुर्खेत जिल्ला उत्तरगंगा गा.वि.स. वार्ड नं. ५, ठौरीमा हो । यहाँ सर्वप्रथम मेरो बाजे भक्ति लवरा थारु वि.सं. २००२ सालमा कामदारको रुपमा दाङ्ग जिल्लाको

हेकुली गा.वि.स.को हेकुली गाउँबाट बसाईसराई गरेर आउनु भएको हो र मेरो बुवा भागीराम थारुको ठौरीमा नै जन्म भएको हो ।

**प्रश्न नं. २ सँग सम्बन्धित :**

थारु जातिमा पनि पृथ्वी नारायण शाहले भने झैं "चार जात, छत्तिस वर्णको फूलवारी हो" भने झैं धेरै रहेको छ । यस वाणीले समग्ररुपमा सबैलाई प्रतिनिधित्व नगर्ने आदिवासी जनजाति नेतृत्वको आपत्ति रहेको छ र यसमा डा. कृष्ण भट्टचन समाजशास्त्रीले विरोध जनाएका छन् र थारु जातिको थर यसप्रकार छ -

**प्रश्न नं. ३ सँग सम्बन्धित :**

सुर्खेती थारु जातिहरु दाङ्ग जिल्लाबाट बसाई सराइ गरेर यहाँ आएका हुन् । त्यसैले दाङ्गको थारुले बोल्ने दुई प्रकारको भाषा दिउखऱ्या र दंगोऱ्या भाषा बोलेको पाइन्छ । दिउखऱ्या भाषामा हरेक शब्दको पछाडि 'ते' लगाएर बोलेको पाइन्छ भने दंगोऱ्या भाषा भने हरेक शब्दमा 'क' लगाएर बोलेको पाइन्छ । उत्तरगंगाको सबै गा.वि.स.मा र लाटीकोइलीको नयाँगाउँ पातलगंगा गाउँमा र तातापानीको कोही-कोही मात्र बाहेक दंगोऱ्या भाषा बोलेको पाइन्छ ।

**प्रश्न नं. ४ सँग सम्बन्धित :**

बसोवासको आधारमा उपत्यका बाहेक अनय गा.वि.स.मा पाइदैन तर २०५८ को तथ्याङ्क हेर्दा अन्य गा.वि.स.मा पनि थारुहरुको जनसंख्या देखिन्छ तर ती संख्या नोकरीको सिलसिलामा त्यहाँ रहेको होला ।

**प्रश्न नं. ५ सँग सम्बन्धित :**

थारु समुदायमा बहुविवाहलाई मान्यता दिएको छैन तर छोराको इच्छा हुनु वा पहिलो पत्नीबाट सन्तान नहुनु आदि कारणले बहुविवाह अपवादमा गरे पनि थारु समुदायको सामाजिक मान्यता भने छैन ।

**प्रश्न नं. ६ सँग सम्बन्धित :**

थारु भाषा र संस्कृतिलाई संरक्षण गर्नमा थारु कल्याण कारिणी सभा सुर्खेत र थारु विद्यार्थी समाजको सक्रियतामा विभिन्न क्रियाकलाप गर्दै आएको छ भने थारु कल्याण कारिणी सभा भन्दा अगाडि गोचाली परिवार नामक संस्थाबाट पनि थारु जातिलाई संगठित गर्दै आएको थियो तर हाल सुसुप्त अवस्थामा छ । थारु कल्याण कारिणी सभा सुर्खेत र विद्यार्थी समाजले

भाषासंस्कृति संरक्षण गर्नको लागि वार्षिक पत्रिका डौना बेबरी प्रकाशन गर्दै आएको छ । अर्कोतर्फ मानबहादुर थारु 'पन्ना' को अध्यक्षतामा गठित थारु संस्कृति समाजले यस जिल्लामा प्रचलनमा रहेको गीतलाई भ्याँवक धर नामक गीति क्यासेट बजार उपलब्ध गराएको थियो । त्यसैगरी भेरी एफ. एम. बाट मानबहादुर 'पन्ना' द्वारा सञ्चालित अजरार डगर नामक रेडियो कार्यक्रमले भाषा संस्कृतिको संरक्षण सम्बर्द्धन र प्रसारमा ठूलो भूमिका खेलेको थियो । तर हाल बन्द भएको छ भने बुलबुले एफ. एम. बाट सञ्चालित टेम्ही नामक रेडियो कार्यक्रमले फुल कुमारी चौधरी र रामकृष्ण चौधरीद्वारा सञ्चालित कार्यक्रम, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र सुर्खेत र एफ. एम.हरुबाट पनि भाषा तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रचार-प्रसार गर्दै आएको थियो । त्यसैगरी दीगो विकासले कालीमाटीमा केही समय अगाडि थारु संग्रहालय सञ्चालन गरेको थियो तर हाल बन्द भइसकेको छ ।

**उपकरण नं. ६ :**

यस उपकरण नं. ६ मा उत्तर दाताको उचित छनौट गरी संरचित प्रश्नावली अन्तरगत खुल्ला प्रश्नावली निर्माण गरी उत्तरदातालाई दिइएको छ । यी प्रश्नावलीमा उत्तरदाता कुनै सीमा भित्र नरही मौलिक र यथार्थ उत्तर दिन सफल हुने छन् भन्ने आशयले शोधकर्ताले शोधको उद्देश्य पूरा गर्न थप प्रमाणका लागि यी प्रश्नावली निर्माण गरी उत्तरदातासमक्ष पेश गर्नुपरेको हो ।

नमस्कार ! तपाईको परिचय ?

प्र.न.१. तपाईहरु दाङबाट सुर्खेत उपत्यकामा आउनुको कारण के हो ?

प्र.न.२. सुर्खेत उपत्यकाको पुरानो वस्ती तपाईहरुको हो, तपाईहरुसँग जग्गा-जमिनको अवस्था कस्तो छ ?

प्र.न.३. तपाईको जातिमा जातीय विभेद छ कि छैन ?

प्र.न.४. सुर्खेत उपत्यकामा थारु जातिको आगमन वि.सं. कतिमा भएको हो ? त्यसको केही प्रमाण छ कि ?

प्र.न.५. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषिक र संस्कृति विकास गर्न के गर्नु पर्ला ?

प्र.न.६. तपाई नेपाल आदिवासी जानजाति महासंघ सुर्खेतको अध्यक्षको नाताले आफ्नो संस्थामार्फत थारु जातिको उत्थानका लागि के कार्यक्रम ल्याउनु भएको छ ?

प्र.न.७. तपाईहरुका धार्मिक ग्रन्थहरु के-के छन् ? कृपया छोटकरीमा नाममात्र बताईदिनु हुन्छ कि ?

**भरिएको प्रश्नावली :**

नमस्कार ! मेरो परिचय यसप्रकार छ -

फोटो

नामः मानबहादुर चौधरी

ठेगानाः लाटीकोइली-९, बुदबुदी, सुर्खेत ।

पेशाः समाजसेवा

**प्रश्न नं. १ सँग सम्बन्धित**

सुर्खेत उपत्यकाका थारु जाति दाङबाट सुर्खेत आउनुको कारणहरु धेरै छन् । सल्यानका शासक भुवन श्रेष्ठले दाङका ७ जना थारुहरुलाई ल्याई जग्गा आवादी गर्ने काम शुरुवात भएको हो र त्यसपछि सामन्ती प्रवृत्तिका शासकहरुको शोषणका कारण सुर्खेतका थारुहरु दाङबाट सुर्खेत आएका हुन् ।

**प्रश्न नं. २ सँग सम्बन्धित :**

सुर्खेतको थारुहरुको जग्गा जमिनको अवस्था हेर्दा थारुहरुको इतिहास कोट्याउँदा जमिन्दार मौजा समेत थियो भन्ने सुन्नमा पाइन्छ । हाल थारु कल्याणकारिणी सभा जिल्ला कार्य समितिको आ.ब. २०६१/०६२ को तथ्याङ्क अनुसार २५% लाई आफ्नो जग्गाबाट खानपुग्ने ५०% अधियाँ, बटैया गरी जीवन निर्वाहीत र २५% सुकुम्वासीको अवस्था देखिन्छ ।

**प्रश्न नं. ३ सँग सम्बन्धित :**

थारु जातिमा थर हुन्छ तर विभेद हुँदैन ।

**प्रश्न नं. ४ सँग सम्बन्धित :**

जग्गा दर्ता नापी भएको आधारमा सुरुवातमा आएका थारुहरुको पुस्ताको आधारमा अन्दाज गर्न सकिन्छ प्रमाण छैन ।

**प्रश्न नं. ५ सँग सम्बन्धित :**

सुर्खेतका थारुहरुको भाषिक र सांस्कृतिक विकास गर्ने थारु भाषामा पठनपाठनको व्यवस्था र सांस्कृतिक विकास गर्न NGO/INGO मार्फत विशेष कार्यक्रम सञ्चालन गरिनु पर्छ । थारु कल्याण कारिणी संस्थाको माध्यमबाट ।

**प्रश्न नं. ६ सँग सम्बन्धित :**

थारु कल्याण कारिणी सभा जिल्ला कार्य समिति सुर्खेतलाई गतिशिल बनाउन र चेतनशिल बनाउन सचेतना तथा नेतृत्व अभिबृद्धि विकास कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

**प्रश्न नं. ७ सँग सम्बन्धित :**

गुर्वावक, जल्मौटी, धुम्र्, वर्कीमार आदि ।

## ३.१.२. तथ्याङ्कको द्वितीय श्रोत

अनुसन्धाता/शोधार्थीको आफ्नो संलग्नता बाहेक पहिलेदेखि नै प्रयोग भैरहेका सामग्रीहरुलाई द्वितीय श्रोतबाट प्राप्त सामग्री भनिन्छ । यस्ता सामग्रीहरु शोधार्थी आफूले नभई अनय माध्यमबाट प्राप्त गर्दछन् । अर्को भाषामा भन्दा शोधार्थी आफैले सामग्री संकलन नगरी अनय व्यक्ति वा संस्थाले संकलन गरेको सामग्रीलाई शोधार्थीले प्रयोग गर्दछ भने सो सामग्रीलाई द्वितीय सामग्री भनिन्छ ।

हाम्रो यस शोधमा निम्नलिखित द्वितीय सामग्रीको प्रयोग गरिएको छ -

१. जर्नल (पत्र-पत्रिका)

२. प्रतिवेदनहरु

३. पुस्तकहरु

४. शोध - पत्र

५. स्मारिका (जि.वि.स. सुर्खेत र वी.न.न.पा. सुर्खेत)

६. जनसंख्याको तथ्याङ्क

## ३.२. अध्ययनका सीमाहरु

प्रस्तुत शोध अध्ययनका निम्न सीमाहरु हुनेछन् -

१. सामान्यतया थारु जातिको भाषा र संस्कृतिको परिचय गराउने ।

२. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको परिचय गराउने ।

३. थारु जातिको भाषा र संस्कृतिको विश्लेषण गरी वर्तमान अवस्थाको पहिचान गराउने ।

४. थारु जातिको भाषा र संस्कृतिको संरक्षण गर्ने के-कस्ता उपाय गर्नु आवश्यक छ सो पत्ता लगाई सुझाव दिने कार्यमा शोध केन्द्रित हुनेछ ।

# खण्ड : चार

## ४. निर्धारित थारु जातिको भाषा र संस्कृतिको विश्लेषणात्मक अध्ययन

निर्धारित भन्नाले शोध प्रस्तावमा निर्धारण गरिएको "सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जाति, उनीहरुको भाषा र संस्कृतिको अध्ययन" को अध्ययनलाई नै सङ्केत गर्दछ। त्यसमध्ये पनि विशेषगरी 'दगौरा' थारु जातिको परिचय, भाषा र संस्कृतिलाई नै यस शोधमा मुख्य विषयवस्तु बनाई अध्ययन गरी विश्लेषण गरिएको छ।

कुनै पनि विषय वस्तुको चर्चा गर्दा त्यसको पृष्ठभूमिलाई हेर्नुपर्ने हुन्छ। यस शोधमा पनि "सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको अध्ययन" को विश्लेषण गर्नुपूर्व जाति, भाषा र संस्कृतिको पृष्ठभूमिलाई चर्चा गर्नुपर्ने भएकाले धेरै कुराहरु यस पूर्व नै आइ सकेका हुनाले छोटकरीमा परिचय गराउन सान्दर्भिक ठहर्दछ। नेपालका २४ जिल्लामा बसोवास गर्ने थारु जातिहरु पूर्वमा मेचीदेखि पश्चिममा महाकालीका समथर भू - भागमा बसोवास गर्ने गरेको पाइन्छ भने सुर्खेत लगायतका केही पहाडी भेकमा समेत बसोवास गर्ने थारु जातिको आफ्नै विशिष्ट पहिचान रहेको छ। यिनीहरुमध्ये झापा, मोरङ, सुनसरीमा बसोवास गर्ने थारु जातिलाई पूर्वेली थारु भनिन्छ। उनीहरुको भाषा पनि केही रुपमा फरक छ भने चितवन, बारा, पर्सामा पनि भाषिक रुपमा केही अन्तर छ। त्यसैगरी नवलपरासी, रुपन्देही, कपिलवस्तुमा बस्ने थारुको भाषामा लगभग एकरुपता भए पनि पश्चिमतर्फका दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा केही रुपमा विभन्नता पाइन्छ। यी विभिन्न ठाउँमा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिमा स्थान अनुसार केही रुपमा फरक भए पनि समग्रतामा एकरुपता पाइन्छ। सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको आगमन 'दाङ' जिल्लाबाट भएकाले यिनीहरुलाई 'दगौरा' थारु भनिन्छ। यिनीहरुको जाति, भाषा र संस्कृतिको अधययन गरी प्रस्तुत शोधमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

### ४.१. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको विश्लेषण

सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको पुरानो वासस्थान दाङ जिल्ला भएको र त्यो भन्दा पहिले सल्यान जिल्लाका भुवन श्रेष्ठ भन्ने व्यक्तिले दाङको जग्गा आवादी गर्न तराईका कुनै ठाउँबाट ७ जना थारु ल्याई क्रमशः दाङ उपत्यका आवादी गरिएको र कालान्तरमा थारुहरुले आवादी गरेको जमिन त्यहाँका शोषक सामन्तहरुले आफ्नो मातहतमा

राख्न थालेपछि ती थारुहरु सुर्खेत तर्फ आएको तथ्य श्रोत व्यक्तिहरुबाट प्राप्त भएको छ । वि.सं. १९४०-५० तिर सुर्खेत उपत्यकामा आएका थारु जातिको आगमन दाङबाट भएको हुनाले यिनीहरुलाई दगौरा थारु भनिन्छ । यिनीहरुको आफ्नै जातिगत पहिचान छ । सुर्खेत उपत्यकाभित्र लाटीकोइली, उत्तरगंगा गा.वि.स.का पुरै भू-भाग, जर्बुटा गा.वि.स. को वार्ड नं. १ र वीरेन्द्रनगर नगरपालिकाको पुरै भू-भाग पर्दछ । यसमध्ये उपत्यकाको दक्षिणतर्फको मलिलो मट्यान क्षेत्रमा थारुहरुको बसोवास धेरै र उत्तरतर्फ वीरेन्द्रनगर र पूर्वमा जर्बुटा - १ मा बसोवास कम भएको पाइन्छ । यसले पनि के सङ्केत गर्दछ भने थारु जातिहरुले कृषि पेशालाई नै आफ्नो मूल पेशा मानेका र आफूहरु परिश्रमी भएकाले पनि खेतीयोग्य जमिन रोजेर बस्ने गरेको पाइन्छ ।

सुर्खेत उपत्यका ३६ ठाउँमा थारुहरुका घरवास बनेका छन् जसमध्ये वीरेन्द्रनगर ६ बजार क्षेत्रमा भएका तीन-चार घरहरुमा आफ्नो बसाइ नगरी आफूहरु गाउँमा बस्ने र बजारको घर बहालमा दिने गरेको पाइन्छ भने वीरेन्द्रनगर ९ र १० मा केही घरहरु छन् । जसमा थारु जातिको आफ्नै बसोवास छ । यस बाहेकका गा.वि.स.मा भएको ३४ ठाउँमा थारु जातिहरुले आफ्नो समुदायका घरहरु झुम्म-झुम्म पारेर बाक्लो गाउँको रुपमा आफ्नो पहिचान हुने गरी बनाएका छन् । सुर्खेतका थारु बस्तीहरुमा सजिलै छुट्याउन र पहिल्याउन सकिने गरी बस्तीको छेउ-छाउमा बाँसका बोटहरु लगाइएका छन् । कुनै एउटा थारु बस्तीमा गएको व्यक्तिले अर्को थारु बस्ती पत्ता लगाउन गाह्रो नपर्ने अवस्था विद्यमान छ । यिनीहरु मिहेनती भएकै कारण आफ्नो घर वरीपरी हरियाली वातावरण बनाएको पाइन्छ ।

यिनीहरुको जातिगत विशेषतालाई हेर्ने हो भने मंगोलियन जस्ता देखिने गहुँगोरो वर्णका, मध्यम खालको कद भएका कपालका रौं प्रायगरी कडा र ठाडो परेका, सोझा, मिहेनती, इमान्दार लगनशील स्वभावका छन् । यिनीहरुको इमान्दारिता अर्काप्रति विश्वासको भावना बढी भएकै कारण वि.सं. १९९० सालतिर सुर्खेत जिल्लाको सदरमुकाम उपत्यकाको करिव ६-७ किलोमीटर उत्तरतर्फको गोठीकाँढा भन्ने ठाउँमा रहेको अवस्थामा जग्गा नापी टोली आउँदा आफ्नो विश्वासपात्र ठानी जमिन्दारहरुलाई जग्गा नापी गर्न पठाई आफूहरु उपत्यकामा नै बसे । त्यस समयमा साहुहरुले जग्गा आ-आफ्नो नाममा नापी गरी थारुहलाई खेत जोतेवापत जोताहा लेखिदिने काम गरे । त्यसैले थारुहरुले आवादी गरेको जमिनका मालिक अरु नै बने । हाल सुर्खेत उपत्यका भित्र थारु कल्याण कारिणी सभा सुर्खेतको २०६१/०६३ को तथ्याङ्क अनुसार जम्मा २५% लाई आफ्नो जग्गाबाट खान पुग्ने, ५०% लाई अधियाँ बटैयाबाट र २५% थारु जाति

सुकुम्वासी रहेको पाइन्छ । वि.सं. १९४०-५० देखि हालसम्म यस उपत्यकामा बस्ने थारु जातिहरुले अशिक्षा, अज्ञनता र सरकारी तथा गैरसरकारी सुविधाहरुबाट बञ्चित भएकै कारण आफूले सिर्जना र खनजोत गरेको जमिन आज आफूसँग नभएर सुकुम्वासी भै अर्काको ज्याला मजदुरी गरी जीवन विताउन बाध्य भएका छन् ।

जतिखेर दाङबाट बसाइसराइ गरेर थारु जातिहरु सुर्खेत उपत्यकामा प्रवेश गरे । त्यस समयमा यहाँ बाह्रै महिना मानवीय वस्ती बस्दैनथ्यो । उत्तरतर्फको पहाडी भू-भागमा बस्ती बसेको थियो । यस उपत्यकामा औलो लाग्ने भएकाले हिउँदका केही महिना गाई वस्तु ल्याई थोरै मात्रामा खन-जोत भएको ठाउँमा खेती गर्ने गाइ वस्तु पाल्ने काम गरिन्थ्यो । केही परिवारहरुले दिनमा उपत्यकामा आई खेती किसानी गर्ने गाइगोरु पाल्ने, साँझ गाइगोरु गोठमा बाँधी उकालो लाग्ने प्रचलन पनि थियो । जब थारु जाति दाङबाट सुर्खेत आएपछि यिनीहरुले नै यस उपत्यकाको बाँझो जग्गा खन-जोत गरी खेतीयोग्य बनाए र अन्य पहाडी समुदायलाई पनि खेती किसानी गर्न सजिलो हुन थाल्यो । वि.सं. २०२२ सालभन्दा पहिले यस उपत्यकामा औलो लाग्ने भएकाले अन्य पहाडी जातिको बसोवास यस उपत्यकामा नियमित नहुँदा यहाँका रैथाने आदिवासीका रुपमा थारु जाति मात्रको बाहुल्यता रहेकोमा वि.सं. २०२२ साल पछि सुर्खेत उपत्यकामा औलो उन्मूलन भै सदरमुकाम समेत यस ठाउँमा भयो । शुरुको अवस्थादेखि हालसम्मको अवस्थालाई नियालेर हेर्दा थारु जातिले यस उपत्यकामा कठोर मेहनतसाथ जीवन व्यतित गर्दै आफ्नो जातिगत अस्तित्व कायम गर्दै आएको पाइन्छ । आफूहरुले आर्जेको जमिन घट्दै गएपछि थारु जातिका मानिसहरुमा हली बस्ने, अधियाँ, बटैया गर्ने र अन्य मजदुरी गर्ने प्रक्रिया चल्न थाल्यो । समय परिस्थिति बदलिँदै जाँदा मानसिक रुपमा र सामाजिक रुपमा पनि परिवर्तन आउन थाल्यो । यहाँका थारु जातिहरुमा चेतनाको प्रवाह हुन थालेपछि आफ्नो जातिगत पहिचान कायम गर्न यस उपत्यका वासी थारु जातिको एउटा सामूहिक संगठन तयार भयो । जसको नाम 'थारु कल्याण कारिणी सभा' जिल्ला कार्य समिति सुर्खेत राखियो । यस संस्थाले थारु जातिको जातिगत पहिचानका साथै आफ्नो धर्म र संस्कृतिको जगेर्ना गर्दै विभिन्न संघ-संस्थाहरुसँग मिलेर काम गर्न थाल्यो । यस संस्थामार्फत वि.सं. २०५८ सालदेखि सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको पहिचान हुनेगरी लेख, रचना, रीतिरिवाज, रहन-सहन र थारु कल्याण कारिणी सभा सुर्खेतका गतिविधिहरु समेतको सँगालोको रुपमा 'डौना बेबरी' नामक पत्रिका प्रकाशन गरी राष्ट्रिय रुपमै थारु जातिको पहिचान गराउन सफल भएको छ ।

थारु कल्याण कारिणी सभा सुर्खेतले आदिवासी जनजाति महासंघ सुर्खेत शाखाको नेतृत्व समेत गरेको छ । जसको अध्यक्ष पदमा मानबहादुर चौधरीलाई चयन गरिनुले पनि थारु जातिको आफ्नो जातिगत पहिचान र सामूहिक रुपमा गठन भएको संस्थालाई सञ्चलन गर्ने मिलनसार भावना तथा नेतृत्वदायी भूमिकाको विकास समेत गर्नमा अग्रसर रहेको पाइन्छ । हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी तवरबाट सञ्चालन गरिएका कार्यक्रममा समेत थारु जातिको सहभागिताले गर्दा सुर्खेत उपत्यकावासी थारु जातिमा आत्मवल बृद्धि भै विभिन्न सामाजिक तथा राजनैतिक क्षेत्रको नेतृत्व समेत गर्न सक्ने सीप विकास हुन थालेको पाइन्छ भने स्वरोजगारमा समेत यसले थप टेवा दिएको पाइन्छ । थारु कल्याण कारिणी सभा सुर्खेतको २०६५ को तथ्याङ्क अनुसार सुर्खेत उपत्यकाभित्र रहेको ३६ ठाउँको घरधुरी संख्या निम्नानुसार रहेको छ –

| क.सं. | जनसंख्या | | | घरधुरी संख्या |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| १. | २५५० | २७७२ | ५३२२ | १०६५ |

यस तालिका अनुसार घरधुरी संख्या जम्मा १०६५, परिवार संख्या जम्मा ५३२२ रहेको पाइन्छ भने जसमा पुरुष संख्या २५५० र महिला संख्या २७७२ रहेको छ । यो तथ्याङ्कलाई नियालेर हेर्दा वि.सं. १९४०-५० तिर बसाइ सरी आएका थारु जातिले यस उपत्यकामा विभिन्न संघर्ष गर्दै हाल आफ्नै संस्थामार्फत आफ्नो जातिगत पहिचान गर्न गरिएको जनगणना अन्य जातिका लागि पनि उदाहरणीय रहेको छ । वि.सं. २०५८ देखि वार्षिक रुपमा डौना बेबरी नामक पत्रिका मार्फत आफ्ना जातिगत विशेषताहरु बाहिर आउन थालेका छन् र त्यसलाई थप बल प्रदान गर्न विद्यार्थीहरुले पनि ठूलो सहयोग गरेका छन् भने औपचारिक वा अनौपचारिक रुपमा सञ्चालन हुने अन्य गतिविधिहरुले पनि थारु जातिको पहिचानलाई बढवा दिने काम गरेको पाइन्छ ।

नेपालको कूल जनसंख्याको ५१ प्रतिशत महिला संख्या भए झैं सुर्खेतका थारु जातिका महिलाको पनि जनसंख्या पुरुषको तुलनामा धेरै भएको पाइन्छ । यसलाई तालिकामा यसरी देखाउन सकिन्छ -

| विवरण | जनसंख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १८ वर्ष भन्दा कम | ९७० | १०२५ | १९९५ |
| १८ वर्ष भन्दा माथि ६४ वर्ष सम्मका | १५७२ | १६३७ | ३२०९ |
| ६५ वर्ष भन्दा माथिको | ७३ | १०३ | १७६ |

तालिकामा १८ वर्ष भन्दा कम उमेरका महिला संख्या १०२५ र पुरुष संख्या ९७० छ भने १८ वर्ष भन्दा माथिका ६४ वर्षसम्मका महिला संख्या १६३७ र पुरुष संख्या १५७२ रहेको देखिन्छ । ६५ वर्षभन्दा माथिको उमेरमा पनि महिला संख्या १०३ र पुरुष संख्या ७३ रहनुले सामाजिक रुपमा रहेको कुसंस्कार जसमा छोरालाई काखा र छोरीलाई पाखा गर्ने, छोरो घरमा बस्ने जात हो र छोरी पराइ घर जाने जात हो । आफ्नो अन्तिम संस्कार गर्न र सम्पत्ति खान छोरो नै चाहिन्छ भन्ने सामाजिक कुप्रथाले थारु जातिलाई छुटकरा नदिएको हो कि भनि विश्लेषण गर्न सकिन्छ । ६५ वर्ष भन्दा माथि उमेरका महिला बढी देखिनुले पुरुषहरुको तुलनामा महिलाहरुले खानपानमा बढी ध्यान दिएको, धुम्रपान मध्यपान कम सेवन गरेको अनुमान शोध कर्ताको रहेको छ । किन भने शारीरिक मेहनतको कुरा गर्ने हो भने महिलाहरुले बच्चा बच्चीको जन्म दिने, घरधन्दा गर्ने, वनजङ्गल गई घाँस-दाउरा ल्याउने लगायतका काम गर्दछन् ।

सुर्खेत उपत्यकाका थारु जातिको मुख्य पेशा कृषि रहेको पाइन्छ । पेशागत रुपमा त्यहाँको जनसंख्यालाई विश्लेषण गर्दा –

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| १. कृषक | ८०६ | १५.१४ |
| २. नोकरी | २१९ | ४.११ |
| ३. मजदुरी | ७९ | १.४८ |
| ४. व्यापार | ९ | ०.१६ |
| **जम्मा** | ५३२२ | १०० |

माथिको तालिकामा कुल ५३२२ मध्ये कृषक ८०६ जना, नोकरी गर्ने २१९ जना, मजदुरी गर्ने ७९ जना र व्यापार गर्ने ९ जना रहेका छन् । नोकरी गर्नेहरुमध्ये धेरै जसो सेना र प्रहरीमा काम गर्दछन् भने केही निम्न वैतनिक कर्मचारी छन् र केही सरकारी तथा शैक्षिक संस्थामा

काम गर्ने गरेको पाइन्छ । आफ्नो व्यापार व्यवसाय गर्नेहरुको संख्या जम्मा ९ रहेको छ । प्रतिशतमा हेर्दा कुल जनसंख्याको १५.१४ कृषक, ४.११ नोकरी गर्ने, १.४८ मजदुरी गरी जीविकोपार्जन गर्ने, ०.१६ प्रतिशत वा संख्याको हिसावले ९ जना मात्र व्यापार गर्नेको संख्या रहेको पाइन्छ भने अन्य जनसंख्या आय-आर्जन गर्न नसक्ने केटाकेटी, बुढाबुढी, विद्यालयमा अध्ययनरत वालवालिका रहेका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको स्थिति अनय जाति सरह नभएता पनि उनीहरुले पाएको सेवा सुविधा र राजनैतिक, सामाजिक तथा आर्थिक रुपले पछि पारिएको आदिवासी थारु जातिको अवस्थालाई यहाँसम्म ल्याई पुऱ्याएकोमा त्यसप्रति हाम्रो गौरव रहनु स्वभाविक ठहर्दछ । वि.स. १९४०-५० तिर यस उपत्यकामा आई बसोवास गरेका थारु जातिहरु सबैले आफ्नो नामपछि चौधरी लेख्ने गरेतापनि अन्य जातिको जस्तै यी जातिमा पनि विभिन्न थरहरु भएको पाइन्छ । यहाँका थारु जातिहरु दाङबाट आएका कारण सबै दाङका जातिसँग मेल हुने क्रियाकलाप यिनीहरुले गर्दछन् । कतिपय दाङबाट आएपछि पनि त्यहीको नाम अनुसार यहाँको ठाउँको नामाकरण समेत भएको पाइन्छ । जस्तैः नयाँगाउँ, लौबस्ता, कालीमाटी आदि दाङका ठाउँका नाम हुन् भन्ने गरिन्छ । सुर्खेत उपत्यकाका थारु जातिको जातिगत पहिचानलाई हेर्ने हो भने आफ्नो अवस्थालाई परिवर्तन गर्न यहाँका सचेत थारुहरुले उल्लेखनीय भूमिका खेलेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको पहिचान दिलाउन यहाँका थारु समुदायले अथक परिश्रम गरी एकजुट भै 'संघे शक्ति' भने भैं यिनीहरुले 'थारु कल्याण कारिणी सभा' को गठन गरी आफ्नो समुदायलाई शैक्षिक, सामाजिक, नेतृत्व विकास रोजगार जस्ता कुरामा सचेत गराएकै कारण हाल राष्ट्रियमै सुर्खेतका थारु जातिको पहिचान गराउन सफल भएका छन् । वि.सं. २०५८ देखि नियमित रुपमा डौना बेबरी नामक पत्रिकाले र थारु जातिको अन्य कार्यक्रमले पनि यसमाथि इट्टा थप्ने काम गरेको छ । २०६५ कार्त्तिक १-४ गतेसम्म भएको भैरहवाको लुम्बिनीमा सम्पन्न प्रथम ऐतिहासिक अन्तर्राष्ट्रिय थारु सम्मेलनमा सुर्खेतको उल्लेख्य प्रतिनिधित्व, सुर्खेतका थारु जातिको कृषि, सेना, प्रहरी, निजामति, व्यापार, शैक्षिक क्षेत्रमा समेतको सहभागिता, आदिवासी जनजाति महासंघले नेतृत्व तहमा समेत उपस्थितिले र आफ्नो जातिगत अस्तित्व कायम राख्न गरिएका सामाजिक तथा सांस्कृतिक क्रियाकलापले पनि उपत्यकासावी थार जातिको शिर उच्च राख्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

रुपमा आफ्नो पहिचान कायम राख्न सफल भएको ठहर गरिएको छ । यसमा थप प्रयासका लागि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको आवश्यकता देखिन्छ ।

## ४.२. सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषाको विश्लेषण

भाषा विचार विनिमयको सशक्त माध्यम हो । सबै जाति र क्षेत्रको आफ्नो-आफ्नो मातृभाषा र क्षेत्रीय भाषा हुन्छ । त्यस्तै सुर्खेत उपत्यकामा बस्ने थारु जातिको पनि आफ्नै मातृ भाषा (थारु) छ । यहाँका थारु जातिहरु आपसमा कुराकानी गर्दा आफ्नै भाषामा बोल्दछन् भने अन्य नेपाली भाषी वा थारु बाहेक अरु जातिसँग कुरा गर्दा नेपाली भाषामा बोल्ने गर्दछन् । केही लेखपढ नगरेका पुराना बुढापाका व्यक्तिहरुलाई नेपाली बोल्न गाह्रो लाग्ने अवस्था भएतापनि धेरै जसोले प्रष्टसँग नेपाली र थारु भाषा बोल्न जानेको देखिन्छ । उच्चारणमा भने केही रुपमा भिन्नता पाइएतापनि अर्थगत रुपमा सबैले बुझ्ने गरी बोल्दछन् । अन्य जातिसँग सम्पर्क नभएको भए थारु भाषाको तुलनामा नेपाली बोल्न गाह्रो पर्ने स्थिति देखिन्छ । सुर्खेतमा बसोवास गर्ने थारु जातिहरुको वि.सं. २०२२ भन्दा पहिले अन्य जातिसँग कम सम्पर्क हुन्थ्यो । जब २०२२ पछि यस उपत्यकामा औलो उन्मूलन भै अन्य जातिको बसोवास हुन थालेपछि यहाँका थारु जातिहरुको बस-उठ अन्य पहाडी जातिसँग हुन थालेपछि हालका नयाँ पिंढीलाई त सबै जसो आफ्ना भाषाका शब्दवाली पाद नहुने अवस्था पनि सिर्जना हुन थालेको पाइन्छ । यो अवस्थालाई मध्य नजर गर्दै आफ्नो भाषा र संस्कृतिको रक्षा गर्न सुर्खेत उपत्यकामा विभिन्न प्रयासहरु भएको पाइन्छ । सुर्खेतमा भएका विभिन्न आदिवासी जनजातिमध्ये केही मगर र खम्वा जातिहरुले मात्र आफ्नो भाषा बोल्दछन् भने थारु जातिहरुमा सबैले आफ्नो भाषा बोल्न सक्छन् । यसरी हेर्दा थारु जातिले आफ्नो जातीय र भाषिक पहिचान कायम राख्न सफल रहेको अवस्थामा यसलाई अझ सुदृढ बनाउनका लागि विभिन्न प्रयासहरु भएको पाइन्छ । जसमा क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतबाट प्रीसरत थारु भाषाको समाचार, २०५८ सालमा 'बेस' नामक संस्थाद्वारा सञ्चालित 'रेडियो ख्याल' कार्यक्रम वि.सं. २०६० सालमा नेपालगञ्जबाट उत्पादन भएको रेडियो पत्रिका 'हमार सैदान' (कोशेली) कार्यक्रमको प्रसारण सुर्खेतबाट हुन थालेपछि सुर्खेत वासी थारु समुदायलाई आफ्नो भाषा र संस्कृतिको रक्षा गर्न थप बल प्रदान भएको विश्लेषण गर्न सकिन्छ ।

यसैगरी रेडियो भेरी एफ.एम., बुलबुले एफ.एम. र भेक आवाज मार्फत पनि थारु भाषा र संस्कृतिको संरक्षण र संबर्द्धन गर्न विभिन्न सचेतनामूलक कार्यक्रम र थारु भाषामा समाचार

प्रसारण हुनुले पनि थारु भाषाको विकासमा थप बल प्रदान गरेको पाइन्छ भने उपत्यकावासी थारु सुमदायका सचेत व्यक्तिहरुले यी कार्यक्रमहरुमा प्रत्यक्ष संलग्न भै काम गर्नाले पनि यहाँका थारु जातिको आफ्नो भाषा र संस्कृतितर्फ भएको आस्थाको पुष्टि गर्दछ । सुर्खेती थारु जातिको भाषाको विकास गर्ने आसयले थारु कल्याण कारिणी सभा सुर्खेतका वर्तमान कोषाध्यक्ष तथा थारु विद्यार्थी समाजका सल्लाहकार सदस्य मानबहादुर चौधरी 'पन्ना' द्वारा 'किसानके जिन्दगी' नामक खण्डकाव्य रचना गरिएको छ । जसले थारु भाषा र संस्कृतिलाई जोगाइ राख्न थप बल प्रदान गरेको छ । सुर्खेतमा स्थापित आदिवासी जनजाति महासंघले पनि थारु जातिको भाषा संस्कृतिको विकास गर्ने गरेका विभिन्न प्रयास गरेको पाइन्छ । विभिन्न संघ/संस्थाहरु र सरकारी तवरबाट थारु जातिलाई माथि उठाउन विशेष कार्यक्रम ल्याइनु पर्छ भन्ने कुराबाट पनि थारु जातिको भाषा र संस्कृतिप्रति सकारात्मक रहेको मान्न सकिन्छ । यसैगरी वि.सं. २०५८ साल देखि थारु कल्याण कारिणी सभा सुर्खेत र थारु विद्यार्थी समाजले नियमित प्रकाशन गर्दै आएको 'डौना बेबरी' पत्रिकाले र थारु भाषी लेखक, कलाकार पनि आफ्नो भाषाको उत्थान गर्न प्रयासरत रहेको कुरा यहाँका थारु जातिका सामाजिक तथा सांस्कृतिक क्रियाकलापले पनि पुष्टि गर्दछ । सुर्खेतमा थारु कल्याण कारिणी सभाको गठन हुनुपूर्व 'गोचाली परिवार' नामक संस्थाको माध्यमबाट उपत्यका वासी थारु समुदायलाई संगठित गरी भाषा र संस्कृतिको विकास गर्न अथक प्रयास गरेको पाइन्छ भने हाल सो संस्था सुसुप्तावस्था रहेको छ ।

नेपालको पूर्वमेचिदेखि पश्चिम महाकालीसम्मका तराई भित्रीमधेशमा र पहाडको फेदीमा बस्ने थारु भनी चिनिने समुदायको स्थानीय भूगोल पर्यावरणमा आधारित आफ्नै विशिष्ट जीवन शैली रहेको छ । जसमा सुर्खेत उपत्यकावासी थारु समुदायको पनि आफ्नै विशिष्ट जीवनशैली छ । नेपालको पूर्वी सीमाना मेचिदेखि क्रमशः कोचिला, चितवनीया (नवलपुरीया), कठरिया, देशौरी, दङ्गाहा, राना जस्ता थारु जातिको गोत्रगत भेद पाइन्छ । जसमध्ये सुर्खेतका थारु जाति दङ्गाहा वा दगौरा थारुभित्र पर्दछन् । दगौरा थारुहरुको क्षेत्र व्यापक भएको र यसका भाषा भाषी पनि धेरै भएको हुनाले थारु भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न यही 'दगौरा' हरुले प्रयोग गर्ने गरेको भाषालाई नै बहुमतले निर्णय गरी थारु कल्याण कारिणी सभा केन्द्रीय कार्यालयले नेपाल सरकारलाई सुझाव र सल्लाह समेत दिइसकेको कुरा श्रोतव्यक्तिहरुबाट प्राप्त हुनाले सुर्खेतवासी थारु समुदायले आउँदा दिनहरुमा पनि आफ्नो भाषा र संस्कृतिको जगेर्ना गर्न थप प्रयासरत रहनुपर्ने देखिन्छ ।

नेपालको मध्यपश्चिम र सुदुरपश्चिममा बोलिने मातृभाषाहरुमध्ये (दगौरा) एउटा प्रमुख भाषा हो । नेपालका सम्पूर्ण थारुहरुको जनसंख्याको कम्तिमा आधाजतिले यस भाषाको प्रयोग गर्ने गरेको अनुमान डा. दोर्णप्रसाद रोजौरियाको भनाइबाट पुष्टि हुन्छ । दगौरा थारु भाषा उत्तरी भारतको अवधि भाषासँग मेलखाने देखिए तापनि पुरातात्विक भाषा अध्ययनका दृष्टिले यस भाषाले ठूलो महत्व राख्दछ । अहिलेको बदलिंदो अवस्थामा जुन क्षेत्रमा दगौरा थारु भाषी छन् त्यस क्षेत्रमा बोलिने भारोपेली परिवारका अन्य भाषा र भाषिका तथा स्वयम् अवधि भाषाबाट समेत लोप भैसकेका संस्कृत उद्भवका अनेकौं शब्दहरु अरु भाषामा अझै पनि जिवन्त रुपमा पाइनु सुर्खेत उपत्यकावासी थारु जातिको भाषामा ओजता र पूर्वीय दर्शनसँग यसको निकटता रहेको अनुमान गर्न सकिन्छ । हालसम्मका अन्वेषणका क्रममा अरु दगौरा थारु भाषामा लेखिएका त्यति पुराना साहियित्क रचना फेला नपरे तापनि पुस्तौंदेखि थारु जनजिब्रोमा फस्टाउँदै आएको मौखिक साहित्यको स्तरमा यो भाषा अत्यन्तै समृद्ध छ । गुर्वावक, जर्मौटी, बर्किमार जस्ता धार्मिक ग्रन्थहरुकासाथै कृष्ण चरित्र (दशैमा सखिया नाचको बेला गाइने) मागर, झुमरा, रामजलम, मघौटा, बरमास्या जस्ता माङ्गलिक, श्रृङ्गारिक र तन्त्र-मन्त्र सम्बन्धी गीतका साथै विभिन्न अवसरमा भन्ने र सुन्ने शिक्षा प्रद वत्कोही (लोक कथा), उखान तथा कन्है ( गाउँखाने कथा) जस्ता विधाहरुले यस दगौरा थारु भाषालाई जिवन्तता प्रदान गर्न थप कोशे ढुङ्गा सावित भएका छन् । यस भाषाका अनुसरण कर्ता सुर्खेती थारु जातिलाई आफ्नो भाषाको संरक्षण सम्बर्द्धन गर्न यी माथिका ग्रन्थ तथा कथा कहानीले पनि भाषा रुपी राजमार्गको काम गरेका छन् । नेपालका विभिन्न ठाउँमा बसोवास गर्ने थारु जातिको भाषालाई स्थानगत आधारमा निश्चित ठाउँ अनुसार भाषिकाका रुपमा विभाजन गरेको पाइन्छ । जस्तैः दङ्गाहा, देशौरे, राना, सप्तरिया, चितौनीया, देउखुरिया, भौरहीया, नवलपुरिया र सुनसरिया ।

यी माथि उल्लेखित भाषिका वीच खासै अन्तर पाइदैन । स्थान विशेष क्रियाको उच्चारणमा मात्र फरक देखिएको छ । केहीकेही नाममा अन्तर पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने थारु भाषावीच केही असमानता रहे तापनि समानता धेरै नै पाइन्छ ।

जस्तैः मूल धातु (स्थान अनुसार)

| **कैलाली /बर्दिया** | **दङ्गाहा** | **देशौरी** | **देउखुरी** |
|---|---|---|---|
| वा | वट | वाटै | वटाँ/वाट |
| खा | खैठा | खेठैं | खैठँ/खैठ |

माथिका मूल धातुको स्थितिलाई हेर्दा थारुहरुको भाषिक अन्तर खासै नभएतापनि उच्चारणगत रुपमा मात्र भए पनि केही फरक पाइन्छ । यी मध्यपश्चिम र सुदूरपश्चिमका तुलनामा पूर्वतिरका भाषामा केही अन्तर अवश्य नै छ । खानु क्रियाको मूल धातु कैलाली र बर्दियामा खा, दङ्गाह (दगौरा) मा खैठा, देशौरीमा खैठ तथा देउखुरीमा खैँठ वा खैठ हुनु खासै अन्तर होइन उच्चारणगत रुपमा मात्र सामान्य अन्तर देखिएको मान्न सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा सुर्खेत उपत्यकावासी थारु जातिको भाषाको संरक्षण र आफ्नो अस्तित्व कायम राख्नमा दाङबाट सुर्खेत आएका समयमा सुर्खेत उपत्यकामा थारु जातिको एकलौटी बसोवास हुनु, सबै क्रियाकलाप आफ्नै भाषिक र सांस्कृतिक रुपमा गर्ने स्वतन्त्रता हुनाले पनि महत्वपूर्ण भूमिका खेलेको शोधकर्ताको ठहर रहेको छ । जब यस उपत्यकामा पहाडी जातिको बसोवास गर्ने क्रम शुरु भयो त्यस समयमा अशिक्षा, बेराजगारी, चेतनाको कमी, स्वास्थ्य अवस्था राम्रो प्रबन्ध नहुनु र पहाडी जातिसँगको हेलमेलका कारण केहीरुपमा नेपाली भाषातर्फ र संस्कृतितर्फ ढल्केको अवस्था पाइन्छ । त्यतिखेर देखि आफ्नो भाषा र संस्कृति केही ओझेल परेको ठम्याई छ । कालान्तरमा आएर थारु जातिहरुमा पनि चेतनाको स्तर उठ्न थाल्यो । केही मात्रामा लेखपढमा गर्ने, सामाजिक क्रियाकलाप सञ्चालन गर्ने, आफ्नो भाषिक र सांस्कृतिक अवस्था र अस्तित्व बुझ्ने वातावरणको सिर्जना हुन थाल्यो । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले आदिवासी जनजातिका पक्षमा, शैक्षिक, सामाजिक, स्वास्थ्य जस्ता विषयमा चेतना दिन थाले । सुर्खेतमा रेडियोको क्षेत्रीय प्रसारण कार्यक्रम सञ्चालन भयो । विस्तारै एफ.एम.हरु पनि सञ्चालन भए । केन्द्रीय तहदेखि जिल्ला तहसम्म थारु कल्याण कारिणी सभाको गठन भयो । यो संस्था मार्फत र विद्यार्थी समाज मार्फत २०५८ सालदेखि नियमित रुपमा डौना बेबरी नामक पत्रिका मार्फत यहाँका थारु जातिको भाषिक र संस्कृतिक रुपमा सकारातमक प्रभाव पार्ने खालका लेख रचनाहरु प्रकाशित हुन थाले । आदिवासी जनजाति महासंघ मार्फत पनि थारु लगायतका जातिको भाषिक स्तर बृद्धि क्षमता अभिबृद्धि र नेतृत्व विकास गराउने खालका कार्यक्रम सञ्चालन भएबाट पनि यहाँका थारु जाति आफ्नो जातीय अस्तित्व रक्षाका साथै भाषिक र सांस्कृतिक विकास गर्नतर्फ अग्रसर भएको पाइन्छन् । सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिलाई आफ्नो भाषा र संस्कृतिको संरक्षण गर्न थप बल प्रदान गर्ने प्रमुख व्यक्तिहरुमा गोपाल दहित र उनका कृतिहरु थारु–नेपाली–अंग्रेजी शब्दकोष, थारु संस्कृति, दाङका महेश चौधरी, कृष्णराज सर्वहारी, बर्दियाका सगुनलाल चौधरी, सन्तराम धरकटुवा लगायतका उत्साही कर्मठ युवाहरुले रचना गरेका कृतिहरुबाट पनि उत्साहित भै

सुर्खेत थारु समुदायले आफ्नो भाषिक उठानका लागि सचेत व्यक्तिहरुको नेतृत्वमा विभिन्न कार्यक्रम गर्ने, लेख रचना लेख्ने, थारुका राष्ट्रिय तथा स्थानीय कार्यक्रममा सहभागी हुने, शैक्षिक व्यक्तित्वबाट पुस्तक समेत प्रकाशन गर्ने लगायत क्रियाकलाप गर्दै आफ्नो भाषा र संस्कृतिको विकास गर्न र पुरातन संस्कृतिलाई बचाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको शोध कर्ताको ठहर रहेको छ ।

## ४.३. सुर्खेत उपत्यकाको थारु संस्कृतिको विश्लेषण

नेपालका विभिन्न जिल्लाहरुबाट व्यापारिक प्रयोजन, नोकरी र बसाइ सराइ गरी धेरै जिल्लाबाट जमघट भएका र केही भारतबाट व्यापारका लागि आएका मानिसहरुको बसोवास भएको यस सुर्खेत उपत्यकामा सबैको आ-आफ्नो भाषा र संस्कृति छ । सोही अनुरुप यहाँका आदिवासी थारु समुदायको पनि आफ्नै भाषा र संस्कृति जीवित छ । संस्कृति भन्ने वित्तिकै कुनै पनि जाति वा समुदायको आफ्नो मौलिक पेवाका रुपमा पनि मान्न सकिन्छ । संस्कृति अन्तरगत उसले बोल्ने भाषा, जन्मदेखि मृत्युपर्यन्त गरिने विभिन्न संस्कारहरु, चाडपर्व, पूजा-पाठ, तिर्थव्रत, धार्मिक ग्रन्थहरु, मुख्य आराध्य देवताहरु, लोक गीत, लोक नृत्य, हस्तकला, चित्रकला, खेलकूद, पेशा, लवाई-खवाई आदिलाई लिन सकिन्छ । यो सुर्खेत उपत्यका मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम तथा पहाडी वस्तीको पायक पर्ने समथर ठाउँ र उपयुक्त भौगोलिक, वातावरणीय क्षेत्र भएकाले पनि धेरै पहाडी जिल्लाबाट मानिसहरु आई बसोवास गरेका छन् । यी सबैको आ-आफ्नै संस्कृति छ । यिनीहरुरमध्ये यहाँका थारु जातिको छुट्टै विशेषता छ । थारु जातिको वसोवास सुर्खेत उपत्यकाका ३६ वटा ठाउँमा समूहगतमा रहेको छ । यसरी समूहगत रुपमा मिलेर बस्दा धेरै किसिमका फाइदाहरु हुन सक्ने, दुःख सुखमा सबैको सहभागिता, सामूहिक सुरक्षा जस्ता कारणले पनि यी जातिको बसाइको प्रभावकारिता रहेको पाइन्छ । ३६ वटा ठाउँमध्ये वीरेन्द्रनगर बजार क्षेत्रमा भएका ३/४ घरको स्थायी बसोवास गाउँमा हुनु र बजारका घर बहालमा दिनुले पनि के कुराको पुष्टि गर्दछ भने थारु जाति सामूहिकतामा रमाउने र ग्रामीण परिवेशमा नै आफूलाई समायोजन गर्ने, प्रकृति प्रेमी जातिका रुपमा मान्न देखिन्छ । जब वि.सं. १९४०-५० तिरबाट उपत्यका बासी थारु जातिको बसाइ सुर्खेतमा हुन थाल्यो त्यस समयमा यहाँ औलो लाग्ने गर्मी हुने र विभिन्न रोगका कारण धेरै धनजनको क्षति समेत भएको कुरा सुन्न पाइन्छ । कालान्तरमा वि.सं. २०२२ साल यता यस उपत्यका औलो उन्मुलन भई जिल्ला सदरमुकाम स्थापना भएपछि स्वास्थ्य र चेतना स्तरमा बृद्धि हुने क्रम बढ्दै गए तापनि थारु जातिको संस्कृतिमा केही हिन्दूसँग मेलखाने खाले हिन्दू संस्कारहरु पनि भित्रिएको पाइन्छ ।

सो कुराको बारेमा शोधकर्ताले जिज्ञासा राख्दा थारुका सचेत मानिसहरुबाट हिन्दूहरुद्वारा हिन्दू संस्कार लादिएको हो । हामीले स्वीकारेका होइनौं । हामी विशुद्ध बौद्धमार्गी हौं भन्ने उत्तर पाइयो र ग्रामीण तहका सामान्य व्यक्तिहरुसँगको भेट-घाटमा केही कुराहरु हिन्दूको प्रभावमा परी गर्न थालिएको भन्ने पाइयो । समग्रमा भन्नुपर्दा हिन्दू धर्म र बौद्ध धर्ममा बढी सामान्जस्यता र मेलका कारणले पनि यस्तो हुन गएको हो । समय परिस्थिति अनुसार केही कुरामा परिवर्तन भएतापनि सबैको आ-आफ्नो संस्कृति प्रति चासो चिन्ता रहन्छ । त्यसैगरी यस उपत्यकावासी थारु समुदायको पनि आफ्नो संस्कृति प्रति चिन्ता र चासो विद्यमान छ ।

थारु कल्याणकारिणी सभा सुर्खेतको २०६५ को तथ्याङ्क अनुसार कुल जनसंख्या ५३२२ रहेको र घरधुरी संख्या १०६५ मध्ये प्रति परिवार संख्या ४.९९ रहनुले पनि थारु जातिमा चेतना शक्ति प्रवल रहेको अनुमान गर्न सकिन्छ । यहाँको कूल जनसंख्यामा महिलाको संख्या ५२.०८ र पुरुषको संख्या ४७.९२ प्रतिशत रहेको छ । नेपालको पुरुष प्रधान तथा हिन्दू संस्कार जातिसँग केही निकटताको स्थिति रहेको अवस्था विद्यमान छ । कूल जनसंख्याको १५.१४ कृषक, ४.११ नोकरी गर्ने, १.४८ मजदुरी गरी जीविकोपार्जन गर्ने, ०.१६ प्रतिशत वा संख्याको हिसावले ९ जना मात्र व्यापार गर्नेको संख्या रहेको पाइन्छ भने अन्य जनसंख्या आय-आर्जन गर्न नसक्ने केटाकेटी, बुढाबुढी, विद्यालयमा अध्ययनरत वालवालिका रहेका छन् । जो परिवारको कमाइमा आश्रित छन् । उपत्यका वासी थारु समुदायको सक्रिय पेशा व्यवसाय भएको जम्मा प्रतिशत २०.८९ रहेको छ भने अन्य बाँकी त्यति २०.८९ प्रतिशत सँगै निर्भर रहनु पर्ने बाध्यताका कारण पनि आर्थिक अवस्था सुधार्न गाह्रो परेको हुन सक्छ । जन्मदर नै पुरुषको तुलनामा महिलाको बढी भएकाले १८ वर्ष भन्दा कम उमेर, त्यो भन्दा बढी उमेर संख्यामा र ६५ वर्ष भन्दा माथिको उमेर संख्या पनि पुरुषको भन्दा महिलाको नै जनसंख्या बढी देखिन्छ ।

उपत्यकावासी थारु समुदायको शिक्षाको अवस्थालाई हेर्दा यसप्रकार देखियो –

| **क्र.सं.** | **विवरण** | **जनसंख्या** | |
|---|---|---|---|
| | | **पुरुष** | **महिला** |
| १. | कक्षा १-१० | ७३१ | ७७९ |
| २. | एस.एल.सी. उत्तीर्ण | ७६ | ६३ |
| ३. | प्रमाण पत्र तह उत्तीर्ण | २८ | १० |
| ४. | स्नातक तह उत्तीर्ण | १२ | ७ |

माथिको तालिका अनुसार पढाईतर्फ हेर्दा कक्षा १-१० सम्म अध्ययन गर्नेको संख्या पुरुषको ७३१ छ भने महिलाको संख्या ७७९ रहेको देखिन्छ । त्यो क्रमलाई हेर्दै जाँदा एस.एल.सी. उत्तीर्ण संख्या पुरुष ७६ र महिला ६३ हुनुले पारिवारिक स्थिति सवल नुहुन, छोराको तुलनामा छोरीलाई घरायसी काम काजमा बढी लगाउनाले पनि छोरीहरुको पढाइ कमजोर भै कहिले बीचमै पढ्न छोड्ने र धेरैले एस.एल.सी. गर्न नसक्ने स्थिति भएको पाइन्छ । यो प्रक्रियामा शिक्षाको तह बढ्दै जाँदा घरायसी व्यवहार तर्फ महिलाले गर्नुपर्ने जिम्मेवारी बढी हुने भएकाले पठन-पाठन गर्ने प्रक्रिया कम हुँदै गएको तथ्य पाइन्छ । जसमा प्रमाणपत्र तह उत्तीर्ण गर्ने पुरुष संख्या २८ र महिला संख्या १०, स्नातक उत्तीर्ण गर्ने पुरुष संख्या १२ र महिला संख्या ७ ले पनि महिलाको तुलनामा पुरुषले शिक्षा क्षेत्रमा अग्रता हासिल गरेको देख्न पाइन्छ । यी सबै तथ्यलाई हेर्दा प्रत्यक्ष रुपमा महिला पुरुषमा भेदभाव नेदेखिए तापनि अप्रत्यक्ष रुपमा थारु समुदायमा पनि महिलाको स्थिति हर क्षेत्रमा पुरुषको तुलनामा कमजोर नै देखा पर्दछ । यो केवल सुर्खेत थारु समुदायको समस्या नभएर समग्र नेपाली महिलाहरुको समस्याका रुपमा लिन सकिन्छ । यी माथि उललेखित थारु कल्याण कारिणी सभाको तथ्याङ्कलाई हेर्दा तराईका सबै जातिबाट पिल्सिएको र सुर्खेतको स्थितिलाई हेर्दा पनि आजभन्दा केही पहिलासम्म आफ्नो सामाजिक सांस्कृति र भाषिक पहिचान कायम गर्न दुर्गम परिरहेको अवस्थालाई दृष्टिगत गर्दा थारु समुदायमा धेरै नै ठूलो सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक प्रगति भएको सहजै महसुस गर्न सकिन्छ ।

सुर्खेत उपत्यकामा बसोवास गर्ने दगौरा थारु जातिले आफ्ना परापूर्वकालदेखि मनाउँदै आएका चाडपर्व र रीतिरिवाजलाई निरन्तरता दिएको पाइन्छ । बच्चा जन्मेपछि सबै आफन्तहरुलाई खबर दिने खुशीयाली मनाउने छैटीका दिन नाच-गान गर्ने र त्यसै दिन बुढापाका मानिसहरुले नाम (महिना र बारका आधारमा) राख्ने चलनलाई हाल आएर अन्य हिन्दूसरह ज्योतिषबाट राशी अनुसार नाम राख्ने परम्पराको थालनी हुन थालेको छ । विवाहको प्रचलन अनुसार उनीहरु आफै भागेर पनि विवाह गर्ने स्थिति देखिन्छ । मागी विवाहमा प्रायगरी बुधवारको दिन शुभदिन मानिन्छ । कारणवस जन्ति अन्यबार गएतापनि सिंदुर बुधबार नै पहिराउने र भोज पनि बुधबार नै गर्ने गरिन्छ । अन्य चाल चलनहरु प्रायः गरी आफ्नै रीतिरिवाज अनुसार गरिन्छ । विवाहकै क्रममा भन्नुपर्दा कारणवस आफ्नो दाजु वितेको खण्डमा भाइले भाउजुलाई आफ्नो जिम्मा लिनु पर्ने र लिएको उदाहरण पनि देख्न पाइन्छ तापनि त्यो संस्कार आजभोली हटेको पाइन्छ । यसले के कुराको पुष्टि गर्दछ भने पहिले गरेका कतिपय

संस्कारहरुलाई निरन्तरता दिनु र कतिपय अशोभनीय संस्कारलाइ हटाउँदै जानाले सुर्खेती थारु जातिमा चेतना र शिक्षाको विकास भएको मान्न सकिन्छ भने समयलाई पक्रिन सक्ने परिवर्तनकारी भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको मान्न सकिन्छ । यसैगरी मृत्यु संस्कार गर्ने तरिका पनि हिन्दूको भन्दा केही फरक पाइन्छ । जब कुनै घरमा कसैको मृत्यु हुन्छ । त्यहाँ आफन्त, छिमेकी जम्मा भई लास घरबाट उठाउँका कुनै काठमा एकातिर घरमा भएका अन्नका दानाहरु र अर्को छेउमा माटोका भाँडो झुण्डाएर सागरमा लगी सलो तयार गरी सकेपछि सबै मलामीले त्यो अन्न लासमा छर्केपछि दागबत्ती दिइन्छ । साँझ घर फर्केर मृतकलाई धरम भात खुवाउने चलन हुन्छ । काजकिरिया गर्दा हिन्दू जस्तो कोरा बस्नु पर्दैन छोरा-छोरी वा सम्बन्धित मानिसहरुले चोखो खाने कुरा खाने गर्दछन् । किरिया गर्दा खेतीको मौसममा ५-७ दिनमा र अन्य समयमा १०-१२ दिनमा शुद्ध हुने चलन छ भने साना बचचा-बच्चीको हकमा ३-५ दिनमा शुद्ध हुने चलन छ । शुद्ध हुँदाको दिन सुँगुर र साँढे कोटेर सबैलाई खुवाउने चलन भएकोमा हाल सानो पाठो मात्र काटी नखाने प्रचलन पनि चलेको पाइन्छ । त्यो मरेको पिण्डलाई हिन्दूले झैं श्राद्ध गर्ने चलन थारु जातिमा छैन । जुन व्यक्ति मरेपनि दशैंको नवमीका दिन पाँचथरी तरकारी र भात पकाई अलग-अलग राखी पितृलाई अर्पण गरिन्छ । जसलाई ‘पितर’ भन्ने चलन छ । यसरी थारु जातिहरुले समय परिस्थितिलाई ख्याल गरी आफ्ना संस्कारहरुलाई पनि खुशीयोग्य कुरा हो ।

त्यसैगरी सुर्खेत उपत्यकावासी थारु जातिले देवी देवताका रुपमा जगन्नाथ, भेटवा, डेमन्डौरा, पिठागुदिन लगायतका देवी देवताको पूजा गर्दछन् र यिनीहरुलाई घरभित्रका देवता मान्दछन् । पूजा पाठका क्रममा भुँयर, हर्या गरै, धुर्या गुदै आदिको गर्दछन् । धार्मिक ग्रन्थका रुपमा गुर्वावाक जल्मौती, धुम्रु, वर्कीमार रहेका छन् । यसैगरी आफ्नै संस्कृतिसँग मेलखाने लोकगीत र लोकनृत्य रहेका छन् । कतिपय नाच र गीत बारमासे हुन्छन् भने कतिपय चाडपर्व र विशेष अवसरमा मात्र नाच्ने गाउने गरिन्छ । आफ्नै मौलिक संस्कृति झल्कने खेलहरु पनि खेल्ने गरिन्छ । कतिपय खेलहरु पुरुषहरु मात्रले खेल्ने र कतिपय महिलाले मात्र खेल्ने गरेको पनि जानकारहरुबाट बताइएको छ । उपत्यका वासी थारु समुदायमा महिला र पुरुषको जिम्मेवारी र दायित्वको बाँडफाँड गरेको पाइन्छ । महिलालहरुले घरयासी कामधन्दा बस्तु भाउको रेखदेखका साथै हातबाट निर्माण गरिने विभिन्न घर प्रयोजनका सामग्रीहरु समेत निर्माण गर्ने परम्परा संस्थागत भएको पाइन्छ ।

उपत्यकावासी थारु समुदायको भेषभूषाका सम्बन्धमा अध्ययन गर्दा पुरुषहरुले भित्र चौवन्दी भुल्वा, बाहिर दौरा र लँगौटी लगाउने प्रचलन थियो । हाल त्यो प्रचलन फेरिएर सर्ट पाइन्ट वा सर्ट हाफ पाइन्ट लगाउने गरेको पाइन्छ भने केही १-२ जनाले आज भोलि पनि लँगौटी र सर्ट लगाएको देखिन्छ । महिलाले सानो छँदा र विवाह पछि पनि बच्चा नजन्मदासम्म चोलिया लगाउने गरेको र बच्चा जन्मेपछि माथि अंगीया र कुर्ता तल गुनियो लगाउने चलन थियो । सो गुनिया अन्य जातिका महिलाले भन्दा छोटो लगाउने गरेको पाइन्छ । गुनिया प्राय गरी नैनासुत र टाल्टिनको हुने गर्दछ । त्यो परम्परा विस्तारै हराउँदै आज थारु पोशाक केवल चाडपर्वमा मात्र सीमित हुन पुगेको छ । चाड पर्वमा मात्र लगाए पनि यसले आफ्नो सांस्कृतिक धरातललाई बचाउने काम गरेको पाइन्छ ।

थारु जातिका चाड पर्वका सम्बन्धमा भन्नु पर्दा हिन्दू वा अन्य धर्मावलम्वीले जस्तै विभिन्न चाडपर्वहरु मनाउँछन् । जसमध्ये हर्दुङ, जन्माष्टमी, तीजको व्रत, दशैं, माघी आदि । यिनीहरुमध्ये माघी पर्वलाई नयाँ वर्षको शुभारम्भका रुपमा मनाउने चलन छ भने तीजको व्रत हिन्दूहरुको भन्दा केही भिन्न रुपले मनाउने गरेको पाइन्छ । जसमा तीजको व्रत पुरुषहरु बस्ने र आफ्ना दिदी बहिनीहरुलाई खाना खुवाउने प्रचलन पाइन्छ भने अन्य हर्दुङ वर्षाको खेती सकेर सबै इष्टमित्र जम्मा भई ३ दिन बाहिरको कुनै काम नगरी खान पिनगरी घरमै बसी मनाइन्छ । यसै गरी जन्माष्टमी र दशैंलाई पनि आफ्नै तरिकाले मनाइन्छ । माघी पर्वमा विशेषगरी सबै परिवार जम्मा भई वर्ष भरी गरिने कार्यहरुको योजना बनाउने र १५ दिनसम्म बाहिरी काम काज नगरी विभिन्न नाचगान गरी, आफ्ना देवी देवताको पूजा गरी धुमधामकासाथ मनाइन्छ । नाचान गर्दा आफ्ना भेषभूषा अनुसार पहिरन पहिरेर हुर्दङगवा, लठ्वा, मुर्चङ्वा आदि नाच नाच्ने प्रचलन पनि विद्यमान छ । यसरी आफ्नो भाषा र संस्कृतिको जगेर्ना गर्न सुर्खेत उपत्यका वासी थारु जातिहरु निरन्तर सक्रिय रुपमा लागिपरेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा सुर्खेत उपत्यका वासी थार जातिको संस्कृतिको रक्षाको लागि थारु कल्याण कारिणी सभा सुर्खेतले सञ्चालन गरेका विभिन्न चेतनामूलक कार्यक्रम, वि.सं. २०५८ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको ‘डौना बेबबरी’ पत्रिका, थारु भाषा र संस्कृति सम्बन्धी विभिन्न लेख, रचना गर्ने लेखक, थारु सचेत महिला, विद्यार्थी समाज, अनौपचारिक वा औपचारिक रुपमा स्थापना भएका थारु सांस्कृतिक संस्थाहरु ‘गोचाली परिवार’ नामक संस्था, संस्कृति जागरण अभियानका क्रममा गाउँमा भएका विभिन्न सांस्कृतिक कार्यक्रमले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सकेको पाइन्छ भने भाषा र सांस्कृतिको जगेर्ना गर्न पत्रपत्रिका,

रेडियो मार्फत सञ्चालन भएका कार्यक्रम र बौद्धिक व्यक्तित्व एवम् थारु कल्याण कारिणी सभा सुर्खेतका हालका कोषाध्यक्ष मानबहादुर चौधरी 'पन्ना' द्वारा लिखित खण्डकाव्य 'किसानके जिन्दगी' नामक पुस्तकका साथै आदिवासी जनजाति महासंघ सुर्खेतले पनि सक्दो प्रयास गरेको पाइन्छ । संस्कृतिको जगेर्नाकै क्रममा सुर्खेत उपत्यकाको लाटीकोइली गा.वि.स.को नयाँ गाउँ भन्ने ठाउँमा वि.सं. २०६५ आश्विन २५ गते सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । जसमा सखिया नाच प्रतियोगिता सम्पन्न भयो । यसको लगतै २०६५ कार्तिक १-४ गतेसम्म प्रथम ऐतिहासिक थारु अन्तर्राष्ट्रिय सम्मेलन लुम्बिनीमा समेत सुर्खेत जिल्लाको सामूहिक प्रतिनिधित्वले पनि यस जिल्लाको सांस्कृतिक महत्व अझ झन् बढ्न गएको छ । त्यसैगरी २०६५ माघी पर्वका अवसरमा सुर्खेत थारु कल्याण कारिणी सभाले सामूहिक छलफल गरी सुर्खेतमा अधियाँ, बटैया गर्ने थारु जातिले साहु कहाँ गएर निःशुल्क घरायसी काम गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने घोषणाले र माघी पर्वका अवसरमा बर्दियाको मानपुर टपरामा थारु राष्ट्रिय मुक्ति मोर्चाद्वारा आयोजित कार्यक्रममा यस जिल्लाबाट धेरै व्यक्तिहरुको सहभागिताले पनि सुर्खेती थारु जातिमा आफ्नो भाषा र संस्कृति प्रति अगाध माया ममताकासाथै उत्साह पनि कायम रहेको अनुमान गर्न सकिन्छ ।

# खण्ड : पाँच

## ५. शोधको निष्कर्ष

यस शोधको उद्देश्य सुर्खेत उपत्यकामा बसोवास गर्ने थारु जातिको भाषा र संस्कृतिको खोज अनुसन्धान गरी प्राप्त तथ्यलाई विश्लेषण गरी मूर्तरुप दिनु हो । शोध कर्ताले प्राप्त गरेको तथ्याङ्कका आधारमा शोधको निष्कर्ष निम्न रहेको छ -

नेपालका आदिवासी थारु समुदायको वसोवास तराईको समथर भूभाग र पहाडको फेदीसम्म पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका जम्मा २४ वटा जिल्लामा भएको पाइन्छ । यिनीहरु बाँझो जग्गा खनजोत गरी उर्वर भूमि तयार गर्ने धर्तीपुत्रका रुपमा चिनिन्छन् । अन्य जाति जस्तै थारु जातिका पनि विभिन्न थरहरु हुन्छन् । ठाउँ अनुसार पूर्वीया, दगौरा , देशौरे, राना, थारु भनी नामाङ्कन गरेको पनि पाइन्छ । त्यसमध्ये सुर्खेत उपत्यकामा वसोवास गर्ने थारु जातिलाई दगौरा थारु भनिन्छ । नेपालमा बसोवास गर्ने थारु जातिको आधा जनसंख्या दगौरा थारुहरुको रहेको छ । यस उपत्यकामा बसोवास गर्ने थारु जातिहरु वि.सं. १९४०-५० तिर दाङबाट बसाईसराइ गरी आएका हुन् । त्यतिखेर सुर्खेतमा औलो लाग्ने भएकाले आफ्नो जीवन बचाउन पनि धौ-धौ परेको जानकारी प्राप्त हुन्छ । कालन्तरमा वि.सं. २०२२ सालदेखि औलो उन्मूलन भै जीवन व्यतित गर्न केही सहज रहेको पाइन्छ । समयको परिवर्तनसँगै अर्काको हली, गोठालो, अधियाँ, बटैया गरी आफ्नो जीवन विताउन बाध्य भएका थारु जातिले आफ्नो जातिगत अस्तित्व कायम गर्न सुर्खेतमा पनि थारुहरुको संस्था 'थारु कल्याण कारिणी सभा' को स्थापना गरे । त्यसले सुर्खेतका थारुहरुलाई जातीय, भाषिक र सांस्कृतिक विकास गर्न सबैलाई एकजुट गरायो । वि.सं. २०५८ सालबाट 'डौना बेबरी' नामक पत्रिका वार्षिक रुपमा प्रकाशन गर्ने काम भयो । थारु विद्यार्थीहरुले पनि यसमा सहयोग पुऱ्याए । स्थानीय रेडियो र पत्रिपत्रिकाले समेत थारु सम्बन्धी समाचार लेख रचनाहरु प्रकाशन गर्न थाले । अनिमात्र उपत्यका वासी थारु समुदायको राष्ट्रिय रुपमा पहिचान हुन थालेको हो ।

सबै जात जातिको आफ्नो भाषा हुन्छ । त्यसैगरी थारु जातिको पनि आफ्नो मौलिक भाषा छ । ठाउँ अनुसार तिनीहरुलाई विभिन्न भाषिकामा विभाजन गरेको पाइन्छ । जस्तैः दङ्गाह, देशौरे, राना, सप्तरिया, चतौनिया, देउखुरिया, भौंरहिया, नवपुरिया र सुनसरिया नियीहरुमध्ये सुर्खेत उपत्यका वासी थारु जातिको भाषा 'दङ्गाह' भूमिका अन्तरगत पर्दछ । यी माथि उल्लेखित भाषिकाहरु वीच खासै अन्तर पाइदैन । स्थान विशेष क्रियाको उच्चारणमा मात्र

फरक देखिएको पाइन्छ भने केही केही नाममा अन्तर देखिन्छ । यसले स्पष्ट हुन्छ कि थारु भाषिका वीच समानता आधिक्य पाइन्छ । यस उपत्यकामा बस्ने सबै थारु जातिहरुले आफ्नो समाजमा आफ्नै थारु भाषा प्रयोग गर्न सक्ने अवस्था विद्यमान छ । केही पुराना मानिसहरुले नेपाली बोल्दा पदसङ्गति नमिलाई बोल तापनि आशय सबैको बुझ्न सकिन्छ । सुर्खेत उपत्यकावासी थारु जातिको बसाइ पुरानो वासस्थानबाट केही टाढा भएर हुन सक्छ केही थारु शब्द कोष र उखान टुक्कामा रिक्ताता देखिए तापनि त्यसको पूर्णता दिने काम गोपाल दहितको थारु -नेपाली-अंग्रेजी शब्दकोषले पूरा गर्ने अपेक्षा गरिएको छ । यही दङ्गाह भाषिकामा थारु पाठ्यक्रम पाठ्यपुस्तक तयार भई केही ठाउँमा पढनपाठन समेत शुरु भएकाले यहाँका थारु समुदायलाई अरु भाषिक रुपले समृद्ध बनाउन थप बल प्रदान हुने देखिन्छ ।

कुनै पनि जातिको अस्तित्व रक्षा गर्नका लागि भाषा र संस्कृतिले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सुर्खेत उपत्यकावासी थारु समुदायको पनि आफ्नै भाषा पर संस्कृति कायम रहेको पाइन्छ । उनीहरुको लवाई खुवाईमा नयाँपन आएतापनि चाडपर्वमा भने आफ्नो सांस्कृतिकता झल्काउने पहिरन लगाउने परम्परा कायम रहेको पाइन्छ । आफ्नै खालका लोकगीत र लोकनृत्य छन् । धार्मिक ग्रन्थको आफ्नो छुट्टै पहिचान रहेको छ । यसरी सरकारी तथा गैरसरकारी संघ-संस्था, आदिवासी महासंघ सुर्खेत, थारु भाषाका संस्कृतिसँग सम्बन्धित लेख, रचनाकार, महिला, विद्यार्थी, विभिन्न पेशामा कार्यरत थारु सम्बद्ध व्यक्तिहरु र थारु कल्याणकारिणी सभाका कोषाध्यक्ष मानबहादुर ‘पन्ना’ द्वारा लिखित लेखहरु र खण्डकाव्य ‘किसानके जिन्दगी’ नामक पुस्तक प्रकाशनले पनि सुर्खेती थारु संस्कृतिको विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैगरी यहाँका थारु सांस्कृतिक संस्था विभिन्न पर्वका अवसरमा सञ्चालित सांस्कृतिक गाउँ जागरण अभियाले पनि थप टेवा दिएको मान्न सकिन्छ । साथै गोपाल दहितद्वारा लिखित ‘थारु संस्कृति’ नामक पुस्तकले त सुर्खेत थारुलाई मात्र नभै ‘दगौरा’ थारु र सम्पूर्ण देशवासी थारु समुदायलाई समेत समेट्न पक्की पुलको भूमिका निर्वाह गरेको छ । अतः विविध दृष्टिकोणले आफ्नो संस्कृति रक्षा गर्न केही कसर बाँकी रहेतापनि अगामी दिनहरुमा अवश्य पनि सुर्खेती थारु समुदायले पूर्णता पाउने छ र यो प्रयास निरन्तर अगाडि बढ्ने छ भन्ने पूर्ण विश्वास गर्दै आजसम्म आफ्नो भाषा र संस्कृतिको रक्षा गर्न सुर्खेती उपत्यका वासी सचेत थारु जनसमुदाय सक्रियताकासाथ लागेको कुरा शोध कर्ताको ठहर रहेको छ ।

## ५.१. सुर्खेत उपत्यकाको थारु जातिको भाषा र संस्कृतिका सवल पक्षहरु

१. आफ्नो पुरानो बस्ती छोडी टाढा आउँदा पनि भाषा र संस्कृतिलाई बचाइ राख्न सक्नु ।

२. सुर्खेत उपत्यकामा औलो लाग्ने अवस्थामा पनि यिनीहरुले आफ्नो जातीय र सांस्कृतिक अवस्था कायम गर्दै यही भूमिमा स्थापित भै बस्नु ।

३. थारु कल्याण कारिणी सभाको गठन हुनु ।

४. आदिवासी जनजाति महासंघको गठन हुनु ।

५. थारु विद्यार्थी समाजको गठन हुनु ।

६. २०५८ सालदेखि थारु कल्याण कारिणी सभा सुर्खेतले थारु मुख पत्रकोरुपमा 'डौना बेबरी' नामक थारु भाषाको पत्रिका प्रकाशन गर्नु ।

७. 'गोचाली परिवार' नामक थारु संस्थाको गठन हुनु ।

८. विभिन्न पर्वका अवसरमा थारु गाउँमा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनु ।

९. थार सम्बन्धी राष्ट्रिय कार्यक्रममा सुर्खेत जिल्लाको प्रतिनिधित्व हुनु ।

१०. स्थानीय पत्रपत्रिका र स्थानीय रेडियोबाट थारु भाषा र संस्कृति झल्कने समाचार र लेख रचना प्रकाशन तथा प्रसारण हुनु ।

११. सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनु ।

१२. पटक-पटक देशमा भएको राजनैतिक परिवर्तनलाई थारु जातिले स्वीकार्नु ।

**सुर्खेत जिल्लामा अवस्थित जातिगत जनसंख्याको विवरण (२०५८ को जनगण्ना अनुसार)**

| क्र.सं. | जात-जातिको विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | क्षेत्री | ३७३७९ | ३७४४१ | ७४८२० |
| २. | बाहुन (पहाडी | १६५८३ | १६७०२ | ३३२८५ |
| ३. | मगर | २७६८९ | २७९७९ | ५५६६८ |
| ४. | थारु | २८६८ | २७६३ | ५६३१ |
| ५. | तामाङ | १०५ | ६३ | १६८ |
| ६. | नेवार | ८४६ | ७९५ | १६४१ |
| ७. | मुस्लिम | ६०६ | ५४७ | ११५३ |
| ८. | कामी | १९५४६ | २०८३६ | ४०३८२ |

| क्र.सं. | जात-जातिको विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ९. | यादव | ९६ | ५७ | १५३ |
| १०. | राई | १३९ | ११६ | २५५ |
| ११. | गुरुङ्ग | २१४९ | २१६३ | ४३१२ |
| १२. | दमाई/ढोले | ५२१५ | ५३३८ | १०५५३ |
| १३. | लिम्बु | २८ | १५ | ४३ |
| १४. | ठकुरी | ६०९४ | ६१८३ | १२२७७ |
| १५. | सार्की | २७०४ | २७९८ | ५५०२ |
| १६. | तेली | १६७ | २४६ | ४१३ |
| १७. | चमार/हरिजन/राम | १५ | ११ | २६ |
| १८. | कोईरी | २७ | ६८ | ९५ |
| १९. | कुर्मी | ८ | ६ | १४ |
| २०. | धानुक | २५५० | २५५९ | ५१०९ |
| २१. | सन्यासी | १२ | १ | १३ |
| २२. | मुसहर | ६ | ६ | १२ |
| २३. | दुशध/पाशवान/पासी | - | १ | १ |
| २४. | शेर्पा | ११९ | १३६ | २५५ |
| २५. | सोनार | ४२८८ | ४४१४ | ८७०२ |
| २६. | केवट | १ | ६ | ७ |
| २७. | बाहुन (तराई) | ३९ | २८ | ६७ |
| २८. | बनिया | ६३ | ४६ | १०९ |
| २९. | घर्ती/भुजेल | ११३ | १०७ | २२० |
| ३०. | मल्लाह | ३ | ५ | ८ |
| ३१. | कलवार | २९ | २१ | ५० |
| ३२. | कुमाल | ८३ | ६६ | १४९ |
| ३३. | हजाम/ठाकुर | १०९ | १२७ | २३६ |
| ३४. | कानु | २ | ६ | ८ |
| ३५. | राजवंशी | ८ | १४ | २२ |
| ३६. | सुनुवार | ६ | २ | ८ |
| ३७. | सुढी | १९ | ८ | २७ |
| ३८. | लोहार | ५१ | ५४ | १०५ |
| ३९. | टट्मा | १ | २ | ३ |
| ४०. | खाटवे | ३ | - | ३ |
| ४१. | धोवी | १३ | १२ | २५ |
| ४२. | माझी | ६३ | ६२ | १२५ |
| ४३. | नुनिया | २ | - | २ |
| ४४. | कुमहार | ३ | ६ | ९ |
| ४५. | दनुवार | ३ | २ | ५ |
| ४६. | चेपाङ/प्रजा | १५ | ५ | २० |
| ४७. | हलुवाई | ४ | ८ | १२ |
| ४८. | राजपुत | १२ | ७ | १९ |

| क्र.सं. | जात-जातिको विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ४९. | कायस्थ | १८ | १५ | ३३ |
| ५०. | बढई | ९० | ९१ | १८१ |
| ५१. | मारवाडी | ३९ | ३९ | ७८ |
| ५२. | सन्थल/सत्तार | ५ | ८ | १३ |
| ५३. | झागड/ढागर | १ | - | १ |
| ५४. | कहार | ८१ | १०१ | १८२ |
| ५५. | राजमार | - | ३ | ३ |
| ५६. | थामी | ४ | ४ | ८ |
| ५७. | धिमाल | १२ | ८ | २० |
| ५८. | भोटे | ६ | ९ | १५ |
| ५९. | नुरङ्ग | २४१ | २१४ | ४५५ |
| ६०. | यख्खा | ३ | ५ | ८ |
| ६१. | दराई | ४ | २ | ६ |
| ६२. | थकाली | ५० | ५४ | १०४ |
| ६३. | बंगाली | ३ | १ | ४ |
| ६४. | बोटे | २४ | ३२ | ५६ |
| ६५. | गाइने | २३४ | २३२ | ४६६ |
| ६६. | चुरउटे | ४ | ३ | ७ |
| ६७. | बादी | ४२८ | ४५१ | ८७९ |
| ६८. | लेप्चा | १ | | १ |
| ६९. | राजी | ४१२ | ४०८ | ८२० |
| ७०. | राउटे | ३ | १ | ४ |
| ७१. | अज्ञात दलित | १९५९ | २००० | ३९५९ |
| ७२. | अज्ञात जाती | ४२५ | ४१० | ८३५ |
| | **जम्मा** | **१३३९४१** | **१३५९२९** | **२६९८७०** |

## मातृभाषा अनुसार जनसंख्याको विवरण (२०५८ को जनगणना अनुसार)

| क्र.सं. | मातृभाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | नेपाली | १२१५८६ | १२४०४० | २४५६२६ |
| २. | मैथिली | ३१० | ११४ | ४२४ |
| ३. | भोजपुरी | ३३ | २० | ५३ |
| ४. | थारु | २५३४ | २४८४ | ५०१८ |
| ५. | तामाङ | ६१ | ९ | ७० |
| ६. | नेवार | १४२ | ६५ | २०७ |
| ७. | मगर | ७७८२ | ७८२४ | १५६०६ |
| ८. | अवधि | १३ | १२ | २५ |
| ९. | वान्तावा | १३ | ११ | २४ |
| १०. | गुरुङ्ग | २२७ | १८८ | ४१५ |

| क्र.सं. | मातृभाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ११. | लिम्बु | ६ | ४ | १० |
| १२. | उर्दु | ८२ | ७३ | १५५ |
| १३. | सेर्पा | १० | ७ | १७ |
| १४. | हिन्दी | १६९ | १०० | २६९ |
| १५. | चेपाङ | - | ४ | ४ |
| १६. | दनुवार | १ | - | १ |
| १७. | बंग्ला | ४ | १ | ५ |
| १८. | मारवाडि | १० | ४ | १४ |
| १९. | माझी | ४५ | ४५ | ९० |
| २०. | थकाली | ६५ | ७० | १३५ |
| २१. | नेपाली साइन | ४ | ३ | ७ |
| २२. | राजी | २९३ | २९९ | ५९२ |
| २३. | चाइनिज | ६ | १ | ७ |
| २४. | अंग्रेजी | ७ | १० | १७ |
| २५. | राउने | २ | २ | ४ |
| २६. | अज्ञात भाषा | ५३६ | ५३९ | १०७५ |
| | **जम्मा** | **१३३९४१** | **१३५९२९** | **२६९८७०** |

## साक्षरता (२०५८ को जनगणना अनुसार)

| क्र.सं. | गा.वि.स. | प्रतिशत | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १. | आग्रिगाउँ | ५५.५ | ३४.१ | ४४.७ |
| २. | अवलचिङ्ग | | | |
| ३. | बाबियाचौर | ७१.३ | ३६.० | ५३.१ |
| ४. | बजेडिचौर | ६१.४ | ४६.९ | ५३.५ |
| ५. | बेतान | ८०.५ | ३५.० | ५७.७ |
| ६. | विद्यापुर | ७५.५ | ४६.७ | ६१.४ |
| ७. | बिजौरा | ६१.९ | २७.५ | ४४.० |
| ८. | वी.न.पा. | ८२.८ | ६१.६ | ७२.३ |
| ९. | छाप्रे | ४२.५ | १६.३ | २९.१ |
| १०. | छिन्चु | ६५.९ | ४८.६ | ५७.१ |
| ११. | दहचौर | ६९.४ | ४३.१ | ५६.२ |
| १२. | डाँडाखाली | | | |
| १३. | दशरथपुर | ५१.५ | ३४.८ | ४२.८ |
| १४. | धारापानी | ५३.२ | ३६.० | ४४.१ |
| १५. | गढी वयलकाँढा | ७८.३ | ५१.७ | ६४.७ |
| १६. | गर्पन | ६६.३ | ३७.८ | ५१.५ |
| १७. | घाटगाउँ | ५७.२ | २३.० | ३८.७ |

| क्र.सं. | गा.वि.स. | प्रतिशत | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १८. | घोरेटा | ५३.९ | ३१.८ | ४३.० |
| १९. | घुमखहरे | ६६.३ | ४४.६ | ५५.० |
| २०. | गुमी | ७५.४ | ५३.० | ६४.० |
| २१. | गुटु | ६७.१ | ३१.२ | ४८.२ |
| २२. | हरिहरपुर | ७५.१ | ४२.५ | ५८.७ |
| २३. | जर्बुटा | ६७.३ | ४०.१ | ५३.४ |
| २४. | काफलकोट | ५८.२ | ३७.९ | ४८.३ |
| २५. | कल्याण | ६४.८ | ४६.१ | ५५.५ |
| २६. | कप्रीचौर | ५२.४ | ४५.९ | ४९.४ |
| २७. | खानीखोला | ६९.१ | ३८.८ | ५४.३ |
| २८. | कुनाथरी | ६३.० | ४४.६ | ५३.६ |
| २९. | लगाम | ५५.४ | २३.९ | ३९.४ |
| ३०. | लाटीकोइली | ६९.० | ४५.७ | ५७.२ |
| ३१. | लेखफर्सा | ७८.७ | ५५.८ | ६७.० |
| ३२. | लेखगाउँ | ५०.४ | २६.० | ३८.४ |
| ३३. | लेखपराजुल | ५२.३ | ३७.९ | ४२.२ |
| ३४. | मैनतडा | ५४.० | ३४.७ | ४३.६ |
| ३५. | मालारानी | ६४.६ | ५२.५ | ५८.५ |
| ३६. | मटेला | | | |
| ३७. | मेहलकुना | ६९.० | ५०.० | ५९.० |
| ३८. | नेटा | ५२.० | २७.४ | ४०.० |
| ३९. | पाम्का | ५७.९ | ३४.२ | ४६.९ |
| ४०. | पोखरीकाँडा | ५६.६ | २४.६ | ४०.३ |
| ४१. | रजेना | ७०.५ | ३३.० | ५२.६ |
| ४२. | राकम | ५८.३ | ३४.४ | ४६.३ |
| ४३. | रामघाट | ७६.९ | ५३.३ | ६४.७ |
| ४४. | रानीवास | | | |
| ४५. | रतु | ७५.५ | ४९.६ | ६२.१ |
| ४६. | सहारे | ८०.० | ५२.४ | ६६.४ |
| ४७. | सालकोट | ४९.१ | २५.१ | ३६.५ |
| ४८. | साटाखानी | ६८.१ | ४३.० | ५५.१ |
| ४९. | तरङ्गा | ५९.७ | २९.१ | ४४.४ |
| ५०. | तातापानी | ४६.८ | १५.७ | ३०.० |
| ५१. | उत्तरगंगा | ६८.० | ५०.६ | ५८.९ |

## धर्म अनुसार जनसंख्याको विवरण (२०५८ को जनगण्ना अनुसार)

| क्र.सं. | धर्म | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १. | हिन्दू | १२२०९६ | १२४०२४ | २४६१२० |

| क.सं. | धर्म | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| २. | बौद्ध | १०१३५ | १०१७७ | २०३१२ |
| ३. | इस्लाम | ६१० | ५४७ | ११५७ |
| ४. | किराँत | १ | १ | २ |
| ५. | जैन | ० | १ | १ |
| ६. | क्रिश्चियन | ९७३ | १०४६ | २०१९ |
| ७. | सिख | ० | २ | २ |
| ८. | बहाइ | २ | २ | ४ |
| ९. | अन्य | १२४ | १२९ | २५३ |
| | **जम्मा** | **१३३९४१** | **१३५९२९** | **२६९८७०** |

## उमेर र लिङ्ग अनुसार जनसंख्याको विवरण (२०५८ को जनगण्ना अनुसार)

| क.सं. | उमेर (वर्षमा) | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १. | ०-४ | १८७९९ | १८२२० | ३७०१९ |
| २. | ५-९ | १९६८८ | १९०८२ | ३८७७० |
| ३. | १०-१४ | १८७८५ | १८३६० | ३७१४५ |
| ४. | १५-१९ | १४६७७ | १६११८ | ३०७९५ |
| ५. | २१-२४ | १२२०९ | १३८९३ | २६१०२ |
| ६. | २५-२९ | ९६१४ | १०६०८ | २०२२२ |
| ७. | ३०-३४ | ८४८८ | ८३९० | १६८७८ |
| ८. | ३५-३९ | ६८६२ | ७२०६ | १४०६८ |
| ९. | ४०-४४ | ५८१७ | ५८२५ | ११६४२ |
| १०. | ४५-४९ | ४८४४ | ४९३७ | ९७८१ |
| ११. | ५०-५४ | ४३४० | ४२०७ | ८५४७ |
| १२. | ५५-५९ | ३४८० | २९३८ | ६४१८ |
| १३. | ६०-६४ | २६०५ | २५२२ | ५१२७ |
| १४. | ६५-६९ | १७०२ | १५८८ | ३२९० |
| १५. | ७०-७४ | ११२१ | ९५४ | २०७५ |
| १६. | ७०+ | ९१० | १०८१ | १९९१ |
| | **जम्मा** | १३३९४१ | १३५९२९ | २६९८७० |

## सन्दर्भसूचि


१. अग्रासन, राष्ट्रिय मासिक (२०६४, वर्ष ४, अङ्क ६, पूर्णाङ्क १३), घोराही, दाङ्ग, अफसेट प्रेस ।

२. आचार्य, वर्तराज (२०४८), ***हाम्रो भाषा,*** काठमाडौं, चुनदेवी, महाराजगंज ।

३. ओझा, रामनाथ र मधुसुदन गिरी (२०५८), ***शोध सिर्जना र संस्कृत काव्य शास्त्र,*** काठामाडौं, न्यू हिरावुक्स, इन्टरप्राइजेज ।

४. खड्का, कृष्णबहादुर (२०५९), ***कक्षा ५ उत्तीर्ण थारु भाषी विद्यार्थीहरुले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटीहरुको विश्लेषण,*** सुर्खेत, एम.एड., शोधपत्र, शिक्षण विभाग

५. चौधरी, भुलाई (२०६१), ***थारु संस्कृति,*** भक्तपुर, सानोठिमी ।

६. ***डौना बेबरी*** (२०६१ र २०६२), थारु कल्याण कारिणी सभा, सुर्खेत, भेरी कम्प्यूटर एजुकेशन ।

७. ***डौना बेबरी*** (२०६५), थार विद्यार्थी समाज, सुर्खेत, नवदुर्गा अफसेट ।

८. ***थारु संस्कृति*** (२०६५), थारु कल्याण कारिणी सभा, काठमाडौं, पुरानो बानेश्वर ।

९. दहित, गोपाल (२०६२), ***थारु संस्कृति,*** ललितपुर, सानेपा ।

१०. दहित गोपाल (२०६१), ***थारु - नेपाली - अंग्रेजी शब्दकोष,*** बर्दिया, यूवा क्लव ।

११. 'पन्ना' चौधरी, मानबहादुर (२०५७), ***सुर्खेत थारु भाषक "कविता ओ मुक्तक संग्रह",*** सुर्खेत, श्वेता अफसेट ।

१२. 'पन्ना' चौधरी, मानबहादुर (२०६१), ***किसानके जिन्दगी,*** सुर्खेत, नवदुर्गा अफसेट ।

१३. बन्धु, चुँडामणि (२०४८), ***भाषा विज्ञान,*** काठमाडौं, साझा प्रकाशन ।

१४. ***बी.न.न.पा. स्मारिका*** (२०५९), सुर्खेत, वी.न.न.पा. ।

१५. बि.सी., शिवनारायण (२०५०), कीर्तिपुर, पि.एच.डि. शोधपत्र, समाजशास्त्र विभाग ।

१६. ***सुर्खेत स्मारिका*** (२०५८), सुर्खेत, जि.वि.स. ।


### श्रोत संस्था तथा व्यक्तिहरु

१. श्री जि.वि.स., सुर्खेत ।

२. श्री वी.न.पा., सुर्खेत ।

३. श्री तथ्याङ्क कार्यालय, सुर्खेत ।

४. श्री थारु कल्याण कारिणी सभा, सुर्खेत ।

५. श्री थारु विद्यार्थी समाज, सुर्खेत ।

६. श्री मानबहादुर चौधरी 'पन्ना'

७. श्री राजु चौधरी

८. श्री मानबहादुर चौधरी

९. श्री मानवीर थार

१०. श्री बुद्धिराम चौधरी

११. श्री फूलकुमारी चौधरी

१२. श्री थानेश्वर लामिछाने

१३. श्री भक्तिराम गौतम

१४. श्री भानुभक्त भारती

१५. श्री कृष्णबहादुर खड्का

१६. श्री चिन्तामणि शर्मा

१७. श्री शिवनारायण वि.सी.

१८. श्री ध्रुव देवकोटा

१९. श्री मोहनप्रसाद पौडेल

# थारू भषाको भाषिक अध्ययनका क्रममा सम्बन्धित क्षेत्रमा जाँदा भेटिएका थारू संस्कृतिका केही झलकहरू

छोक्रा नाँच (बारैमास नाँचिने)

लाटिकोइली गा.वि.स.मा भएको सांस्कृतिक कार्यक्रमको झलक

मघौटा नाँच (माघीको अवसरमा नाँचिने नाँच)